# सामाजिक परीक्षण प्रतिवेदन



**जहदा गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**मझारे, मोरङ्**

**कोशी प्रदेश, नेपाल**

## आ. व. ०८१/०८२

# जहदा गाउँपालिकाको सामाजिक परिक्षण प्रतिवेदन

# Social Audit Report of Jahada Rural Municipality

**परामर्शदाता:**

**श्री पकली टेक्नोलोजी इन्स्टिच्युट प्रा.लि.**

**इटहरी, सुनसरी**


जहदा गा.पा.को नक्सा
N
कटहरी गा.पा.
धनपालथान गा.पा.
विराटनगर म.न.पा.
भारत
भारत

## विषय-सूचि


| | |
|---|---|
| परिच्छेद- एक | १ |
| १. कार्यक्रमको पृष्ठभुमि, परिचय | १ |
| १.१ कार्यक्रमको उद्देश्य | २ |
| १.२ सामाजिक परीक्षण अध्ययनका विधिहरू | २ |
| परिच्छेद- दुई | १ |
| २. जहदा गाउँपालिकाको परिचय | ६ |
| २.१ गाउँपालिकाको भौगोलिक स्थितिः | ७ |
| श्रोतः–स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र | ९ |
| २.३ गाउँपालिकाको भौतिक पूर्वाधारको अवस्था | ९ |
| २.४ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्थाः | १० |
| परिच्छेद- तीन | १ |
| स्थानीय तह सञ्चालनसम्बन्धी विद्यमान व्यवस्था | १२ |
| ३. स्थानीय तह सञ्चालन र यसको अधिकार: | १२ |
| ३.१ स्थानीय तहको संरचना | १२ |
| ३.२ स्थानीय तहको काम कर्तव्य र अधिकार | १३ |
| परिच्छेद - चार | १९ |
| स्थलगत अध्ययन तथा अवलोकन | १९ |
| ४. स्थलगत अध्ययन तथा अवलोकन | १९ |
| ४.२ गाउँपालिकाका गत आर्थिक वर्ष (०८१।०८२)का मुख्य मुख्य उपलब्धिहरू : | २६ |
| ४.३ गाउँपालिकाका यस वर्षका मुख्य मुख्य उपलब्धिहरू : | ३० |
| ४.४ सामाजिक जिम्मेवारी कार्य सम्पादनको लेखा जोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूवाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन। | ३२ |

४.५ गाउँपालिकाले उक्त कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू ५०

*४.७ शाखागत रूपमा गत आ.ब. का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू* ५३

४.७.२.३ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण ६५

*४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा :* ९४

४.९.१ प्रशासन शाखा ९४

४.९.२ आर्थिक प्रशासन शाखा ९४

४.९.३ प्राविधिक शाखा ९४

४.९.४ महिला, बालबालिका तथा न्यायिक शाखा ९५

४.९.५ योजना शाखा ९५

४.९.६ सूचना प्रविधि शाखा ९५

*४.१० जहदा गाउँपालिकामा सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू* ९५

*४.११ सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू* ९७

४.१३ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा ९८

४.१४ सेवा प्रवाह , कार्यसम्पादन र सुशासन सम्बन्धमा ९९

*४.१५ सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरू वा सुझावहरू* १००

४.१५.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा १००

४.१५.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्वन्धमा १००

४.१५.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा १०१

४.१५.४ अन्य विविध सम्बन्धमा १०२

*४.१६ गाउँपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू* १०२

*परिच्छेद- पाँच*

*५. कार्यक्रमको निष्कर्ष तथा सुझाव* १०५

*५.२ प्राप्त कार्यक्रमबाट दिएका सुझावहरू*

१०७

# परिच्छेद - एक

## कार्यक्रमको पृष्ठभुमि, परिचय

### १. कार्यक्रमको पृष्ठभुमि, परिचय

नेपालको संविधान २०७२ ले सङ्घीय संरचनाअनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने र नेपालको राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानूनबमोजिम हुने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आफ्ना अधिकार क्षेत्रमा नीति कानून मापदण्ड कार्यान्वयन र नियमन गर्ने अधिकार दिएको छ । सिद्धान्त : स्थानीय सरकार जनताको घर दैलोको सरकार हो, स्थानीय जनतासँग निकट सम्वन्ध तथा सम्पर्क भएको सरकार, स्थानीय सरकार हो। अधिकार र जिम्मेवारीले सम्पन्न स्थानीय सरकारको संस्थागत विकास र अनुशासन अनिवार्य पक्ष हुन जान्छ । सुशासनका विभिन्न आयामहरूमध्ये सरकार पक्षको जनताप्रतिको जवाफदेहिता पनि एक हो। जवाफदेहिताका विभिन्न संयन्त्रमध्ये सामाजिक परिक्षण पनि एक महत्वपूर्ण सूचक हो। गाउँपालिकाको आर्थिक वर्ष समाप्त भएपछि सोको सामाजिक लेखाजोखा गर्ने प्रावधान भएकोले स्थानीय तहहरू जिल्ला समन्वय समिति, गाउँपालिका र गाउँपालिकाहरूले आर्थिक वर्ष समाप्त भएपछि वर्ष भरीका कामहरूको सामाजिक लेखाजोखा गर्न सामाजिक परीक्षण गर्ने कार्य गर्नुपर्दछ।

नेपाल सरकारले स्थानीय तहलाई दिने अनुदान लक्षित समुदायहरूको समग्र विकासको लागि केन्द्रित गर्न विशेष जोड दिदै आएको छ। यसको लागि विशेष बजेटको समेत व्यवस्था गरेको छ। स्थानीय तहको अनुदान रकममा पनि विगतका वर्षहरूमा क्रमश वृद्धि हुँदै गइरहेको वर्तमान अवस्थामा यसले स्थानीय तहलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासँग प्रत्यक्ष नजिक रहेर सेवा प्रवाह गर्ने संस्था स्थानीय तह भएकोले स्थानीय तहसँग जनताका इच्छा आकांक्षाहरू बढ्नु स्वाभाविक हो । स्थानीय तह तथा स्थानीयसेवा प्रदायकको काम कारवाहीमा पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र सुशासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरू अवलम्बन गर्दै आएको छ स्थानीय स्तरमा भए गरिएका काम कारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व वहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधिहरूमध्ये सामाजिक परीक्षण पनि एक हो।

सामाजिक परीक्षणलाई स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गर्ने कार्य भनिएको छ। यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय तहको सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय तहको न्यूनतम शर्त तथा कार्यसम्पादन मापनका सूचकमा

सामाजिक परीक्षणलाई एउटा सूचकको रूपमा राखिएको छ। यसले गर्दा पनि स्थानीय तहहरू आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिकभित्र सामाजिक परीक्षण गर्नु गराउनु अनिवार्य शर्त जस्तै बनेको छ।
सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढङ्गबाट अध्ययनपश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको थियो। छलफलमा उठेका सवाल जवाफलाई समेत समेटी सामाजिक परीक्षकले अन्तिम प्रतिवेदन तयार पारिएको छ। यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसङ्ख्या समिति र परिषदमा पेश गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण महत्वपूर्ण भएकोले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्छ। यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निष्कर्षहरूले समेत सघाउने विश्वास लिइएको छ।

## १.१ कार्यक्रमको उद्देश्य

एक आर्थिक वर्षमा गाउँपालिकाको समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो। सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारीअनुसार सञ्चालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गरी प्रतिवेदन तयार गरिएको छ। जसअन्तर्गत यस कार्यक्रमका उद्देश्य निम्नानुसार रहेका छन् **:**

- जहदा गाउँपालिकाको एक आर्थिक वर्षमा (गत आ.ब. २०८१/०८२) समग्र सामाजिक उत्तरदायित्व परीक्षण (लेखाजोखा) गर्नुका साथै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, गाउँपालिकाको नीति, योजना र सोअनुसार सञ्चालित कार्यक्रम, सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा गर्नु,
- गाउँपालिकाको आगामी कार्यदिशा वा कार्यक्रमहरूको पहिचानका लागि सहज बनाउनु।

## १.२ सामाजिक परीक्षण अध्ययनका विधिहरू

सामाजिक परिक्षण गर्दा अनुसन्धानात्मक ढङगबाट देहायबमोजिमका विधि तथा क्रियाकलापहरूको प्रयोगद्वारा सञ्चालन गरिएको थियो।

### क. सन्दर्भ सामग्री समीक्षा र अध्ययन :

- स्थानीय तहसम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

- ➢ स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य
- ➢ आवधिक तथा वार्षिक योजना विषयगत शाखाहरूको समेत
- ➢ सामाजिक उपलब्धि, कार्य सम्पादन परिणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना
- ➢ वार्षिक नीति र कार्यक्रम
- ➢ गाउँपालिकाको प्रोफाइल
- ➢ वार्षिक प्रतिवेदनहरू तथा नागरिक वडापत्र
- ➢ गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) २०८०
- ➢ सामाजिक परिक्षण कार्यविधि अनुसूची २ र ३ फारम
- ➢ स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

### ख. अन्तर्वार्ता र समूह छलफल :

गाउँपालिकाका पदाधिकारीहरू, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत प्रमुखहरू तथा सम्पूर्ण वडा कार्यालयका प्रमुख तथा प्रतिनिधिहरूसँग, अर्धसंरचित अन्तर्वार्ता गरिएको थियो। अन्तर्वार्ताबाट समेत आउन नसकेका विषयहरूका लागि कर्मचारीहरूसँग छुट्टा छुट्टै छलफल गरिएको थियो तिनै कुराहरूलाई आधार मानी प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्य, दिशाका लागि गहन अध्ययन गरी बुँदागत रूपमा प्रतिवेदन तयार गरिएको छ।

### ग. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :

देहायअनुसारको शीर्षकमा केन्द्रीकृत रही छलफल पश्चात प्रतिवेदन तयार गरिएको छ ।

- ➢ सामाजिक परीक्षणका निष्कर्षहरू
- ➢ सामाजिक परीक्षणले औँल्याएका सवालहरू
- ➢ सवालको प्राथमिकीकरण
- ➢ यी सवालहरूलाई सम्बोधन गर्ने प्रतिवद्धता समय सीमासहित
- ➢ सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु
- ➢ सुझावहरू

### घ. प्रतिवेदन तयारी :

छलफलमा उठेको सुझाव तथा निर्णयहरू र कार्य योजनासहित प्रतिवदेन तयार गरिएको छ। विषयगत शाखाहरू र गाउँपालिकाको वार्षिक योजनामा समावेश भएका कुराहरूलाई समेटी यो प्रतिवेदन समावेस गरिएको छ ।

## १.३ सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन र प्रस्तुतिको तयारी :

मिति २०८२।०९। .......... गते यस गाउँपालिकाको सभाहलमा जहदा गाउँपालिकाको कार्यालय, सरोकारवाला व्यक्तिहरू र सामाजिक परिक्षण निर्देशिकाको अनुसूची २ र ३ अनुसारको सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । सो प्रतिवेदन प्रस्तुतिको क्रममा कार्यक्रममा उपस्थित गाउँपालिकाका पदाधिकारीहरू कर्मचारीहरू, सरोकारवालाहरूसँग अन्तरक्रियाका लागि आह्वान गरिएको थियो। उनिहरूको प्राप्त सुझावहरूलाई आधारमानि अन्तिम प्रतिवेदन तयार पारिएको छ।

## १.४ प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम सञ्चालन विधि

निर्देशिकाले तोकेबमोजिम सामाजिक परीक्षणको क्रममा अनुसूची २ र ३ बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो। कार्यक्रममा प्रारम्भिक प्रतिवेदन प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूले उक्त प्रतिवेदन माथि छलफलको माध्यमबाट मौखिक तथा लिखित रूपमा प्रतिक्रिया तथा सुझाव दिएका र उक्त सुझावहरू सङ्कलन गरिको थियो।

- गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव,
- गाउँपालिकाले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति,
- गाउँपालिकाले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू,
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वसनीयता
- गाउँपालिकाले महिला, बालबालिका, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता,
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर दस्तुर सेवा दिन लगाएको समय र व्यय सम्पादनको स्तर,
- सामाजिक उत्तरदायित्व पूरा गर्न गाउँपालिकाको वर्तमान कार्य शैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू।

सहभागीले राखेका जिज्ञासा तथा विचारमा थप स्पष्ट पार्ने प्रयास गरिएको थियो । साथै सामाजिक परीक्षण कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सार सङ्क्षेप तयार पारिनुका साथै कार्यक्रममा उठेका विषयवस्तुको टिपोट गरिएको थियो।

## १.५ सामाजिक परीक्षण आचारसंहिता

सामाजिक परीक्षण प्रतिवदेन कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले निम्नअनुसारका आचारसंहिता पालना गर्नुपर्ने कुराहरूको अवगत गराई प्रतिवदेन प्रस्तुत गरिएको थियो।

- विषयवस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।

- तथ्य र सूचनाको आधारमा रहि विचार राख्ने।
- नीजि र व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवाद नगर्ने, प्राप्त प्रतिक्रिया, सुझाव र टिप्पणीलाई सकारात्मक रूपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरूले आफ्नो कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एकपटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

# परिच्छेद - दुई
# जहदा गाउँपालिकाको परिचय

## २. जहदा गाउँपालिकाको परिचय

जहदा गाउँपालिका नेपालको कोशी प्रदेशअन्तर्गत मोरङ जिल्लामा पर्दछ। ६२.३८ वर्ग कि. मि. क्षेत्रफल रहेको यस गाउँपालिकाको पूर्वमा धनपालथान गाउँपालिका र भारत, पश्चिममा बिराटनगर महानगरपालिका, उत्तरमा कटहरी गाउँपालिका र दक्षिणतर्फ भारतसँग सिमाना जोडिएको छ यस गाउँपालिकालाई मिति २०७३ सालमा भाथिगछ, मझारे, जहदा, बुधनगर, माहादेवकाल, पोखरिया मिलाएर संयुक्त रूपमा जहदा गाउँपालिकाको समावेश गरी हाल जहदा गाउँपालिका बनेको हो। यस गाउँपालिकामा जम्मा ७ वटा वडाहरू रहेका छन्।

राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल घरसङ्ख्या ९१३२ र जनसङ्ख्या ४५००१ रहेको छ। जसमा महिलाको जनसङ्ख्या २१९५३ र पुरूषको जनसङ्ख्या २३०४८ रहेको छ। यस क्षेत्रमा मैथिली भाषा १६३५१ जना, आङ्गिका ११२४ जना, सन्थाल ६०९९ जना र राजवंशी ४२९६ जनाले बोल्ने गरेको पाइन्छ। यस गाउँपालिकाको पारिवारिक आम्दानीमा मुख्यतः कृषि, बेमौसमी तरकारी खेती र पशुपालन व्यवसायको सबैभन्दा ठुलो हिस्सा रहेको छ। यसबाहेक आम्दानीको अन्य श्रोतहरूमा ज्यालादारी, वैदेशिक रोजगारी, नोकरी तथा व्यापार, उद्योग व्यावसाय रहेका छन्। परम्परागत प्रणालीमा कृषि व्यावसायको विकल्प खोजिरहेका यस गाउँपालिकाका बासिन्दा क्रमशः आधुनिक जीवनशैलीमा समेत अभ्यस्त हुदै गइरहेका छन्।
यस गाउँपालिकाको नामाकरण मोरङ बुधनगरका केही भाग, शिशवनी, जहदा, मझारे, पोखरिया र भाथिगछ गाविसहरूलाई मिलाएर जहदा गाउँपालिका बनाइएको हो। यसअघि रहेको शिशवनी जहदा गाउँविकास समितिको नामबाट जहदा राखिएको हो। यसको ऐतिहासिक पृष्ठभूमि खोजी गर्दा यो क्षेत्र प्राचीन प्राज्ञज्योतिष राज्यभित्र पर्दथ्यो। पछि गएर यसबाट मत्स्यदेश अलग हुँदा जहदा भेग मत्स्यदेशमा पर्न पुग्यो। वि.सं. २०१८ सालमा नेपाललाई १८ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै जहदा गाउँपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको दक्षिणी अर्थात सिमावर्ती भागका रूपमा रहन पुग्यो। जसलाई नेपालको संविधान २०७२ ले अङ्गिकार गरी संघीय गणतन्त्र नेपालको राज्य पुनर्सरचनाअनुसार पाँचवटा गाउँविकास समितिलाई समेटेर जहदा गाउँपालिका बनेको हो।

यसको सम्बन्ध द्वापर युगका विराटराजाको दरवारसँग पनि जोडिएको छ भनिन्छ, पाँच पाण्डवहरू वनवासपछि गुप्तवास बस्नका लागि विराटराजाको दरवारमा विभिन्न रूप धारण गरी बसेका थिए। त्यही विराटराजाको दरवार क्षेत्र रहेको साविक बुधनगर गाविस विभाजित भइ केही भाग जहदा गाउँपालिका र विराटराजाको दरवारको भग्नावशेष रहेको भेडियारी हाल विराटनगर महानगरपालिकामा परेको छ।

## २.१ गाउँपालिकाको भौगोलिक स्थितिः

संघीय गणतन्त्र नेपालको कोशी प्रदेशमा अवस्थित मोरङ जिल्लाको आर्थिक, सामाजिक, राजनैतिक, सांस्कृतिक एवं पूर्वाधार विकासको दृष्टिकोणबाट अरू पालिकाभन्दा केही भिन्न रूपमा यो पालिका रहेको छ। जहदा गाउँपालिका मोरङ जिल्लाको सदरमुकाम विराटनगरबाट ७.५ किलोमिटरको दुरीमा यस गाउँपालिकाको कार्यालय रहेको छ। बिराटनगरबाट हुलाकी राजमार्ग गएर कटहरी बजारबाट दक्षिण पूर्व करिव ६ किलोमिटर दुरीमा जहदा गाउँपालिकाको मझारे बजार रहेको छ साविक मझारे बजारमा रहेको प्रशासकिय भवन हाल बजारबाट ५०० मिटर अगाडि रहेको छ।

मोरङ्को जहदा गाउँपालिकाको जनघनत्व मोरङ जिल्लाको जनघनत्व भन्दा बढी छ। अर्थात मोरङ जिल्लाको जनघनत्व ५२० जना प्रति वर्ग किलोमिटर रहेको छ भने यस गाउँपालिकाको जनघनत्व ६७३ जना प्रति वर्ग किलोमिटर रहेको छ। यो गाउँपालिका विराटनगर र कटहरीको बीचमा पर्दछ। यस गाउँपालिकाभित्र मझारेको लक्ष्मीनिया बजार ग्रामीण बजारका रूपमा अवस्थित छ। पूर्वपश्चिम हुलाकी राजमार्गभन्दा जहदा गाउँपालिका दक्षिणमा पर्दछ यस गाउँपालिकाभित्र हरेक वर्ष जिर्ण सडकको मर्मत संभार तथा स्तरोन्नति गर्नुका साथै केही सडक कालोपत्रे भईरहेका छन्। तसर्थ, यस गाउँपालिकाको मुख्य सम्भावना र अवसर भनेको कृषि उत्पादन, बेमौसमी तरकारी खेती, साना घरेलु उद्योग र पशुजन्य व्यापार व्यवसाय नै हो। कृषि र अन्य प्रकारका बजारको संभावना नजिकैको विराटनगर महानगरपालिका रहेकोले कृषिपशु पेशामा संलग्न मानिसहरूको जिवनस्तर वृद्धि गर्ने प्रबल संभावना रहेको छ।

हाल, भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमूलक बनाउन सकेको खण्डमा यहाँका मानिसहरूको जीवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन। हाल बजारमा बढ्दो विषादीयुक्त तरकारीले मानिसहरूको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेको छ। मानिसहरू अलिकति बढी मूल्य तिरेर भएपनि अर्ग्यानिक मलद्वारा उत्पादित खाद्य वस्तु (तरकारी) को खोजीमा छन्, जसका लागि भरपर्दो अर्ग्यानिक वस्तु उत्पादक कृषक समूह वा संस्थाहरू यसमा लाग्नु जरूरी देखिन्छ। नजिकै रहेको विराटनगर यहाँका उत्पादनहरू खपत हुने प्रमुख क्षेत्र हो। त्यसैले विराटनगरलाई लक्षित गरेर कृषि र अन्य वस्तु उत्पादन गर्दा यस गाउँपालिकाका जनताको समृद्धिका लागि प्रशस्त संभावनाहरू पहिल्याउन सक्ने अवस्था विद्यमान छ।

यो गाउँपालिकामा घरेलु तथा साना उद्योगहरूको सम्भावना पनि उत्तिकै प्रशस्त रहेको छ। घरेलु उद्योगबाट सानो लगानीमा सामग्रीहरू उत्पादन गरेमा बिक्रीका लागि बजारको कुनै अभाव हुँदैन। स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सन्दर्भमा गुणस्तरयुक्त वस्तुहरूले राम्रैगरी बजार पाउँछन्। यहाँका मानिसहरू सनपाटको डोरी, चट्टी, मुढा र झल्ला बनाउने सीप राख्दछन्। बजार पनि नजिकमा पर्ने हुनाले

यस स्थानमा यस्ता उद्योगहरू फस्टाउने देखिन्छ । साथै यहाँका पुराना पोखरीहरूको जीर्णोद्धार गरी माछा पाल्ने गरेमा गाउँको आम्दानीमा बृद्धि हुने कुरा निर्विवाद छ ।

मोरङको जहदा गाउँपालिका व्यापार व्यवसायका साथसाथै पशुपालनमा पनि उत्तिकै सम्भावना भोकेको क्षेत्र हो । अहिले पनि प्रायः सबै घरमा पशुपालन गरिन्छ । हरेक घरमा सरदर तीनवटा पशु रहेको आँकलन गरिएको छ । तर पशुपालन व्यावसायिक उद्देश्यले केही मात्रामा र दैनिक निजी प्रयोगमा चाही बढी मात्रामा गरेको पाइन्छ । यसका साथै यस पालिकामा खाली जमिनहरूमा वृक्षारोपण गरी पार्कहरूको विकास गरेको खण्डमा यस भेगको सुन्दरतामा बृद्धि हुन गई आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षण गर्न सकिने संभावना रहेको छ । आधुनिक तथा वैज्ञानिक ढङ्गले पशुपालन गरी पशुजन्य वस्तु उत्पादन गरी पालिकालाईनै आत्मनिर्भर बनाउन सकिने सम्भावना पनि उत्तिकै रहेको छ । आउँदा दिनमा व्यवसायिसँग साझेदारी गरी पालिकाले बजेटको व्यवस्था गर्ने र कृषि र पशुपालनको आम्दानीबाट विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने संभावना रहेको छ ।

यस गाउँपालिकामा जातीय जनसख्ङ्याको संरचनालाई हेर्दा विशेष गरी मुख्य जातिहरूमा थारू, राजवंशी, मुस्लिम लगायत तराई क्षेत्रमा बसोबास गर्ने ६० भन्दा बढी जातजातिका मानिसहरूको बसोबोस रहेको छ । मातृ भाषाका आधारमा यस गाउँपालिकाको जनसङ्ख्याको विवरणलाई हेर्दा यहाँका अधिकाँस मानिसहरूले मैथिली भाषा बोल्ने गरेको पाइन्छ । त्यस्तै अन्य भाषीहरूमा आंगिका, सन्थाल, राजवंशी, नेपाली, थारू, मुसहर, हिन्दी आदि विभिन्न भाषा र समुदायका मानिसहरूको बसोबास रहेको पाइन्छ । यो गाउँपालिका तराईको समथर भूभाग मिलेर बनेको छ । यो गाउँपालिका सामाजिक, सांस्कृतिक, भाषिक र जातिगत हिसाबले धनी गाउँपालिका हो । यो गाउँपालिकाको क्षेत्रफल ६२.३८ वर्ग कि.मि. रहेको र कुल क्षेत्रफलको ४७.९४ प्रतिशत भू-भाग कृषियोग्य रहेको छ भने ८५ प्रतिशत भू-भाग कृषि क्षेत्र रहेको छ । त्यस्तै अन्य क्षेत्रहरामा आवास क्षेत्र, पोखरी, खोलानालाले ढाकेको पाइन्छ । यहाँ बसोबास गर्ने अधिकांश मानिसहरू अहिले पनि कृषिमा आधारित छन् तर कृषिको आधुनिकीकरण र  कृषि बजारको उचित व्यवस्थापन भने नभएको गाउँपालिकाभित्र यो पालिका पर्दछ । यस गाउँपालिकामा सिंघिया,जुडी र लोहोन्द्रा मुख्य नदि (खोला) का रूपमा रहेका छन् ।

## २.२ स्थानीय तहको गठन

नेपालको संविधान २०७२ जारीपश्चात् वि.स. २०७४ सालमा जहदा गाउँपालिकाको निर्माण भएको हो । साविकको ६ वटा गाविसमध्ये साविकका बुधनगर गा.वि.स.का वडाहरू २, ६, ७, ८ र ९ मिलाएर हालको वडा नम्बर १, साविकका भाथिगछ गा.वि.स.का ५, ६, ८, र ९ मिलाएर हालको वडा नम्बर २, त्यस्तै साविकका भाथिगछ गा.वि.स.का १, २, ३, ४ र ७ वडा नम्बर मिलाएर हालको वडा न. ३, साविकका शिशवनी  जहदा गा.वि.स.का १ देखि ८ नम्बर मिलाएर हालको वडा न. ४, साविकका मझारे गा.वि.स.का १ देखि ५  र शिशवनी

जहदाको ९ नम्बर मिलाएर हालको वडा न. ५ त्यस्तै गरी साविकका पोखरिया गा.वि.स.का सबै वडाहरू मिलाएर हालको वडा न. ६ तथा साविकका मझारे गा.वि.स.का ६, ७, ८ र ९ नम्बर वडा मिलाएर हालको वडा न. ७ रहेको पाइन्छ। यसरी मिलाएर सोही गाउँपालिकाको मझारे बजारलाई केन्द्र बनाएर लक्ष्मिनिया चोकदेखि ५०० मिटर अगाडि वडा नं. ५ लक्ष्मिनिया बजारदेखी ५०० मि. अगाडि यसै वर्षदेखी गाउँपालिकाको नयाँ प्रशासकिय भवनको कार्यालयबाट नागरिकको सेवा सञ्चालन सुरू गरिएको छ।

**साविकका गा.वि.स. लाई तलको तालिकामा देखाईएको छ।**

| वडा. नं | समावेस भएका गा.वि. स | साविक वडा नं | कैफियत |
|---|---|---|---|
| १ | बुधनगर | २, ६, ७, ८ र ९ | |
| २ | भाथिगछ | ५, ६, ८, र ९ | |
| ३ | भाथिगछ | १, २, ३, ४ र ७ | |
| ४ | शिशवनी | १ र ८ | |
| ५ | मझारे, शिसवनी | १,२,३,४,५ र ९ | |
| ६ | पोखरिया | सबै | |
| ७ | मझारे | ६, ७, ८ र ९ | |

श्रोतः–स्थानीय तहको सीमा निर्धारण आयोगको प्रतिवेदन र नेपाल राजपत्र

## २.३ गाउँपालिकाको भौतिक पूर्वाधारको अवस्था

समग्र गाउँपालिकाको विकासको विद्यमान स्थितिको चित्रण गर्ने, गाउँ विकासका सरोकारवाला तथा साझेदार (सरकारी, निजी, गैरसरकारी र नागरिक) निकायबीच समन्वय, सहकार्य तथा साझेदारी विकास गर्ने, स्थानीय तथा बाह्य श्रोत साधनको पहिचान तथा परिचालन गर्ने, गाउँपालिका विकासका आवश्यकता र सम्भावनाहरूका आधारमा गाउँपालिकाको रणनीति तथा वार्षिक योजना तर्जुमा गर्ने, स्वीकृत कार्यक्रम तथा आयोजनाको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तथा गराउने, आयोजना तथा कार्यक्रमको नतिजामूलक ढङ्गले अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यहरूमा पालिका प्रमुखको (गाउँपालिका अध्यक्ष) दायित्व रहेको छ। गाउँपालिकाभित्रका चोक तथा साना बजारमा बस्ती विकास भइरहेको भए तापनि बस्ती विकास योजना तयार नभएको तथा हाल विकास भइरहेका स्थानिय बजार क्षेत्रहरूमा समेत ढल निकासको लागि कतै कतै काम भइरहेपनि राम्रोसँग व्यवस्था हुन सकेको देखिँदैन, स्वच्छ खानेपानी आपूर्तिको सवाल पनि यस गाउँपालिकामा उतिकै बढी महत्वपूर्ण देखिन्छ। खानेपानी सेवाबाट विमुख समुदायमा यथाशक्य छिटो खानेपानी व्यवस्था गरी गाउँपालिकाभित्रका सबै घरधुरीमा नियमित रूपमा स्वच्छ, सफा र पर्याप्त खानेपानी आपूर्तिको सुनिश्चित गर्नु वर्तमानको आवश्यकता रहेको छ। गाउँपालिकाका ७ वटा वडा कार्यालयहरूमध्ये केही वडा कार्यालयहरू हालसम्मपनि भाडामानै बस्नुपरेको अवस्था रहेको छ भने केही गाउँपालिकाका कार्यालयहरू जिर्ण रहेका छन्, जसलाई स्तरोन्नति तथा पुनर्निमाण

गर्नु पालिकाका लागि उत्तिकै चुनौतिको रुपमा रहेको देखिन्छ। गाउँपालिकाको नयाँ प्रशासकीय भवन तथा १५ शैयाको गाउँ अस्पतालको भवन निर्माणाधिन अवस्थामा रहे पनि जेन्जि आन्दोलनको क्रममा साविकको प्रशसकीय भवनमा क्षति भएकोले नयाँ (निर्माणाधिन) कार्यालयको भवनबाट जनतालाई सेवा सुविधा दिन सुरू गर्न थालिएको छ । त्यस्तै केही वडाकार्यालयलाई समेत जेन्जि आन्दोलनले क्षति गरेको हुनाले कार्यालयको पुनर्निर्माण गरी तथा मर्मत संम्भार गरी नागरिकलाई सेवा प्रवाह दिँदै आएको देखियो। त्यस्तै बालविकास केन्द्र, सामूदायिक विद्यालयहरू, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, नागरिक आरोग्य केन्द्र, वर्थिङ् सेन्टर, कृषि बजार, प्रहरी चौकी तथा खोपकेन्द्रहरूले पालिका बासिलाई सेवा दिइरहेको भएपनि यस्ता केही कार्यालयहरू मर्मत गर्ने तथा जिर्ण रहेका संरचनाहरूलाई पुनर्निर्माण गर्नुपर्ने दायित्व पालिकाको रहेको छ। त्यस्तै साना तिना बजार र हाल स्तरोन्नति हुँदै गएका सडक पूर्वाधारले यो गाउँपालिकामा व्यापार, उद्योग धन्दा, कलकारखानाको राम्रो सम्भावना रहेता पनि हालसम्म यस क्षेत्रमा उद्योग व्यवसाय नरहेकोले पालिकाले संघिय सरकार तथा प्रदेश सरकारसँगको समन्वयमा साना तथा मझौला व्यवसायहरू जस्तै दाल, चामल, म.म., साबुन, बेकरी, बिष्कुट, ईटा, टायल, कोल्ड स्टोर, साना तथा मझौला राइस मिलहरू, फर्निचर/ स-मिल, दुधको उद्योग, बाख्रा, बङ्गुर र कुखरा फर्म, कृषि फर्म लगायतका उद्योग तथा कलकारखानाहरू सञ्चालनमा युवाहरूलाई प्रोत्साहन गरी अनुदान सहयोगमा सञ्चालन गर्न पालिकाले योजना बनाएर कार्य गर्नुपर्ने देखिन्छ । समग्रमा जहदा गाउँपालिकाको चिनारी भन्नु पर्दा तराईको समथर क्षेत्रमा हुने कृषि पेशा तथा ऐतिहासिक र धार्मिक स्थलहरूलाई नै महत्व दिनु पर्ने देखिन्छ।

## २.४ गाउँपालिकाको आर्थिक तथा सामाजिक अवस्थाः

सामाजिक तथा आर्थीक अवस्थाको विश्लेषण गर्दा विभिन्न जातजातिको बाक्लो बसोबास रहेको यस पालिकामा २ वटा विद्यालयमा +२ सम्मको अध्ययन तथा प्राविधिक धारको पठनपाठनका लागि शैलजा आचार्य पोलिटेक्निक इन्स्टिच्युट प्रा.लि. लाई प्रत्येक वर्ष गाउँपालिकाले आफ्नो पालिका भित्रका विद्यार्थीका लागि वार्षिक १५,००००० /- लाख रूपयाँ सम्म अथवा प्रति विद्यार्थि १,१२,०००/- सम्म अनुदान दिँदै आएको देखियो । यसै गरी बालविकास केन्द्र, सामूदायिक विद्यालयहरू, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्र, नागरिक आरोग्य केन्द्र, वर्थिङ् सेन्टर, कृषि बजार, प्रहरी चौकी तथा खोपकेन्द्रहरूले पालिका बासिलाई सेवा दिइरहेको देखियो। त्यस्तै पालिका बासीलाई स्वास्थ्य सुविधा उपलब्ध गराउनका लागि पालिकको प्रशासकीय कार्यालयको नजिकै सुविधा सम्पन्न १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको पाईयो । गाउँपालिकाको कार्यालयको काममा सहजता ल्याउन गाउँपालिकाले सूचना अधिकारी तथा गूनासो सुन्ने अधिकारीको व्यवस्था गरेको देखियो भने जेन्जी आन्दोलनका क्रममा पालिकाले सेवा दिँदै आएको प्रशासकीय भवन क्षतिग्रस्त भएपछि पालिकाले नयाँ प्रशासकीय भवनबाट सेवा दिन शुरू गरेकोले गाउँपालिकाले नागरिक

वडापत्र तुरून्त राख्ने जानकारी गरायो । समय समयमा जनप्रतिनिधि तथा कर्मचारीहरूको लागि क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्नु पनि यस गाउँपालिकाको सबल पक्ष रहेको बुझ्न सकिन्छ । गाउँपालिका तथा वडा कार्यालयका कामहरू सम्पूर्ण गाउँपालिका बासिहरूमा पुगोस भन्नका लागि गाउँपालिकाको पालिकाका सूचना सूचना पाटिमा टाँस गर्नुका साथै हरेक कार्यक्रम तथा सूचनाहरू फेसबुक पेज तथा वेवसाइडमा राख्ने तथा समय समयमा सार्वजनिक सुनुवाई गर्ने, हरेक वर्ष नागरिक सन्तुष्टि सर्वेक्षण, सामाजिक परिक्षण गर्ने तथा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण परिक्षण गर्ने, लोक सेवा, शिक्षक सेवा आयोग तयारी गरिरहेका विद्यार्थीका लागि निःशुल्क रुपमा तयारी कक्षा वडा तथा पालिकाले सञ्चालन गर्ने कार्यहरू गर्दै आएको देखियो । यस्ता कार्यले यो गाउँपालिका सुशासन र संस्थागत क्षमतामा अव्वल रहेको देखिन्छ ।

खेतीयोग्य जमीन प्रसस्त भए तापनि यो पालिकामा व्यवसायिक रूपमा खेती हुन सकेको देखिँदैन । पशुपालनका लागि उपयुक्त भौगोलिक बनावट भए तापनि पशुपालन व्यवसायलाई व्यवसायीकरण गर्न अझै सकिएको छैन । पालिका भित्र आफ्नै वनजङ्गल नरहेको तथा वनजङ्गलको लागि पालिकाले बृक्षारोपणको कार्य गरी वनजङ्गलको यथोचित प्रयोग गर्दै लैजानु पर्ने पालिकाको आजको आजको आवश्यकता तथा भावी सन्ततिका लागि उत्तिकै महत्व रहेको छ । शैक्षिक गुणस्तरमा हिजोका दिनमा भन्दा केही बिद्यालयहरूको शैक्षिक स्थितिमा सुधार देखिएपनि गाउँपालिका भित्रका सबै विद्यालयको शैक्षिक गुणस्तर सन्तोषजनक भने रहेको देखिदैन यसका लागि सामूदायिक विद्यालयहरूको सिकाइ विधि, विद्यार्थीको सिक्ने क्षमता, तालिम प्राप्त शिक्षक, इमान्दार र वफादारीपूर्ण प्रभावकारी सेवा प्रवाह, निरन्तरको अनुगमगन मूल्याङ्कन गर्नु, शिक्षा क्षेत्रका चुनौति रहेका छन् । पालिकाको विकासका लागि युवाशक्तिको परिचालन गरी सम्पूर्ण चुनौतिहरूलाई पन्छाउदै समृद्ध, समुन्नत, सुन्दर हरियाली सहितको गाउँपालिका निर्माणमा एक भएर लाग्नु पर्ने देखिन्छ, उत्कृष्ट विद्यालय (नमुना विद्यालय), उत्कृष्ट अस्पताल निर्माणाधिन १५ बेड क्षमताको गाउँ अस्पताल (नमुना अस्पताल) बनाउनुपर्ने गाउँपालिकाको दायित्व तथा शिक्षा, स्वास्थ्य र शान्ति सुरक्षाका लागि सुधारका कार्यहरू गर्दै अगि बढेमा यो पालिका पनि केही समयमै शिक्षा तथा स्वास्थ्यको क्षेत्रमा उत्कृष्ट गाउँपालिका हुन सक्नेछ । मानव विकास सूचकहरू अध्ययन गर्दा यो गाउँपालिका सामाजिक विकासका सूचांङ्कहरूमा कमजोर देखिन्छ । बहुजाति, बहुसभ्यता, बहुभाषा, बहुधार्मिकता भएको यो गाउँपालिकामा धार्मिक तथा ऐतिहासिक पर्यटन पूर्वाधारको पनि राम्रो सम्भावना रहेको देखिन्छ ।

# परिच्छेद-तीन

## स्थानीय तह सञ्चालनसम्बन्धी  विद्यमान व्यवस्था

### ३. स्थानीय तह सञ्चालन र यसको अधिकार:

नेपालमा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागीतामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरी संविधान सभाबाट नेपालको संविधान २०७२ पारित गरी जारी गरेको छ। सोही संविधानको मर्म र सिद्धान्तलाई कार्यान्वयन र २०६२\०६३ सालको जनआन्दोलनको उपज, नेपालको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्न नेपाल राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय गरी तीन तहको व्यवस्था गरेको छ। राज्य शक्तिको प्रयोग उक्त तीनवटै तहबाट एकल तथा सहकार्यात्मक ढङ्गले हुने गरी संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा विभिन्न तहका अधिकारहरू बाँडफाँड गरिएको छ। संविधानप्रदत्त अधिकारहरूको अभ्यासका लागि सक्षम तथा सुदृढ स्थानीय तहको संरचना तयार पार्ने उद्देश्यले संविधानको धारा २९५ (३) अनुसार गाउँपालिका, गाउँपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको सङ्ख्या तथा सिमाना निर्धारण आयोग गठन भएको थियो।

यसरी संघीयता राज्यको पुर्नसंरचनाको एक महत्वपूर्ण पक्ष र शासन प्रणालीको रूपमा रहेको छ। एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीबाट संघीयतामा प्रवेश गर्दा स्थानीय तहमा के कस्ता काम, कर्तव्य र अधिकारहरू छन् भन्ने विषयमा व्यापक अन्यौल भएका कारण छलफल हुनुपर्ने देखिन्छ। स्थानीय तह र त्यसको काम कर्तव्य र अधिकारबारे तल चर्चा गरिएको छ।

### ३.१ स्थानीय तहको संरचना

नेपालको संविधान  २०७२ अनुसार स्थानीय तह भन्नाले नगरपालिका, गाउँपालिका र जिल्ला सभालाई सम्झनुपर्छ। गाउँपालिका एक भौगोलिक तथा शासकीय तह हो जसको कार्यकारिणी अङ्ग गाउँकार्यपालिका हुन्छ भने व्यवस्थापकीय कार्य गर्ने अङ्ग गाउँसभा हो।

#### क) गाउँसभा

#### अ) गाउँसभा

गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित हुने ४ जना वडा सदस्य  (२ महिला र १ दलित सदस्यसहित) गाउँपालिकाका दलित र अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका २ जना सदस्यसहितको गाउँसभा बन्नेछ । दलहरूले दुईजना महिला वडा सदस्यको लागि मनोनयन पत्र दर्ता गर्दा एक जना दलित महिलाको नाम समावेश गर्नुपर्ने अनिवार्य व्यवस्था गरेको छ तर एक जना मात्र महिला सदस्यको लागि मनोनयन पत्र दर्ता गर्ने दलले दलित महिलाको नाम समावेश नगरे पनि हुने व्यवस्था रहेको छ।

### आ) गाउँकार्यपालिका

गाउँकार्यपालिकामा एकजना अध्यक्ष, एक उपाध्यक्ष, गाँउपालिकाका प्रत्येक वडाका वडा अध्यक्षहरू गाउँसभालाई आफूमध्येबाट निर्वाचित गरेको ४ जना महिला सदस्यहरू र दलित वा अल्पसङ्ख्यक समुदायबाट गाउँसभाले निर्वाचित गरेको २ जना सदस्यहरू मिलेर गाउँकार्यपालिका बन्दछ ।

### ख) जिल्ला सभा

जिल्ला भित्रका विकास तथा निर्माणसम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने, सोको अनुगमन गर्ने तथा जिल्लामा रहने सङ्घीय र प्रदेशिक सरकारी कार्यालय, गाउँपालिका र नगरपालिकाबीच समन्वयन गर्नको लागि एक जिल्ला समन्वयन समिति हुन्छ । सम्बन्धित जिल्ला भित्रका गाउँपालिकाका अध्यक्ष तथा उपाध्यक्ष र नगरपालिकाका प्रमुख तथा उपप्रमुखहरू सदस्य रहेको जिल्लासभा बन्छ । जिल्ला सभाले जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाको समन्वय गर्ने कार्य गर्दछ

जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा ३ जना महिला र एक जना दलित वा अल्पसङ्ख्यक सहित बढीमा ९ जना सदस्य निर्वाचत गरी जिल्ला समन्वय समिति बनाउँछ । जसमा जिल्ला सभाका सदस्यहरू साथै जिल्ला भित्रका गाउँसभा र नगरसभाका सदस्यहरूले समेत उम्मेदवारी दिन पाउने ब्यवस्था गरेको छ । जिल्ला समन्वय समितिले जिल्ला सभाले गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्दछ ।

## ३.२ स्थानीय तहको काम कर्तव्य र अधिकार

१. **न्याय सम्पादनको भूमिका**

स्थानीय तह कार्यान्वयनसँगै अब सामान्य झैझगडा असहमति र मुद्दा मामिलाका विषयलाई लिएर जिल्ला अदालत जाने झन्झट अन्त्य भएको छ । अब गाउँपालिकाको उपाध्यक्ष अथवा गाउँपालिकाको उपप्रमुखले एक हदसम्म न्यायाधीशको भूमिका खेल्नेछन् । नयाँ संविधानको आधारमा गठन भएको स्थानीय तहको संरचनाले जिल्लाबाट मात्र मुद्दाको छिनोफानो हुने व्यवस्था खारेज गरेको छ । संविधानको धारा २१७ बमोजिम अब हरेक स्थानीय तहमा एक न्यायिक समिति गठन हुनेछ । यस्तो न्यायिक समिति स्थानीय तहको निर्वाचन पछि नगर\नगर सभाले गठन गर्नेछ । नगरपालिकको उपाध्यक्षको अथवा गाउँपालिकाको उपप्रमुखको संयोजकत्वमा हरेक स्थानीय तहमा ३ सदस्यीय न्यायिक समिति गठन हुनेछ । उक्त समितिमा नगरसभा अथवा नगरसभाले आफूमध्येबाट निर्वाचित गरेको २ जना सदस्यलाई न्यायिक समितिको सदस्य छनौट गर्नेछ । त्यसरी गठन हुने न्यायिक समितिले सामान्य खालका मुद्दा मामिला जग्गा जमिन अंशबण्डा विवाद जस्ता मुद्दाको टुङ्गो लगाउने छ । तर यस्तो न्यायिक समितिले हत्या, गाली बेइज्जती, सार्वजनिक अपराध जस्ता फौजदारी प्रकृतिका मुद्दाहरूको फैसला गर्न सक्दैन । न्यायिक समितिले गरेको मुद्दाको फैसलामा चित्त नबुझेमा त्यस्तो पक्षले उच्च अदालतमा पुनराबेदन दिन सक्ने व्यवस्था गरिएको छ ।

**२. नगरप्रहरी**

स्थानीय तहमा शान्ति सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जिउधन र स्वतन्त्रताको संरक्षण गर्ने कार्य अब स्थानीय तहको मुख्य जिम्मेवारीको रूपमा संविधानले सुम्पेको छ। स्थानीय प्रशासनलाई सबल र सक्षम बनाई जनतामा सुरक्षाको अनुभूति दिलाउन र सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्न सरकारले लागु गरेका नीति, कानून मापदण्ड र निर्णय कार्यान्वयन र स्थानीय तहको सम्पति संरक्षण गर्ने, सभा, समारोह, जात्रा, चाँडपर्व, बजार व्यवस्थापन, स्थानीय न्यायिक समितिले गरेको आदेश फैसला कार्यान्वयन, व्यवस्थापन र अपराध रोकथाम लगायतमा सहयोग गर्न स्थानीय तहले नगर प्रहरी परिचालन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ।

**३. सहकारी संस्था**

कृषक, कालिगढ, कम पूँजीवाल र निम्न आय भएका श्रमिक, भूमिहीन तथा बेरोजगार वा सामाजिक कार्यकर्ताले सर्वसाधारण उपभोक्ताको आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारीताको लागि सञ्चालन गरिने सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन जस्ता कार्य स्थानीय तहबाटै हुने व्यवस्था संविधानले गरेको छ। यसभन्दा अगाडि रजिस्ट्रारको अधीनमा हुने सम्पूर्ण कार्य अब स्थानीय तहको जिम्मेवारीमा आएको छ।

**४. एफ. एम रेडियो सञ्चालन**

स्थानीय तहमा एफ एम रेडियो सञ्चालन अनुमति नवीकरण र नियमन स्थानीय तहबाटै गरिने व्यवस्था गरिएको छ। एफ. एम. रेडियो राख्ने र प्रयोग गर्ने काम कार्यहरूलाई नियन्त्रण र नियमित गरी शान्ति र सू-व्यवस्था एवं सर्वसाधाण जनताको सदाचार कायम राख्ने जिम्मेवारी पनि स्थानीय तहको हुनेछ। रेडियो ऐन २०१४ मा उल्लेखित दफा ५ अनुसार लाइसेन्स प्राप्त गर्न यसअघि नेपाल सरकारवाट तोकिने अधिकारी पनि अब स्थानीय तहबाटै तोकिने छ।

**५. राजस्व सङ्कलन**

स्थानीय तहको खर्च व्यवस्थापन, वित्तीय व्यवस्थापन, राजस्व सङ्कलन, समष्टिगत आर्थिक स्थायित्व र आर्थिक विकास तथा स्थानीय सरकारको अल्पकालीन र दीर्घकालीन खर्च व्यवस्थापनसम्बन्धी कार्यभार पनि स्थानीय तहमा आएको छ। सो व्यस्थापनको लागि स्थानीय तहले अब आफ्नो क्षेत्र भित्रको सम्पति र घरबहाल कर, घर जग्गा रजिस्ट्रेशन शूल्क, सवारी साधन कर, सेवा शूल्क दस्तुर, पर्यटन शूल्क, विज्ञापन कर व्यवसाय कर, भूमिकर दण्ड जरिवाना लगायतका राजस्व सङ्कलनको अधिकार संविधानले नै तोकेको छ। त्यस्तै स्थानीय पूर्वाधार तथा सेवामा निर्धारण र सङ्कलन तथा व्यवस्थापन, ट्रेकिंग र राफ्टिङ्ग शूल्क, स्थानीय राजस्व प्रवर्धनका लागि प्रोत्साहन, राजस्व सूचना तथा

तथ्याङ्कको आदानप्रदान,राजस्व नियन्त्रणसम्बन्धी नीति, कानून मापदण्ड निर्धारण र नियन्त्रणका कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

**६. स्थानीय सेवाको व्यवस्थापन**

स्थानीय सेवाको व्यवस्थापन स्थानीय तहको महत्वपूर्ण संयन्त्र हो। यसले नीति कार्यान्वयनको साथै नीति निर्माता तथा नागरिकहरूबीच सेतुको भूमिका समेत निर्वाह गर्दछ। तसर्थ स्थानीय सेवाको व्यवस्थापन सम्बन्धमा नीति मापदण्ड र सेवाशर्त निर्धारण, योजना निर्माण, कार्यान्वयन र नियमन स्थानीय सरकारलाई नै दिएको छ। स्थानीय प्रशासनका काम कारवाहीमा पारदर्शिता र जवाफदेहिता प्रशासनिक सुशासनका लागि महत्वपूर्ण नीति नियम स्थानीय तहमै बनाउने अधिकार संविधानले दिएको छ। संविधानको धारा ३०२ लाई समेत आधार मानेर कर्मचारी समायोजनपछि वित्तीय स्रोतको अधीनमा रही आवश्यकताअनुसार स्थानीय सेवाको गठन, सञ्चालन र व्यवस्थापन स्थानीय तहको सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र कृषि विकास लगायतका काम पनि स्थानीय तहको संवैधानिक काम कर्तव्यमा पर्दछ।

**७. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन**

स्थानीय तथ्याङ्कसम्बन्धी नीति कानून र मापदण्ड निर्धारण गर्ने कार्यभार स्थानीय तहको मातहतमा परेको छ। योजना तर्जुमा कार्यान्वयन तथा अनुगमन, तथ्याङ्क अद्यावधिक तथा संरक्षण, पञ्जिकरण व्यवस्थापन, स्थानीय तहको तथ्याङ्किय अभिलेख, सूचना तथा सञ्चार प्रविधियुक्त अभिलेख राख्ने कार्य पनि संवैधानिक स्थानीय तहलाई सुम्पेको छ।

**८. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना**

जबसम्म स्थानीय विकासका कदमलाई स्थानीयकरण गर्दै तीव्र बनाइदैन तबसम्म समग्र देश विकासमा प्रभावकारी नतिजा प्राप्त हुन नसक्ने तथ्यलाई ध्यानमा राखेर संविधानले सहभागितात्मक विकासशैली अबलम्बन गर्ने नीति ल्याएको छ। संविधानले समता र सामाजिक न्यायमा आधारित सन्तुलित दिगो विकास सुनिश्चित गर्न स्थानीय तहमा सामाजिक समावेशीकरण, सामाजिक परिचालन,आदिवासी जनजाति दलित सीमान्तकृत, उत्पीडित वर्ग एवं समुदायको क्षमता विकास र सशक्तिकरण गर्नका लागि आवश्यक आयोजना तथा परियोजना बनाउन स्थानीय तहलाई अधिकार सम्पन्न बनाएको छ।

### ९. आधारभूत तथा माध्यमिक शिक्षा

स्थानीय क्षेत्रको शैक्षिक क्षेत्रमा द्रुत गतिमा विकास एवं बिस्तारको लागि आवश्यक नीति, योजना र कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट कार्यान्वयन र अनुगमन गर्ने निकायका रूपमा स्थानीय तहलाई जिम्मेवारी सुम्पेको छ । प्रारम्भिक बाल शिक्षा तथा विद्यालय, अनौपचारिक शिक्षा, खुल्ला तथा वैकल्पिक एवं निरन्तर सिकाइ तथा विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्नेदेखिका कार्यभार स्थानीय तहलाई दिइएको छ।

### १०. आधारभूत स्वास्थ्य र सरसफाई

आधारभूत स्वास्थ र सरसफाईसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन तथा नियमन गर्ने जिम्मेवार निकाय संविधानले स्थानीय तहलाई बनाएको छ । स्वास्थ्यसेवा सञ्चालन र प्रवर्धन, अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन, रक्तसञ्चार सेवा, स्थानीय तथा शहरी स्वास्थ्यसेवा सञ्चालन, तथा व्यवस्थापनको काम पनि स्थानीय तहलाई संविधानले जिम्मा दिएको छ।

### ११. स्थानीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता

स्थानीय वातावरणीय नीति नियमसम्बन्धी संयन्त्रको सवलीकरण र संस्थागत क्षमता विकास गर्ने जनस्तरमा वातावरणीय सचेतना जगाउने, प्रदुषण रोकथाम, प्राकृतिक सम्पति तथा जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी अब स्थानीय तहलाई दिइएको छ। त्यसै गरी स्थानीय व्यापार, बजार व्यवस्थापन तथा अनुगमन र उपभोक्ता अधिकार एवं हितसम्बन्धी नीति, कानून, मापदण्ड कार्यान्वयन र नियमन गर्ने कार्यहरू पनि यसैअन्तर्गत पर्दछ साथै स्थानीय स्तरको व्यापारिक फर्म दर्ता, अनुमति, नवीकरण र खारेजी तथा नियमन पनि स्थानीय तहबाट हुनेछ।

### १२. सडक, कृषि, सिँचाइ

स्थानीय, ग्रामीण र कृषि सडक निर्माण तथा विस्तार गर्ने, सिँचाइसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन गर्ने । सडक, कृषि, सिँचाइ, तटबन्ध, झोलुङ्गे पुल, पुलेसालगायतको निर्माण र प्रवर्धनबारे गूरूयोजना तर्जुमा, स्तरोन्नतिका आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मतसम्भार र नियमन गर्ने । स्थानीय तहमा ट्रलीबस सञ्चालन, राष्ट्रिय रेल पूर्वाधार उपयोग गरी महानगरिय मेट्रोसिटी क्षेत्रभित्र शहरी रेलसेवा सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय र सहकार्यका काम पनि स्थानीय तहबाट हुने छन्।

**१३. घर जग्गा धनीपूर्जा वितरण**

आधुनिक सूचना प्रविधिको उपयोग गरी भूमिसँग सम्बन्धित स्रेस्ता, नक्सा लगायतका सम्पूर्ण सूचनाहरू कम्प्युटर प्रणालीमा प्रविष्ट गराई जनतालाई भरपर्दो सरल र सहज सेवा प्रवाह गर्ने, प्रादेशिक मापदण्डबमोजिम स्थानीय घरजग्गा तथा धनीपूर्जा वितरण, लगत व्यवस्थापन, भूमिको वर्गिकरण अनुसारको लगत, जग्गाको विवादको समाधानको काम पनि स्थानीय तहवाटै हुनेछ।

**१४. कृषि तथा पशुपालन**

कृषि वस्तुको बढ्दो माग परिपूर्ति गर्न उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने, साना र सीमान्त वर्गका किसानका लागि आवश्यक कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्यसम्बन्धी मापदण्ड निर्माण गर्ने। कृषि विकास र वातावरण संरक्षणबिच सन्तुलन कायम राखी दिगो कृषि विकास कार्यक्रमहरू सञ्चालन गर्ने। कृषिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन गर्ने संवैधानिक अधिकार स्थानीय तहको हुनेछ।

**१५. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन**

संविधानको धारा ४३ ले सामाजिक सुरक्षाको हक सुनिश्चत गरेको छ। जसले आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने लोपोन्मुख जातिका नागरिकलाई कानूनबमोजिम समाजिक सुरक्षाको हकको व्यवस्था गरेको छ। सो नागरिक अधिकारलाई संघ, प्रदेशले निर्धारण गरेको मापदण्डबमोजिम जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन लगाएतका सामाजिक सुरक्षासम्बन्धी काम गर्ने जिम्मेवारी स्थानीय तहको हुनेछ।

**१६. बेरोजगारको तथ्याङ्क सङ्कलन**

संविधानको धारा ३३ ले नागरिकलाई रोजगारीको हकअन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ भनी व्यवस्था गरेको छ। रोजगारीको शर्त, अवस्था र बेरोजगार सहायता संघीय कानूनबमोजिम हुनेछ भनी व्यवस्था गरीएकोले अव रोजगार र बेरोजगारको तथ्याङ्क सङ्कलन, विदेशी श्रमिकको सूचना व्यवस्थापन गर्ने कार्यभार स्थानीय तहको हुनेछ।

**१७. खानेपानी तथा साना जलविद्युत् आयोजना, वैकल्पिक उर्जा**

स्थानीय खानेपानीसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन, साना जलविद्युत् आयोजना र स्थानीय विद्युत् वितरण प्रणाली तथा सेवाको व्यवस्थापन र सञ्चालन, नियमन, खानेपानी महसुल निर्धारण र सेवा व्यवस्थापन लगायतका कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

**१८. विपद व्यवस्थापन**

विपद् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। स्थानीय स्तरमा विपद् पूर्वतयारी खोज तथा उद्धार, राहत सामग्रीको पूर्ण भण्डारण र वितरणमा समन्वय गर्ने। विपद् जोखिम क्षेत्रको नक्साङ्कन, बस्तीहरूको पहिचान र स्थान्तरणलगायतका कामहरू गर्ने कामहरू पनि स्थानीय तहबाटै हुनेछ।

**१९. जलाधार तथा वन्यजन्तु र खानी तथा खनिज पदार्थको संरक्षण**

जलाधार तथा वन्यजन्तुसम्बन्धी नीति, कानून, मापदण्ड निर्माण, योजना कार्यान्वयन र नियमन। पानीका मुहान संरक्षण, भूसंरक्षण, अनुकूलन खानी तथा खनिजको संरक्षणसम्बन्धी गर्ने काम पनि स्थानीय तहबाटै हुनेछ।

**२०. भाषा संस्कृति र ललितकलाको संरक्षण**

भाषा संस्कृति र ललितकलाको संरक्षण र विकाससम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड निर्माण र योजना कार्यान्वयन र नियमन, पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालयको संरक्षण स्थानीय तहबाटै हुनेछ। यसरी संवैधानिक व्यवस्था अनुरूपको प्रशासनिक बन्दोवस्तीका साथै कानुनी ,भौतिक, वित्तीय एवं सङ्गठन संरचनादेखि लिएर एकात्मक शासनमा चलेका कामहरूलाई पुर्नसंरचनामा ल्याऊनु चुनौती हो। तसर्थ संघ प्रदेश र स्थानीय सरकारको काम कर्तव्य र अधिकार संविधानको व्यवस्थाअनुसार कार्य विश्लेषण गरी तीनवटै तहमा कार्य जिम्मेवारी हस्तान्तरण भएमा मात्र कार्यसम्पादन शुरूबाट तथा दिगो रूपमा सुचारू हुन सक्छ। सरकारका तहहरूबीच कार्य विभाजन, तीनवटै तहको निर्वाचन, तीनवटै तहको सरकारको सङ्गठन तथा जनशक्ति व्यवस्थापन, सम्पति र दायित्वको बाँडफाँडलाई राजनैतिक दलहरू र जनताले बुझ्न अत्यावश्यक छ। स्थानीय तहमा सुशासन र समुचित विकास गर्ने मुख्य ध्येयले पुरानो संरचना विस्थापन गरेर नयाँ संरचना ल्याउनु मात्र आफैँमा कायापलट हुने होइन। तसर्थ हरेक तहको शासन व्यवस्थापन तथा सञ्चालसम्बन्धी जनतालाई सुसूचित गरी अभिमुखीकरण गर्न अत्यावश्यक छ।

# परिच्छेद - चार

# स्थलगत अध्ययन तथा अवलोकन

## ४. स्थलगत अध्ययन तथा अवलोकन

## ४.१ जहदा गाउँपालिकाको गत आर्थिक वर्षका मुख्य मुख्य उद्देश्य तथा प्राथमिकताहरू

### क) गाउँपालिकाले लिएका उद्देश्यहरू:

जहदा गाउँपालिकाले यस गाउँपालिकालाई दिर्घकालीन सोचमा आधारित समृद्धिको मार्ग प्रशस्त गर्न देहायबमोजिमको लक्ष्य निर्धारण गरेको छः

- ७५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूको सुगर प्रेसरको औषधी सहितको स्वास्थ्य जाँच परिक्षण कार्यक्रम संचालन गरिने ।
- संक्रामक रोग रोकथाम तथा नियन्त्रणको लागि खोप उपलब्धतालाई सबैको पहुँचयोग्य बनाउन संघीय सरकारको सहकार्यमा पूर्णखोप अभियान कार्यक्रमलाई निरन्तरता दिने ।
- आगामी आ.व देखि २ वटा स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर संचालन गर्ने गरी पूर्वाधार र जनशक्ति व्यवस्थापन गरिने ।
- पाठेघर उपचार प्रतिव्यक्ति रू ५ हजार तथा मोतियाविन्दु उपचार पश्चातको प्रतिव्यक्ति रू. २ हजार अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिदै लगिने ।
- मझारे स्वास्थ्य चौकीमा रहेको ल्याबको गुणस्तर एवं क्षमता अझै वृद्धि गर्दै विभिन्न रोगहरूको थप परीक्षण गर्न सक्ने गरी व्यवस्थित गर्दै लगिने ।
- जहदा गा.पा. ५ मा अवस्थित मझारे स्वास्थ्य चौकीमा भिजिटिङ्ग डाक्टरको माध्यमबाट हप्ताको २ पटक स्वास्थ्य जाँचसेवा गरिने कार्यलाई निरन्तरता दिने ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरू मर्मत सम्भार गरी सर्वसुलभ आधारभुत सेवा उपलब्ध गराउने ।
- अपाङ्गता भएका नागरिकको स्वास्थ्य सुरक्षाको लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने ।
- मेरो संस्था मेरो गौरव कार्यक्रमको माध्यमबाट स्वास्थ्यचौकीहरूको सेवाप्रवाह गुणस्तर, सरसफाई तथा
- खानेपानीका मूहान तथा श्रोतहरूको संरक्षणको लागि वृक्षारोपणलाई अघि बढाउने ।
- मूख्य बजारहरूमा सरसफाई तथा डिसूईन्फेक्सन अभियानमा स्थानीय संघसंस्था, क्लब तथा नागरिकको समन्वयमा सरसफाई संचालन गरिने ।

- गाउँपालिका क्षेत्रमा आवश्यकताको आधारमा लामखुट्टे, झिंगा नियन्त्रणको लागि वडाको सहकार्यमा विपद कोष मार्फत औषधि छर्कने प्रवन्ध गरिने।
- गाउँपालिकाको मूख्य चौक बजार तथा हाटबजारहरूमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्री तथा सचेतना कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिक मैत्री बनाउदै लगिने।
- जनताको असल स्वास्थ्यको लागि स्वच्छ तथा सफा खानेपानी सुविधाको प्रवन्ध गर्ने नीति अवलम्बन गरीने।
- संघिय सरकार र प्रदेश सरकारको सहयोगमा संचालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रूपमा सञ्चालन गर्ने ,
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने।
- जहदा गाउँपालिका भित्र धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धन गर्ने नीतिलाई अवलम्बन गरीदै लगिने।
- यस गाउँपालिका भित्र रहेका संथाल जातीहरूको धर्म, संस्कृति, रितिरिवाज, भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्दै संथाल जातीको उत्थान र विकासको माध्यमबाट सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिने।
- धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धनका लागि भौतिक पूर्वाधारहरूको निर्माण कार्यलाई निरन्तरता दिने।
- विद्यालय अनुगमन प्रणलीलाई थप व्यवस्थित र पारदर्शी बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न नमूनाको रूपमा सि सि टि भि जडान गर्दै लैजाने।
- पालिकाका क्षेत्रमा गुणस्तरीय, बैज्ञानीक, शिपमूलक, रोजगारमूलक, शिक्षा प्रवर्द्धन गर्नका लागि विद्यालय छनौट प्रकृयालाई अघि बढाउने।
- गाउँपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि वडा नं. ४ को ऐलानी सरकारी जग्गामा तयार गरिएको विस्तृत योजना प्रतिवेदनका आधारमा प्रदेश सरकार र संघीय सरकारसंग पहल गरी बहुउपयोगि खेलकुद मैदानको विकास कार्य अघि बढाउने।
- अति विपन्न, दलित, अभिभावक गुमाएका, बेपत्ता तथा सहीद परिवारका बालबालिकाहरूलाई विद्यालय भर्नाका लागि निशुल्क शिक्षा तथा सहुलियत सामाग्रीको व्यवस्था मिलाउने तथा उच्च शिक्षा हासिल गर्ने दलित विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्ने।

- सार्वजनिक विद्यालयहरूको स्तर बृद्धि गर्नका लागि पहिलो उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षा पुरस्कारको लागि सुचक तयार गरी कार्यान्वयनमा ल्याउने।
- बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीहरूको मनोबल बढाउन पालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिने।
- शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्न गाउँ शिक्षा गुरूयोजना निर्माण गर्ने।
- विद्यालयस्तरमा स्काउटका गतिविधि संचालन गरी आत्मासुरक्षा र अनुशासनलाई बढावा दिने तथा गाँउपालिकाभरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको अनुगमन निरीक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै, भवन कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेञ्च, शिक्षक दरबन्दी, विज्ञान प्रयोगशालाको अवस्थाबारे वस्तुगत विवरण सङ्कलन गर्ने।
- सबैका लागि आधारभूत शिक्षा सुनिश्चितता गर्न स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गरिने।
- शिक्षक तथा बालविकास शिक्षकको दरबन्दी मिलान गरी विद्यार्थी संख्याका आधारमा शिक्षक ब्यवस्थापन तथा विद्यार्थी संख्याका आधारमा निर्धारित मापदण्ड भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूलाई अर्को विद्यालयमा विद्यालय समायोजन तथा तह समायोजन गर्ने कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउँदै लैजाने।
- प्राविधिक शिक्षामा पहुच नभएका एस ई-ई उत्तीर्ण यस गाउँपालिका भित्रका गरिव जेहेन्दार पिछडिएका तथा सिमान्तकृत समुदायका विद्यार्थीहरूलाई शैलजा आचार्य पोलिटेक्निकमा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रबृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने।
- अगामी आ.व. मा स्थानीय पाठ्यक्रम निर्धारण गरी लागु गरिने।
- विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरूसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गरिने।
- विद्यालयहरूमा ई हाजिरी जडान कार्यलाई विस्तार गर्दै शिक्षकहरूको विषयगत समितिलाई सिकाई थलोको रूपमा विकास गरिने । प्रत्येक वडामा भएको १ वटा माध्यमिक विद्यालयलाई फिडर विद्यालयको रूपमा कायम गरी अन्य विद्यालहरूसँग सहकार्य र समन्वय गरी शैक्षिक गुणस्तर अभिबृद्दि गर्ने कार्यलाई प्राथमिकता दिईने।
- "एक विद्यालय एक फूलावारी" भन्ने नाराका साथ सबै विद्यालयहरूमा स्वच्छ हरियाली वातावरण बनाई सफा विद्यालय बनाउन "हाम्रो विद्यालय राम्रो विद्यालय"को अवधारणलाई साकार बनाउन सबै विद्यालयहरूसँग समन्वय तथा सहकार्य गरिने।

- खेलकुद क्षेत्र विकासका लागि विद्यालय तह देखि नै खेलकुद कार्यक्रमलाई बढवा दिन अन्तरविद्यालय खेलकुद प्रतियोगिता संचालन गर्दै लैजाने ।
- यस गाउँपालिकाको वडा नं. ७ मा पर्ने निर्माणधिन संथाल संग्रहालयलाई निरन्तरता दिइने ।
- जहदा गाउँपालिका वडा नं. ५ स्थित प्रशासनिक भवन छेउको लक्ष्मनिया चौकको सौन्दर्यकरण गर्नका लागि प्रदेश तथा संघिय सरकार सँग समन्वय गरी योजना संचालन गरिने ।
- समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार" भन्ने नारालाई निरन्तरता दिई सोही क्षेत्रसंग सम्बन्धित कार्यमा प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी विकासको गतिविधिलाई दिगो बनाउदै लगिने ।
- गाउँपालिका क्षेत्रको जग्गा जमिनको उचित उपयोग गर्ने कार्यको लागि भूमि प्रयोग सम्बन्धी ऐन, नियमावली कार्यान्वयन गर्ने प्रकृया अघि बढाइने ।
- गाउँपालिकाको विकास निर्माण तथा पूर्वाधारको कार्यगर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कानूनको परिपालनमा जोड दिईने ।
- गाउँपालिका क्षेत्रमा संचालन हुने प्रत्येक आयोजनामा गुणस्तर नियन्त्रणमा समेत ध्यान दिई योजनाको सामाग्री, ल्याब टेस्ट गर्न प्रदेश स्थित निकायहरूसंग सहकार्य गरी प्रतिवेदन प्रकृयालाई छिटो छरितो बनाउदै लगिने ।
- निर्माणधिन गाउँपालिकाको १५ बेडको आधारभूत अस्पताल र प्रमुख प्रशासकीय भवन निर्माणलाई निरन्तरता दिइनेछ । साथै सोको लागि श्रोत व्यवस्थापन गर्दै लगिने ।
- गाउँपालिका र वडास्तरबाट संचालित हुने योजनामा ठोस तथा दिगो पूर्वाधार निर्माणको लागि सडकमा कालोपत्रे गरी निर्माणलाई प्राथमिकतामा राखि योजना निर्माण गरिने ।
- गाउँपालिकाबाट योजना निर्माण गर्दा आवश्यकता र नागरिकको मागमा आधारीत योजनाहरूलाई प्राथमिकतामा राखि बजेटमा समावेश गर्दै लगिने ।
- गाउँपालिका भित्र विभिन्न वडाहरू जोडने लोहोन्द्रा खोलामा झोलुंगे पुल निर्माणका लागि सम्बन्धित निकायमा माग गरी प्रक्रिया अगाडि बढाइने ।
- कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन गाउँ क्षेत्र भित्र रहेका बैंक, वित्तियसंस्था तथा सहकारी संस्थाहरूसँग आवश्यक पहल र समन्वय गर्ने । कृषिमा स्नातक गरेका युवाहरूलाई कृषि व्यवसायमा आवद्धता हुन प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने ।

- व्यवसायिक कृषि खेति गर्ने कृषकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउँपालिकाले प्राविधिक सहायोग उपलब्ध गराउने ।
- माछापालन, उन्नत जातका वाख्रापालन, कांक्राखेती तथा च्याउखेती जस्ता तरकारी पकेट क्षेत्रलाई विशेष प्राविधिक सहयोग तथा बजार सुविधा उपलब्ध गराउन प्रोत्साहनमुलक अनुदान कार्यक्रम संचालन गरिने ।
- धान, मकै जस्ता कृषि बालीको उत्पादनलाई प्रोत्साहन गर्न सहकारी संस्था तथा समूहकृत संस्थासँग साझेदारीमा कृषकलाई राहत सुवधा उपलब्ध गराउने नीति अबलम्बन गरिने ।
- कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भणडार (COLD STORE) निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार, सहकारी संस्था तथा नीजि क्षेत्रसँग सहकार्य गर्दै जाने ।
- किसानहरूको लागि विऊ, बिजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउन कृषि सहकारी संस्थाहरूको क्षमता विकास गर्ने ।
- ए.आई, नश्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गर्दै लैजाने ।
- पशुपन्छीजन्य रोगहरूको रोकथाम, पशुजन्य उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रमलाई संचालन गर्ने नीति लिईने ।
- गाउँ क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुर्याउनका लागि सिचाईको लागि विद्युत जडान कार्यलाई विस्तार दिने ।
- पशुपालन व्यवसाय मार्फत कृषकहरूको जिवनस्तर सुधारका लागि पशुविकास सम्बन्धी नीतिहरू निर्माण गर्दै लगिने ।
- जहदा गा.पा.लाई च्याउ र कांक्रामा आत्मनिर्भर बनाइने ।
- कृषिलाई व्यवसायीकरण गर्न आधुनिक कृषि प्रणलीलाई संचालन तथा प्रोत्साहन गरीने ।
- जहदा गाउँपालिका भित्रका कृषकहरूको तथ्यांक अभिलेखका लागि संघिय सरकारको नीति अनुसार कृषकहरूको सूचिकृत कार्यलाई निरन्तरता दिइने ।
- यस गाउँपालिकामा मकैको उत्पादन अत्याधिक हुने भएकोले किसानहरूलाई मकै तथा अन्य कृषि बाली उत्पादनमा अझ उत्प्रेरित गर्न कृषि महोत्सव कार्यक्रम गरिनेछ ।

- लैगिक हिंसा, बाल बिवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, दहेज प्रथा छुवाछुत जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि आवश्यक पहल गरिने ।
- एकल महिला समूहलाई आत्मनिर्भर उन्मुख व्यवसाय संचालन गर्न विउंपुजी अनुदान रकमको माध्यमबाट प्रोत्साहन गरिदै लगिने ।
- महिला स्वास्थ्य स्वयम सेवीकाको अवकास प्रणलीलाई व्यवस्थित अवकास कोष मार्फत राहत उपलब्ध गराईने ।
- महिला सहकारी संस्थाहरूको स्तरोन्नती गर्दै बचत परिचालनमा वृद्धि गर्न प्रोत्साहन गरिने ।
- गाउँपालिका भित्रका दलित जातिको जिवनस्तरमा वृद्धि हुने गरी स्वरोजगारमुलक कार्यक्रम संचालन गरिने ।
- गाउँपालिका भित्रका विपन्न समूहलाई लघु व्यवसाय संचालन गर्न प्रविधि हस्तान्तरण तथा सीप प्रदान गरिने ।
- जेष्ठ नागरिकहरू को लागि दिवा सेवा केन्द्र यथाशिघ्र निर्माण थालनी गरिने ।
- यस गाउँपालिकाभित्र अपांगता भएका नागरिकहरूको जिवनस्तर सुधार गर्न आवश्यक तालिम तथा प्रविधि एवं सामाग्री हस्तान्तरणको पहल गरिने ।
- आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने ।
- यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा घोषण गर्नको लागि गाउँ स्तरीय कार्यक्रम बनाई कार्यान्वयन गरिने ।
- बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न गाउँपालिकामा बालकोषको स्थापना गरिने ।
- महिला सुत्केरी भई लगातार २ छोरी जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरूले संचालन गरीने शिपमुलक तालिम तथा कार्यक्रमहरू कार्यपालिकाबाट स्वीकृत गराई गाउँपालिकाको समन्वयमा संचालन गरीने नीति अवलम्वन गरीने ।

## ख) प्राथमिकताहरू

- गुणस्तरीय सडक पूर्वाधार निर्माण र स्तरोन्नतीसहित आयोजनाहरूको अनुगमन र निर्माण सम्पन्न भएका योजनाको फरफारक,
- सबै नागरिकमा स्वास्थ्य सेवा, स्वस्थ्य खानेपानि र विद्युत सेवाको पहुँचका लागि योजना सहितको तिव्रतर कार्य,
- गुणस्तरीय शिक्षा कार्यान्वयन गर्न शैक्षिक गतिविधिहरू सञ्चालन तथा निरन्तर विद्यालय अनुगमन गर्ने,
- कृषि पर्यटन, प्रवर्धन तथा कृषिमा आधुनिकीकरण र व्यवसायीकरण, कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि, कृषि उपजको बजारीकरण, कृषि सामग्रीको ढुवानीमा सहजता तथा कृषि क्षेत्रमा युवाहरूको परिचालन गर्न प्रोत्साहनका कार्यक्रम संचालन,
- प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण र वातावरण संरक्षण, वनजङ्गलको जगेर्ना तथा खुला तथा खालि जग्गामा बृक्षारोपणसहित हरियाली गाउँपालिका निर्माण,
- सामाजिक सद्भभाव, सेवा प्रवाहमा प्रभावकारिता, शासकीय क्षमताको अभिवृद्धि र सुशासनसहितको गाउँपालिका निर्माणमा जोड,
- लक्षित वर्ग, क्षेत्र, समुदायका लागि क्षमता अभिवृद्धि, गरिवी न्यूनीकरण र रोजगारीका लागि स्व-रोजगारमूलक तालिम निरन्तर सञ्चालन,
- आन्तरिक स्रोतको अभिवृद्धि गर्दै स्रोतको दिगो व्यवस्थापन र ऐतिहाँसिक, धार्मिक तथा कृषि पर्यटनको विकासमा जोड,
- खोला नियन्त्रणका लागि तटबन्धन निर्माण, कृषकका लागि दिगो सिँचाइ तथा अर्गानिक तरकारी खेतितर्फ कृषकहरूलाई प्रोत्साहनका कार्यक्रम सञ्चालन,
- गाउँपालिकाका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका निर्माण र त्यसको सफल कार्यान्वायनमा जोड,
- उज्यालो, डिजिटल गाउँपालिका निर्माण गर्ने।

## ४.२ गाउँपालिकाका गत आर्थिक वर्ष (०८१।०८२)का मुख्य मुख्य उपलब्धिहरू :

जहदा गाउँपालिका मोरङ्ले गत आर्थिक वर्षमा सामाजिक तथा आर्थिक उपलब्धिहरू हासिल गरेको छ। गाउँपालिकाभित्रका विषयगत कार्यालयहरू र गै.स.स.हरूबाट समेत सामाजिक उपलब्धि हासिल गर्न गाउँपालिकालाई टेवा पुगेको छ। संक्षिप्त रूपमा गाउँपालिकाले हासिल गरेका सामाजिक उपलब्धिहरू तल उल्लेख गरिएको छ।

- पालिकालाई आर्थिक विधेक २०८१, विनियोजन विधेयक २०८१ तथा पालिकाको आ.ब. ०८१/०८२ को नीति तथा कार्यक्रमहरू निर्माण गरी गाउँसभाबाट निर्णय गरी सञ्चालन गरेको देखियो।
- जहदा गाउँपालिकाले आ.ब. ०८०/०८१ मा भएका र आ.ब. ०८१।०८२ मा पनि निरन्तर सञ्चालन गर्नुपर्ने कार्यहरूलाई गाउँसभाबाट निर्णय गरी कार्य सञ्चालन गरेको देखियो।
- पालिकाले आवदिक योजना, मध्यकालिन खर्च संरचना (MTEF) निर्माण गरी सोहीवमोजिम वार्षिक नीति, कार्यक्रम तथा बजेट गाउँसभाबाट निर्णय गरी सञ्चालन गरेको देखियो।
- गाउँपालिकाले स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना पारित, स्थानीय आपतकालिन कार्य सञ्चालन कार्यविधी, २०८१, बाबु आमा नभएका विपन्न परिवारका छोरीहरूको विवाह खर्च सहायता सम्बन्धी कार्यविधी, २०८१, गाउँपालिकाको संगठन तथा सर्वेक्षण (O&M) २०८१, पोषण मैत्री स्थानीय तह घोषणा तथा बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम कार्यन्वयन निर्देशिका, २०८१, हलुका सवारी चालक, कार्यालय सहयोगी र स्वीपर छनौट सम्बन्धी मापदण्ड, २०८१ का साथै जीवन विमा सम्बन्धी कार्यविधी २०८१ निर्माण गरेको देखियो।
- गाउँपालिकाले नयाँ सडक निर्माण तथा सडक स्तरोन्नतीमा प्राथमिकता दिँदै गत आ.ब. मा कच्ची तथा ग्रामिण सडक स्तरोन्नती, ग्राबेल सडक निर्माण ड्रेन र कालोपत्रे गर्नुका साथै पुल तथा कल्बर्ट निर्माण गर्ने कार्य हरेक वर्ष गरिरहेको ।
- हालसम्म गाउँपालिकाभित्र हरेक टोल बस्तिहरूमा एक आपसलाई जोड्न सामान्यतया कच्ची सडकहरूको स्तरोन्नति गर्ने तथा ग्राबेल र मिक्सगिटी हाल्ने कार्य अधिकाम्स स्थानमा हुँदै गएको देखियो।
- योजनाका कार्यहरू अन्तर्गत पालिकाले उपभोक्ता समिति मार्फत वडा तर्फका १९ ओटा योजना तथा खुल्ला दरभाउपत्र अन्तर्गत २६ ओटा योजनाहरू सञ्चालन भएको देखियो।

- पालिकातर्फका योजनाकाहरू उपभोक्ता समिति मार्फत वडा तर्फका ३४ ओटा र खुल्ला दरभाउपत्र अन्तर्गत ११ ओटा योजनाहरू सञ्चालन भएको देखियो।
- विभिन्न संघ संस्था (सहास, रेडक्रस र सडक बोर्ड) संग साझेदारी गरी १० ओटा योजनाहरू सञ्चालन भएको देखियो।
- पालिका भित्रका अति अशक्त, रोगि र अपाङ्गहरूको सामाजिक सुरक्षा भत्ता नविकरण तथा वितरण वडा कार्यालयबाट घर घरमा गई वितरण गरिएको।
- पालिका भित्रका अति गरिव, अशक्त, रोगि र अपाङ्गहरूको वडा तथा पालिकाले नि:शुल्क रूपमा स्वास्थ्य विमा गरिदिने तथा पालिका बासिमा स्वास्थ्य विमा कार्यक्रमबारे सुसुचित गराउने गरेको देखियो।
- गाउँपालिका द्वारा आवश्यक स्थानमा फलामे पुल निर्माण गर्ने तथा पक्की पुल तथा कल्भर्टहरू निर्माण गरेको पाईयो।
- पालिकाले साना तिना योजनाहरू उपभोक्ता समितिबाट निर्माण गर्ने तथा ठुला ठुला योजनाहरू ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने गरेको देखियो।
- ठुला ठुला आयोजनाहरू निर्माण गर्दा डि.पि.आर. गरेर मात्र आयोजनाहरू निर्माण गरेको पाईयो।
- पालिकाले मन्दिर, ग्रामथान, संन्थाल सङ्ग्रालय, विद्यालय, पाटी पौवा, फलैँचा, पार्क तथा पुराना भवन संरचनाहरूको रंगरोकन तथा पुनर्निर्माणका कार्य गरिरहेको पाईयो।
- सबै वडाहरूमा सामाजिक सुरक्षा भत्ता बैँकिङ प्रक्रियाबाट सरल र मितव्ययी रूपमा उपलब्ध गराउने परिपाटीको विकास गरिएको तथा अति असक्त र अपाङ्ग व्यक्तिहरूलाई घर घरमै गई वितरण गरिएको देखियो।
- रोजगार शाखाबाट ४०६ जना सूचिकृत भएका बेरोजगार व्यक्तिहरू मध्ये ६५ जनालाई न्युनत्तम रोजगारीको व्यवस्था गरिएको। तथा ४० जनालाई कार्यस्थलमा आधारित सिप विकास तथा क्षमता विकास तालिम ५० दिने प्लम्बर र सडक मर्मत तालिम सञ्चालन गरिएको।
- महिला बालबालिका तथा जेष्ट नागरिक शाखाबाट पालिका भित्रका अपाङ्ग भएका व्यक्तिहरूलाई अपाङता परिचय पत्र (रातो, निलो, पहेलो र सेतो कार्ड) वितरण तथा जेष्ठ नागारिकहरूलाई जेष्ठ नागारिक परिचय पत्र वितरण गरेको देखियो।

- लक्षित तथा सामाजिक समावेशीकरणसम्बन्धी विभिन्न प्रकारका तालिम, कार्यक्रमहरू अन्तर्गत गाउँपालिका तथा वडा कार्यालयबाट विभिन्न प्रकारका सिप विकास तालिम सञ्चालन भएको देखियो ।
- गाउँपालिकाको सहयोगमा सामाजमा रहेको महिला हिँसा, कुरिति तथा लागू औषध दुर्व्यसन न्यूनिकरणसम्बन्धी विभिन्न प्रकारका सचेतनामुलक तालिम अन्तर्गत लागू औषध दुर्व्यसन, जातिय छुवाछुत, मेलमिलाप तथा पुनर्ताजगि बाल विवाह तथा बहु विवाह कार्यक्रम कार्यक्रम सञ्चालन गरिएको ।
- लघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत सर्फ बनाउने तालिम तथा सिलाई कटाई तउलिम सञ्चालन गरी ५ ओटा सिलाई मेसिन हस्तान्तरण गरिएको पाईयो ।
- खेलकुद कार्यक्रम अन्तर्गत राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, अध्यक्ष फुटबल प्रतियोगिता, क्रिकेट तथा भलिवल प्रतियोगिता सन्चालन गरेको पाईयो ।
- गाउँपालिकाको कार्यालयअन्तर्गतका वडा कार्यालय, सामूदायिक स्वास्थ्य संस्था तथा विद्यालयहरूमा क्रमश इन्टरनेट जडान गर्दै लगिएको देखियो ।
- अनलाइन प्रणालीमार्फत सबै वडामा घटना दर्ता तथा सामाजिक सुरक्षाको काम भईरहेको देखियो ।
- कर्मचारीहरूको सूचना प्रविधिसम्बन्धी सीप अभिवृद्धि गर्न हरेक वर्ष तालिम सञ्चालन गरेको देखियो ।
- लक्षित कार्यक्रमको माध्यमबाट महिला, बालबालिका, दलित र आदिवासी जनजाती समुदायको कार्यक्रममा प्रत्यक्ष संलग्नता रहेको देखियो ।
- गाउँपालिका बासीहरूमा सरसफाईसम्बन्धी ज्ञान र समन्वय समिति गठन हुँदै गएको देखियो ।
- असहाय बालबालिकाको संरक्षणका लागि अन्य साझेदार निकायसँग समन्वय गरी काम गरेको देखियो ।
- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम सञ्चालन तथा विभिन्न स्थानमा स्वास्थ्य शिविर कार्यक्रम सञ्चालन भएको देखियो ।
- कृषकहरूका लागि कृषी सामग्री हस्तान्तरण, निः शूल्क बिऊ बिजनको बितरण तथा पशुपालक कृषकहरूका लागि पशु बिमा तथा विभिन्न प्रकारका भ्याक्सिनहरू लगाउने कार्य भएको देखियो ।

- गाउँपालिका, वडा कार्यालयमा सेवाग्राहीको सुविधाका लागि नागरिक वडापत्र, गाउँपालिका तथा केही वडा कार्यालयहरूमा हेल्प डेक्सको सञ्चालन, ठाउँ ठाउँमा विश्रामस्थलहरू रहेको तथा व्यवस्थापनका लागि केही सुधारका कार्य भइरहेको देखियो।
- गाउँपालिका तथा वडा कार्यालयमा कार्यक्रम सञ्चालन गर्न बजेट अपर्याप्त हुदाँ वडा र नगरको साझेदारीमा कार्यक्रम सञ्चालन भएको देखियो।
- गाउँपालिकाका अतिरिक्त वडा कार्यालयहरूले समेत अति विपन्न, गरिब, बलित, जेहेन्दार विद्यार्थीहरूलाई छात्रवृत्ति, विद्यालय ड्रस, किताब, डेक्स बेन्च वितरण गरेको देखियो।
- गाउँपालिका भित्र आफनो वन नरहेकोले पालिकाले वडा नं. २ मा बृक्षारोपण गरी पालिकालाई वनजङ्लसहितको हरियाली पालिका निर्माण गर्न र त्यसको संरक्षण तथा संम्बद्धधन गर्न पालिका प्रयासरत रहेको देखियो।
- गाउँपालिका उज्यालो कार्यक्रम तथा अन्य कार्यक्रम अन्तर्गत गाउँपालिका तथा वडाकार्यालयहरूले चोक चोकमा सडक बत्ति, सिसि क्यामरा जडान गरेको देखियो।
- बालमैत्री स्थानीय शासन अबलम्बन गरी बालमैत्री गाउँपालिका निर्माणका लागि बालमैत्रि पुर्व तयारीका कामहरू गर्दै गरेको पाईयो।
- वडाको विभन्न चौकहरूमा रखिएका फलैचाहरूमा सन्देश मुलक श्लोगनहरू (विहेवारी २० बर्ष पारी, छोरीलाई दाइजो होइन शिक्षा देउ, धुम्रपान मध्दपान नगरौ नगराऔ जस्ता ) लेखाई समाजमा सकारात्मक संदेशका रूपमा रहेको देखियो।
- जहदा गाउँपालिका भित्र रहेका जनजातिहरूको धर्म, सँस्कृतिलाई जगेर्ना तथा संरक्षणका लागि भेषभुषा तथा बाद्यबाधनका सामाग्रीका साथै सङ्ग्राहलयको भवन निर्माण भइरहेको देखियो।
- भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि विवरण तयार गरी केन्द्रिय भूमि आयोगमा पठाइएको साथै कोशी प्रदेश सरकार र संघीय सरकार सरकारसँग निरन्तर पहल भइरहेको देखियो।
- स्थानीय तहको न्यायीक सम्पादन कार्य अन्तर्गत मेलमिलाप कर्तालाई ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको तथा न्यायिक समितिमा दर्ता भएका हालसम्म दर्ता हुन आएका ८९ वटा उजुरी मध्ये ५८ वटा उजुरीहरू फछौंट भएका ५ वटा अदालत पठाईएको २ वटा प्रहरी चौकी पठाईएको तथा २४ ओटा प्रक्रियामा रहेको पाईयो।

- बिपद् व्यवस्थापनका लागि कोष स्तापना गरी बिपदमा परेका नागरिकहरूलाई सोही कोषमार्फत सहायाता वितरण गरीएको पाईयो ।
- पालिका भित्रका सहकारिहरूलाई व्यवस्थित गर्नका लागि सहकारी सम्बन्धी बिभिन्न प्रकारका तालिमहरू सञ्चालन गरिएको ।
- महालेखा परिक्षकको प्रतिवेदन अनुसार नियमित गर्ने बेरूजुहरू नियमित गर्दै फर्छौट गरिएको तथा असुल उपर गर्नुपर्ने बेरूजुहरूलाई असुलउपरको लागि प्रक्रियामा लगिएको ।
- पालिका भित्रका वडा कार्यालयहरूले स्तनपान कक्ष तयार गरी सञ्चालन गरेको देखियो ।

## ४.३ गाउँपालिकाका यस वर्षका मुख्य मुख्य उपलब्धिहरू :

- जहदा  गाउँपालिकामा वडाका जनप्रतिनिधिदेखि गाउँपालिका प्रमुख (अध्यक्ष), उपाध्यक्ष, कर्मचारी, क्रियाशील राजनीतिक दलहरू, विषयगत शाखाहरू र नागरिक समाजहरूबीच सहयोग र सहकार्यमा कामहरू भइरहेको ।
- गाउँपालिकाको योजना तर्जुमा प्रक्रिया, कार्यपालिकाको नियमित बैठक, गाउँसभा, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टी सर्वेक्षण, बहुसरोकारवाला सामाजिक जवाफदेहिता जस्ता सार्वजनिक काममा गाउँपालिका बासीको सहभागिता र चासो हुने गरेको ।
- लोक सेवा तथा शिक्षक सेवा तयारी कक्षाहरू पालिका तथा वडाकार्यालयहरूले समेत निशुल्क रूपमा सञ्चालन गरेको देखियो ।
- क्रमगत योजना तथा पालिका भित्रका ठुला योजनाहरूको ठेक्का अबधी थप गरी कार्यसञ्चालन भइरहेको देखियो ।
- गाउँपालिकाले सडक, पुल, भवन, खानेपानी, बिजुली बत्ति जस्ता आयोजनाहरूको निर्माण र सञ्चालनमा निरन्तरता दिएर काम गरी बजेट विनियोजन गरेको देखियो ।
- उपभोक्ता समितिमार्फत विकास निर्माणको काम गर्नेबारे  छलफल भइरहेको देखियो ।
- गाउँपालिकाले आफ्नो राजस्व वृद्धि गर्ने लक्ष्यमा योजना बनाएर काम गरिरहेको देखियो ।
- ठेक्का तथा उपभोक्ता समितिमार्फत वडादेखि पालिकासम्मका कार्यक्रम र योजनाहरूको काम सञ्चालन गर्न पालिका प्रयासरत रहेको ।
- जहदा  गाउँपालिकाले आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, मधेशी मुस्लिम पिछडा वर्ग, जेष्ठ नागरिक सरोकार समाज समूह, महिला समन्वय समिति, बाल समूह सञ्जाललाई बजेट तर्जुमामा जिम्मेवार बनाएको देखियो भने यस्ता समितिहरूले योजना छनोट र तर्जुमामा भाग लिई विषयगत बजेटहरू गाउँसभाबाट स्वीकृत गराई योजनाअनुसारको कार्यमा प्रयोग गर्दै लगेको देखियो ।

- स्रोत साधनले भ्याएसम्म बाटो नभएको स्थानमा ट्र्याक खोल्ने, कच्चीबाटोहरू भएका स्थानमा ग्राबेल बाटो, ग्राबेल बाटोहरू उच्चस्तरिय ग्राबेल गर्दै लगिएको र उच्चस्तरीय ग्राबेल भएको स्थानमा कालोपत्रेको काम गर्ने गरी कार्य गर्दै गरेको देखियो।
- केही वडामा स्वास्थ्य सेवा तथा स्वास्थ्य शिविर कार्यक्रम गर्न आवश्यक छलफल भइरहेको पाईयो।
- विद्यालय खाजा कार्यक्रमअन्तर्गत गुणस्तरीय खाजा खुवाउने कार्यका लागि गाउँपालिकाले समय समयमा अनुगमन गर्ने गरेको देखियो।
- विद्यालयको शैक्षिक गुणस्तर सुधार नभएका विद्यालयमा गुणस्तर सुधारका लागि  योजना सहित कार्य गरिहेको देखियो।
- स्रोतले भ्याएसम्म स्व-रोजगार मुलक कार्यक्रम सञ्चालन गर्न गाउँपालिका प्रयासरत रहेको।
- स्वरोजगारमूलक  तालिमहरू सञ्चालन गर्न द्धिपक्षिय सम्झौताको कार्य भईरहेको।
- गाउँपालिकाको स्रोतले भ्याएसम्म गर्न सकिने कार्यमा विपद व्यवस्थापन बारे पूर्व तयारी गर्दै गरेको देखियो।
- जेन जि आन्दोलनको क्रममा भएको क्षतिको विवरण तयार गरी सम्बन्धित कार्यालयमा पठाईसकेको तथा आउने दिनमा यस्ता आन्दोलनमा क्षति नहोस भनि सरोकारवालाहरूसँग आवश्यक छलफल गरिएको पाईयो।
- पशु तथा कृषिशाखाबाट सञ्चालन हुने कृषक अनुदानका कार्यक्रम सञ्चालन भईरहेको देखियो।
- शिक्षा शाखाबाट विद्यार्थीहरूका लागि विभिन्न सचेतनामुलक कार्यक्रम सञ्चालन भईरहेको देखियो।
- सबै शाखा तथा वडाकार्यालयहरूले चौमासिक प्रतिबेदन तयार पारी प्रतिवेदन माथि छलफल भइहेको देखियो।
- स्वास्थ्य विमाका कार्यक्रमहरू सञ्चालन भईरहेको देखियो।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) अध्यावदीक गरी कार्यपालिकाबाट स्वीकृत गरिएको।
- लोक सेवा, शिक्षक सेवा तथा नागरिक सन्तिष्टि सर्वेक्षणका कार्यहरूका साथै शार्वजनिक सुनुवाइका लागि गाउँपालिकाले आवश्यक  कार्यहरू सुरू गरेको देखियो।

## ४.४ सामाजिक जिम्मेवारी कार्य सम्पादनको लेखा जोखा (गत आर्थिक वर्षहरूमा गरिएका कामहरूवाट प्राप्त नतीजाहरूको तुलनात्मक अध्ययन।

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत वर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| **५ वर्षमुनिका बालबालिकाको सङख्या तथा प्रतिशत** | ४६४६ जना | ▪ ५ वर्ष मुनिका बालबालिकाहरूका लागि विभिन्न प्रकारका खोप अभियान चलाएको। | **(४४०२ जना) ९.११ प्रतिशत रहेको।**<br>सबै बालबालिकाले खोप लगाएका तथा पूर्ण खोपयुक्त नगर घोषणा भएको। |
| **स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी सङ्ख्या।** | ९१३२ घरधुरीमा पहुँच पुगेको। | ▪ ग्रामिण सडकको मर्मत तथा सम्भारमा जोड।<br>▪ हरेक वडामा यातायातका साधन पुग्ने वातावरण निर्माण<br>▪ वडा स्तरमा खोप कार्यक्रम सञ्चालन तथा महिला स्वास्थ्य कार्यकर्ताहरूलाई तालिम | **१०० प्रतिशत अर्थात ९२३२ घरधुरीमा पहुँच पुगेको**<br>▪ हरेक वडा स्तरमा क्रमिक रूपमा गुणस्तरिय यातायातको पहुँच विस्तार हुँदै गएको<br>▪ वस्ती स्तरसम्म खोप सेवाको उपलब्धता<br>▪ हरेक वडामा एउटा स्वास्थ्य चौकी अथवा एउटा आधारभूत स्वास्थ्य केन्द्रको व्यवस्था गरिएको। |
| **खोपमा पहुँच भएको जनसङ्ख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा)** | १०२४ जना | • BCG,DPT,FIPV2, OPV, PCV3, DPT3, JE, Rota2, TYPHOID,Mr2 जस्ता खोप प्राप्त गरेका<br>• म. स्वा.स्वं से. परिचालन भएको तथा विभिन्न सचेतना कार्यक्रम सञ्चालन भएको।<br>• खोप केन्द्रको बिस्तार तथा खोप अभियान सञ्चालन भएको। | ९४३ जना **(१०० प्रतिशत)**<br>• खोप केन्द्रको बिस्तार तथा विभिन्न प्रकारका खोप कार्यक्रम सञ्चालन भएको।<br>• पूर्ण खोप अभियान मार्फत सबै सचेतना कार्यक्रम सञ्चालन भइहेको।<br>• सबै बालबालिकालाई खोपको पहुँचमा पुर्याउने कार्य भईरहेको। |
| **४ पटक गर्भवती जाँच गरिएको महिलाको सङ्ख्या** | १०० प्रतिसत रहेको। | ▪ म. स्वा. स्वं से.परिचालन गरिएको।<br>▪ स्वास्थ्य कर्मी करारमा नियूक्ति गरिएको। | **(१०० प्रतिशत)** (पहिलो दोस्रो पटक चेक गर्न आएपनि तेस्रो चौथो पटकसम्ममा गाउँपालिका बाहिर जाने गरेको) |

| | | | |
|---|---|---|---|
| **( प्रतिशतमा)** | | ▪ परिवार स्वास्थ्यसम्बन्धी  समीक्षाका साथै विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भएको ।<br>▪ स्वास्थ्य स्वयं सेबिकालाई प्रोत्साहन गरिएको । | ▪ मातृशिशु र बाल मृत्यृदर शून्यमा रहेको ।<br>▪ सबै गर्भवती महिलाहरूलाई गर्भवती जाँच गराउनुपर्ने बारे हानकारी भएको ।<br>▪ गर्भवती समयमा महिलाहरूले गर्ने काम तथा खानपानबारे सचेतनाको विकास भएको । |
| **दक्ष प्रसुति कर्मीबाट प्रसुति गरिएका महिलाको संख्या** | ८६ जना | ▪ प्रसूति सेवा केन्द्र बिस्तार, स्वास्थ्य चौकीमा दक्ष प्रसूतिकर्मीको व्यवस्था ।<br>▪ विभिन्न प्रकारका प्रसूति स्वास्थ्यसम्बन्धी तालिम प्रदान गर्नु।<br>▪ आमा सुरक्षा कार्यक्रम लागू गरिएको । | **८२ जना**<br>(प्रसुति गराउन गर्भवती महिलाहरू गाउँपालिका बाहिर बिराटनगरका सरकारी तथा प्राईभेट ऊस्पताल जाने गरेकोले)<br>▪ दक्ष प्रसूति कर्मीबाट  प्रसूति गराउनेबारे सचेतनाको विकास भएको ।<br>▪ बच्चा र आमाको स्वास्थ्य सुरक्षित हुने गरेको<br>▪ आमा सुरक्षा कार्यक्रम लागू गरिएको । |
| **झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको सङ्ख्या** | नपाईएको | ▪ स्वास्थ्यसम्बन्धी  सचेतना, सफा पिउने पानीको प्रयोग, बढ्दो सरसफाई, झाडा पाखाला  प्रतिको धारणामा परिर्वतन र खुला दिशा मुक्त क्षेत्र घोषणा । | **(नपाईएको)**<br>स्वास्थ्य तथा सरसफाईसम्बन्धी  सचेतना बढेको |
| **कडा खालका निमोनिया भएका बालबालिका सङ्ख्या** | नपाईएको | ▪ स्वास्थ्यसम्बन्धी  सचेतना बढदै गएको तथा शिक्षामा पहुँच भएकाले स्वास्थ्यप्रति सजग भएको । | सचेतनामूलक कार्यक्रम र ती कार्यक्रम बाट सचेतनाको सन्देश प्रवाह भएको । |
| **सब हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिनेको सङ्ख्या** | करिब ७५ प्रतिशत रहेको | ▪ हरेक वडामा हेल्थ पोष्ट, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी रहेको ।<br>▪ सब हेल्थपोष्ट वा हेल्थपोष्टबाटले २४ सै घण्टा सुबिधा दिएको ।<br>▪ सब हेल्थपोष्ट वा हेल्थपोष्ट प्रति नागरिकको विश्वास बढेको । | **६६ प्रतिशत (३१८८५)**<br>▪ अत्यावसेकिय औषधी र सेवा बाह्रै महिना निःशुल्क दिने प्रयास ।<br>▪ सब हेल्थपोष्ट वा हेल्थपोष्ट प्रति मानिसको विश्वास बढेको ।<br>▪ गत वर्षको तुलनामा सब हेल्थपोष्ट वा |

| | | | |
|---|---|---|---|
| | | | हेल्थपोष्टबाट सेवा लिनेको सङ्यामा उल्लेख्य बृद्धी भएको । |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **शिक्षा** | | | |
| **आधा घण्टाभित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको सङ्ख्या** | १०० % अर्थात सबै विद्यार्थी आधा घन्टा भित्रै पुग्ने गरेको । | ▪ विद्यार्थीको सङ्या रहेको स्थान तथा हरेक वडा तथा टोल बस्तीमा बिद्यालय रहेको ।<br>▪ हरेक विद्यालयमा बार्है मास (हिउँद तथा वर्खायाममा) गाडि, बाईक, साईकल जस्ता सवारिका साधनहरू सहजै जाने आउने वातावरण रहेको । | **(१०० प्रतिशत)**<br>▪ शिक्षामा पहुँच वृद्धि भएको । शिक्षाप्रति सचेतना बढेको । बाल बिकास केन्द्रमा बालबालिकाको पहुँच बृद्धी भएको । |
| **पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर** | यकिन तथ्यांङ्क नरहेको । | ▪ पुर्व प्राथमिक विद्यालयभन्दा बाहिर अझैपनि बालबालिकाहरू रहेकोले पालिकाले यसका लागि कार्य गरिरहेको ।<br>▪ स्थानिय तहको सहयोग र बाल विकास केन्द्रहरूको उल्लेख्य वृद्धिका कारण कहिलेको तुलनामा पूर्व प्राथमिक विद्यालयको भर्नादर बढेको । | **(४९.६ प्रतिशत)**<br>▪ वालविकास केन्द्रप्रति अभिबावक, वालवालिकामा सकारात्मक धारणा रहेको।<br>▪ आफ्नो घर टोल नजिकै रहेको बाल विकास केन्द्रमा भर्ना हुने क्रम बढेको ।<br>▪ वालबालिकालाई नेपाल सरकार तथा पालिकालेसमेत निःशुल्क रूपमा खाजा वितरण गर्ने गरेको । |
| **प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बालबालिका सङ्ख्या वा प्रतिशत** | ९५ प्रतिशत बालबालिकामा पहुँच पुगेको । | ▪ प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरू हुँदा अगाडि भर्ना अभियान सञ्चालन गरिएको ।<br>▪ विद्यार्थीहरूका लागि संघिय सरकार तथा स्थानिय सरकारले निःशूल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम पोशाक र पाठ्यपुस्तक लगायतका सुविधा दिने गरेको । | **हाल १०० प्रतिशत रहेको ।**<br>▪ प्राथमिक विद्यालयमा पुगेका बालबालिका हरूमा कक्षा छोड्ने दर घट्दै गएको ।<br>▪ प्रत्येक वर्ष गुणस्तरीय सिकाइ दर बढ्दै गएको। |

| | | | |
|---|---|---|---|
| **कक्षा १ मा खुद भर्नादर छात्र,छात्रा** | ९६ प्रतिशत रहेको | ▪ प्रत्येक गाउँ र टोलमा बाल विकास केन्द्र रहेकोले विद्यालयमा भर्नादर बढेको।<br>▪ विद्यालय भर्ना अभिभावक र समाज र वालबच्चामा सचेतना बढ्दै गएको। | **९६.३ प्रतिशत रहेको**<br>▪ प्रत्येक विद्यालय प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरूहुँदा भर्ना अभियान चलाएकोले भर्नादर बढेको। |
| **प्राथमिक तहमा कक्षा छोडने कक्षा दोहोर्याउने र कक्षा उत्तीर्ण हुने दर** | **एकिन तथ्याङ्क** रहेको। | ▪ प्रत्येक वर्ष नयाँ शैक्षिक सत्र सुरू हुँदा भर्ना अभियान चलाएको।<br>▪ निःशुल्क शिक्षा, छात्रवृत्ति, खाजा कार्यक्रम,पोशाक र पाठ्यपुस्तक लगायतका सुबिधा दिने गरेको।<br>▪ निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने गरेको।<br>▪ विद्यालयमा दक्ष र तालिमप्राप्त शिक्षकहरूले मात्र शिक्षण गराउने गरेको।<br>▪ विद्यालयलाई विद्यालयले गरेको शैक्षिक सुधारअनुसार नमुना विद्यालय घोषणा गर्ने र उचित पुरष्कार वितरण गर्ने गरिएको। | **कक्षा छोड्ने, कक्षा दोहोर्याउने तथा उत्रिर्ण दर।**<br>▪ कक्षा छोड्ने दर, कक्षा दोहोर्याउने दर टिकाउ दर तथा उत्तिर्ण दर पहिलेको तुलनामा बढ्दै गएको देखियो। |
| **प्राथमिक तहमा तालिम प्राप्त शिक्षक सङ्ख्या** | शत प्रतिशत रहेको। | ▪ सबै शिक्षकहरू शिक्षाशास्त्र अध्ययन गरेका मात्र सेवा प्रवेश गर्ने गरेका।<br>▪ शिक्षाशास्त्र अध्ययन नगरेका शिक्षकहरूले तालिम केन्द्रबाट तालिम लिएका।<br>▪ शिक्षा विकास तथा समन्वय एकाईबाट टि.पि.डि.तालिम लिएका। | **१०० प्रतिशत रहेको।**<br>▪ १०० प्रतिशत शिक्षाशास्त्र अध्ययन गरेका वा टि.पि.डि.तालिम प्राप्त गरेका।<br>▪ गाउँपालिकाको अनुदानमार्फत रहेका शिक्षकहरू पनि तालिम प्रप्त रहेको पाईयो। |
| **प्रति कक्षा कोठा विद्यार्थी सङ्ख्या** | केही विद्यालयमा औषत भन्दा बढी रहेको अन्यमा २० | ▪ विद्यालय भवनको सुधार तथा मर्मत सम्भार गरेको।<br>▪ विद्यालय भवन अपर्याप्त भएको बिद्यालयमा एक वा एक भन्दाबढी सेसन सञ्चालन गरेको। | ▪ **केही विद्यालयमा ओषत भन्दा बढी ३५-४० जना रहेको पनि अन्य विद्यालयमा औषतमा २० देखि २५ जनासम्म रहेको।** |

| | | | |
|---|---|---|---|
| | देखि २५ जना रहेको। | ▪ गर्मी मौषममा विद्यालय सहज रूपले सञ्चालन होस भनि पालिकाले विद्यालयमा पंङ्खा वितरण गरेको।<br>▪ हरेक वर्ष जिर्णोदार रहेका विद्यालयको अवस्ञा हेरी पालिकाले संघ, प्रदेश सरके र पालिकाको सहयोगमा विद्यालय दर्दत तथा सुधार गर्दै गरेको। | ▪ शिक्षा विद्यालय कक्षा कोठा सुहाउँदो विद्यार्थी रहेको |
| **बाह्य सहयोगमा निर्मित विद्यालय कोठा सङ्ख्या** | गत. आ.ब. मा निर्माण नरहेको। | ▪ विद्यालय भवन पर्याप्त भएकोले कक्षाकोठामा कोचिएर बस्नुपर्ने बाध्यता हटेको।<br>▪ विद्यार्थीलाई घाम, पानी, गर्मी र जाडोबाट हुने तनाव सम हुँदै गएको। | **निर्माण रहेको।**<br>▪ राउनटेवल संस्थाले रामजानकी आधारभूत विद्यालय जहदा गाउँपालिका वडा नं. ३ मा २ कोठे पक्की भवन निर्माण गरेको। |
| **गाउँपालिकाबाट निर्मित विद्यालय कोठा सङ्ख्या** | हरेक वर्ष पुनर्निर्माणको काम भइरहेको। | ▪ स्थानीय तहबाट मर्मत, विद्यालय घेराबेरा र लैङ्गिकता मैत्री शौचालय, खेल मैदान, खेलकुद सामग्री वितरण तथा अतिरिक्त कार्यक्रम सहित उत्कृष्ठ विद्यार्थी पुरस्कारको व्यवस्था गरेको। | **कक्षा कोठा निर्माण नरहेको।**<br>▪ हरेक वर्ष पालिकाले विद्यालयको अवस्था हेरी पुर्ननिर्माणका कामहरू जस्तै रङ्रोकन, जस्तापाता लगाउने, कक्षा कोठाको मर्मत सम्भार तथा विद्यालय घेराबाराको कार्य जडा तथा गाउँपालिकाबाट हुने गरेको। |
| **दलित बालबालिकाको शिक्षामा पहुँच** | **एकिन तथ्याङ्क** नरहेको। | ▪ दलित छात्रबृति, विद्यालय खाजा कार्यक्रम सञ्चालन भएको।<br>▪ विद्यालय स्वागत कार्यक्रम तथा सम्मान कार्यक्रम हरेक वर्ष सञ्चालन हुने गरेको।<br>▪ विद्यार्थी भर्ना तथा पोसाक अभियान कार्यक्रम सञ्चालन हरेक वर्ष हुने गरेको।<br>▪ निःशुल्क पाठ्यपुस्तक वितरण प्रत्येक वर्ष हुने गरेको। | **माध्यमिक विद्यालय सम्म १०७६ र छात्र १०३९ छात्रा गरी जम्मा २११५ जना विद्यार्थी विद्यालयमा रहेको।**<br>▪ पहिलेको तुलनामा दलित विद्यार्थीको शिक्षामा पहुँच बढेको।<br>▪ विद्यार्थीको सिकाइस्तर बृद्धी हुँदै गएको।<br>▪ निःशुल्क शिक्षा, खाजा तथा प्रोसाहान कार्यक्रम शञ्चालन भएको। |
| **सामाजिक** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |

| **जिम्मेवारीको क्षेत्र** | | | |
|---|---|---|---|
| **खानेपानि तथा सरसफाई** | | | |
| **स्वच्छ (सुरक्षित) पानी पुगेको परिवार सङ्ख्या वा प्रतिशत** | एकिन तथ्याङ्क नरहेको । | ▪ हिलटेक बनाएर पानी वितरण गरेको ।<br>▪ कलको पानी प्रयोग गर्ने केही परिवारले फिल्टरको प्रयोग तथा पानि उमालेर पिउने गरेको ।<br>▪ मानिसहरूमा शुद्ध पानि पिउने बारे सचेतना बृद्धी हुँदै गएको तथा खानेपानीबाट लाग्ने रोगमा कमी आएको ।<br>▪ केही विद्यालयमा शुद्धपानी वितरणका लागि गाउँपालिका बाट फिल्टर वितरण गरिएको । | **(घरधुरी ९३३२) को करिब ३०.२८ प्रतिशत (२८२४) घरधुरिमा स्वच्छ खानेपानि पुगेको देखियो ।**<br>▪ पहिलेको तुलनामा शुद्ध खानेपानीमा पहुँच बृद्धी हुँदै गएको । |
| **शौचालय नभएको सङ्ख्या वा प्रतिशत** | एकिन तथ्याङ्क नरहेको । | ▪ शौचालय प्रयोगबारे सचेतना बृद्धी हुँदै भएको ।<br>▪ शौचालय भएको परिवारले शौचालय प्रयोग गरी हात धुने गरेको ।<br>▪ सरसफाईमा चेतना वृद्धि भएको ।<br>▪ वडाभित्रका केही टोलहरू सफा र स्वच्छ क्षेत्र घोषणा हुँदै गएको । | **घरधुरी ९३३२) मा ९.३ प्रतिशतमा** (८४९ घरधुरी) मात्र नरहेको<br>▪ पहिलेको तुलनामा शौचालय बनाउने सङ्या बढेको तथा शौचालय प्रयोग गनुपर्ने चेतनाको विकास भएको ।<br>▪ पहिलेको तुलनामा उपलब्धी बढ्दै गएको ।<br>▪ गाउँपालिका खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएपनि शौचालय नभएको घरपरिवार रहेकोले। |
| **सुधारिएको चुलो तथा धुवाँरहित चुलो प्रयोग भएको परिवार सङ्ख्या** | एकिन तथ्याङ्क नरहेको | ▪ स्वास्थ्यसम्वन्धी चेतना बढेको, धुवाँबारे लाग्ने रोगका बारेमा जानकारी हुँदै गएको ।<br>▪ विद्यार्थीहरूलाई स्कुल शिक्षा, चुलो प्रदर्शनी, होर्डिङ्वोर्ड, क्यालेण्डर, पुस्तक, पर्चा वितरणवाट चुल्हो निर्माण गर्न सन्देशमूलक शिक्षा प्रदान गर्ने गरेको ।<br>▪ विद्युतीय चुलोबारे ज्ञान तथा प्रयोग बढेको । | **(५९३५ घरधुरी अर्थात ६५ प्रतिशत घरमा रहेको)**<br>▪ ग्यास तथा विद्युतीय चुलोको प्रयोग बढ्दै गएको ।<br>▪ धुवाँरहित चुलोको प्रयोग बारे सचेतना बढेको। |

| | | | |
|---|---|---|---|
| **स्रोतमा फोहोर छुट्याउने घरधुरी सङ्ख्या र प्रतिशत** | **घरपरिवारको एकिन तथ्याङ्क नरहेको स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रले मात्र छुट्याउने गरेको** | ▪ धरै मानिसहरूमा घर आँगन, भान्सा तथा अन्य स्थानबाट निस्कने फोहोरबारे सचेतना वृद्धि भएको ।<br>▪ फोहोर फाल्ने डस्बिनहरू केही स्थानमा वडा तथा गाउँपालिकाबाट बजार क्षेत्रका बाटो घाटो तथा शार्वजनिक स्थानमा राखिएको ।<br>▪ फोहोर छुट्याएर व्यवस्थापन गर्ने तथा प्लास्टिक तथा प्लास्टिक जन्य वस्तु, बोतल, बाल्न हुने, बाल्न नहुने तथा गल्ने र नगल्ने फोहोरबारे विभिन्न प्रकारका सचेतना कार्यक्रम सञ्चालन भइरहेको ।<br>▪ फोहोर फाल्न तथा अव्यवस्थित फोहोरलाई व्यवस्थापन गर्न गाउँपालिकाले साना- साना बजार तथा चोक चोकमा डस्टबिन तथा फोहोर व्यवस्थापन गर्ने सामानहरू राख्नाले पालिका बासिमा सचेतना बढ्दै गएको ।<br>▪ बोतल, बाल्न तथा प्रयोग गर्न नहुने वस्तुहरू, माटो तथा पानिमा नगल्ने वस्तु\फोहोरहरू सुरक्षित स्थानमा फाल्ने तथा भण्डारण गर्नका लागि गाउँपालिका प्रयासरत रहेको । | **अधिकाँस घरपरिवार तथा पालिका भित्रका स्वास्थ्य चौकी तथा प्राथमिक स्वास्थ्य केन्द्रले छुट्याउने गरेको ।**<br>▪ गाउँपालिका भित्रका अधिकाँस घरपरिवारले फोहोर छुष्याएर प्रयोग गर्न मिल्ने फोहोर खेतिपाति गर्ने भएकाले खेतिपातिमा प्रयोग गर्ने गरेको तर प्रयोग गर्न नमिल्ने फोहोर भने निश्चित ठाउँमा व्यवस्थापन गर्ने नगरेको ।<br>▪ पालिका भित्रका अधिकाँस घरपरिवारले प्लास्टिक जन्य वस्तु बाल्ने (जलाउने गरेपनि पछिल्लो समय मानिसमा सचेतना बढ्दै गएको । |
| **पूर्ण सरसफाई वातावरणमैत्री भएको घर** | एकिन तथ्याङ्क नरहेको | ▪ आफ्नो घर वरपर तथा पानिको मुहान छेउछाउमा सरसफाई गर्ने बारे सचेतना बढ्दै गएको ।<br>▪ वातावरण, पानिको मुहान तथा अन्य शार्वजनिक स्थानमा फोहोर गर्नाले विभिन्न प्रकारका सरूवा रोगहरू फैलने बारे पालिका तथा विभिन्न संघ संस्थाले सचेतना तथा सुधारका कार्यहरू गर्दै गरेको ।<br>▪ पालिका तथा गाउँपालिका, वडा कार्यालय तथा स्थानीय बासिको सहयोगमा पालिका भित्रका शार्वजनिक तथा खालि | **पालिका भित्रका केही क्षेत्रहरू_सफा र स्वच्छ घोषणा भई भएका ।**<br>▪ पहिलेको तुलनामा वातावरण सरसफाईबारे उपलब्धि बढ्दै गएको ।<br>▪ सरससफाई बारे पालिका, स्वास्थ्य शाखा, प्रहरी चौकी तथा विभिन्न सङघ सस्थाको सहयोगमा अभियान सञ्चालन हुने गरेको । |

| | | | |
|---|---|---|---|
| | | ठाऊँमा बृक्षारोपणका गर्दै लगिएको ।<br>▪ यस गाउँपालिकामा वास च्याम्पियन कार्यक्रम सञ्चालन भईरहेको ।<br>▪ महिला स्वयम् सेविका, सवास्थ्य संस्था र विद्यालय बीच सहकार्य भएको ।<br>▪ विद्यालयमा चेतनामूलक कार्यक्रम समय-समयमा सञ्चालन हुने गरेको । | |
| **फोहोर प्रशोधन केन्द्रको व्यवस्थापनको अवस्था** | फोहोर प्रशोधन र व्यवस्थापन बारे गाउँपालिकाले कार्य गरिरहेको । | ▪ ल्याडफिल्ड साइडको निमार्ण गर्ने कार्यमा गाउँपालिका प्रयासरत रहेको ।<br>▪ उपयुक्त ल्याडफिल्ड साइडको स्थानको खोजि भइरहेको ।<br>▪ फोहोर फाल्ने, प्रशोधन गर्ने तथा दिगो रूपमा फोहोर फाल्ने स्थान गाउँपालिकासँग नरहेको ।<br>▪ पालिका भित्र ठुला बजार नरहेकोले उत्पादित फोहोर धेरै नरहेको ।<br>▪ साना साना बजार क्षेत्रभित्रको फोहोर गाउँपालिकाले ट्र्याक्टरद्धारा फोहोर उठाउने र फाल्ने कार्यका लागि पहल गरिरहेको । | **(संघ, प्रदेश तथा गै.स.स. सँग साझेदारीका लागि गाउँपालिका प्रयासरत रहेको)** |
| **टुबेल, धारा वा पानीको मुहानमा सरसफाई प्रतिशतमा** | एकिन तथ्याङ्क नरहेको । | ▪ याहाँका प्राय धारा, कल तथा पानी आउने अन्य स्रोतहरूमा सरसफाई गर्ने बारे घरपरिवारका सदस्यहरू जानकार रहेको ।<br>▪ गाउँपालिकाका साथै विभिन्न संघ संस्थाको सहयोगमा सरसफाई बारे सचेतना कार्यक्रम सञ्चालन भइरहेको ।<br>▪ पानिको मुहान सफा राख्ने बारे सचेतना विकास भएको ।<br>▪ टुवेल तथा धआराहरू आधुनिक प्रकृतिका जडान हुँदै गएको । | **एकिन तथ्याङ्क नरहेको ।**<br>▪ खानेपानि तथा सरसफाईसम्बन्धी कार्य गाउँपालिकाले निरन्तर गरिरहेको ।<br>▪ पहिलेको तुलनामा उपलब्धि बढ्दै गएको ।<br>▪ इनार, पम्प सेट, टुबेलको पानि भन्दा धाराको खानेपानि विस्तार हुँदै गएको । |

| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
|---|---|---|---|
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| **बाल बिवाह,** बहु विबाह तथा अनमेल बिवाह**को सङ्ख्या** | बाल बिवाह तथा बहु बिवाह हुने गरेपनि मुद्धा दर्ता नभएको | ▪ बाल बिवाह, बहु विबाह तथा अनमेल बिवाह केही सचेतनामूलक कार्यक्रम सञ्चालन ।<br>▪ बाल बिवाह, बहु विबाह तथा अनमेल बिवाह कानुनीरूपमै दण्डनिय भइकाले मानिसमा कानुनको परिपालना भएको ।<br>▪ पालिका तथा वडा कार्यालयहरूद्धारा बालबिवाह बहु विबाह तथा अनमेल बिवाह विरूद्धको अभियान हरेक वर्ष सञ्चालन र सहकार्यमा भइरहेको । | **बाल बिवाह, बहु विबाह तथा अनमेल बिवाह केही केही हुने गरेको ।**<br>▪ बाल बिवाह, बहु विबाह तथा अनमेल बिवाहबारे वडा कार्यालय तथा न्यायिक समितिमा केही मुद्धाहरू परेको र त्यस्ता मुद्धा वडा तथा न्यायिक समितिले सम्बन्धित कार्यालयमा पठाउने गरेको ।<br>▪ बाल बिवाह, बहु विबाह तथा अनमेल बिवाह भए त्यस्तो विबाह रद्ध गर्ने तथा प्रहरीको जिम्मा लगाउने गरेको । |
| **सामाजिक बिकृति, विसङ्ती** | एकिन तथ्याङ्क नरहेको । | ▪ गाउँपालिका कार्यालय, वडा कार्यालयहरू तथा इलाका प्रहरी कार्यालय महेन्द्रनगर, चक्रघट्टी साथै समाजका प्रबुद्ध व्यक्तिहरूको सक्रियताले बिभिन्न सामाजिक बिकृति, विसंगतिमा कमी आएको<br>▪ वडा कार्यालयहरू तथा इलाका प्रहरी कार्यालय महेन्द्रनगर, चक्रघट्टी साथै विभिन्न संघ संस्था तथा कार्यक्रमहरूको माध्यमबाट दुव्र्यसन विरूद्ध जनचेतना बढाइएको ।<br>▪ विकृति र विसङ्गति नियन्त्रणमा नेपाल प्रहरीको संलग्नता रहने गरेको ।<br>▪ महिला हिंसा, दहेज प्रथा विरूद्ध जनचेतनामूलक कार्यक्रम | **प्राप्त तथ्याङ्क यस्तो रहेको छ ।**<br>▪ अपहरण, ज.क.मुद्धा, मानव बेचबिखन – आत्महत्या, सवारी दुर्घटना (एक्सिडेन्ट) जस्ता घटनाको रेकड पालिकासघव नरहेकोले यकिन तथ्याङ्क नरहेपनि सामान्यतया यि र यस्ता घटना पालिका भित्र हुने गरेको देखियो ।<br>▪ केही महिलाहरू घरेलु हिंसामा परेर न्यायिक समितिबाट मिलापत्र भएका भएर सँगै मिलेर बसेको ।<br>▪ गाउँपालिका स्तरमा **सामाजिक बिकृति र विसङ्ती** नियन्त्रणका लागि सम्वाद, |

| | | | |
|---|---|---|---|
| | | सञ्चालन भईरहेको ।<br>▪ कानुनी रूपमै सामाजिक विकृतिमा सम्लग्न ब्यक्तिहरूलाई कडा सजायको व्यवस्था गरिएको । | छलफल तथा कार्यक्रम भइरहेको ।<br>▪ हरेक वर्ष हमिला हिंसाविरूद्ध १६ दिने अभियान सञ्चालन हुने गरेको । |
| **सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपाङ्ग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाति) भत्ता प्राप्त लाभग्राही** | यहाँका शतप्रतिशत मानिसहरू प्रक्रियामा आएका । | ▪ कोही नछुटुन तथा कोही नदोरिउन भनेर कार्यक्रम सञ्चालन गरिएको ।<br>▪ टोल टोलमा सुरक्षा भत्ता नविकरणका गर्नका लागि कर्मचारी खटाइएको ।<br>▪ गाउँपालिकाबाट अपाङ्गता परिचय र जेष्ठ नागरिक परिचयपत्र वितरण गरिएको ।<br>▪ वार्षिक रूपमा तथ्याङ्क अद्यावधिक गरी सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरूको विवरण वडाअनुसार प्रकाशन गरिएको ।<br>▪ सुरक्षा भत्ता उपलब्ध गराउन समयमा बजेट निकासा गरिएको।<br>▪ भत्ता वितरणको प्रभावकारिताका लागि अनुगमन गरेको । | **१०० प्रतिशत मानिसहरू प्रक्रियामा आएका**<br>जेष्ठ नागरिक, दलित, एकल महिला, विधवा, पूर्ण अपाङ्गता, अति अशक्त अपाङ्गता र दलित बालबालिकाहरू गरी वार्षिक कायम सङ्ख्या महिला २२९३ र पुरूष १३६६ गरी जम्मा **३६५९** जनाले यस गाउँपालिकाबाट सामाजिक सुरूक्षा भत्ता प्राप्त गरेका ।<br>(यसको बृस्तित विवरण पञ्जिकरण शाखा अन्तर्गत देखाइएको छ) |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| **बाल श्रमको अवस्था** | गाउँपालिकाभित्र बाल श्रम नरहेको । | ▪ बाल श्रम विरूद्धको अभियान समय समयमा सञ्चालन भइरहेको तथा बालमैत्री नगरपालिका घोषणाको लागि आवश्यक कार्यहरू सञ्चालन भईरहेकोले सरेतना बढेको<br>▪ वालश्रम विरूद्धमा जनचेतना तथा हरेक विद्यालयमा बालक्लवहरूको गठन तथा परिचालनका कार्यहरू भईरहेको। | **गाउँपालिकाभित्र बाल श्रमिक नरहेको ।**<br>• बालश्रम विरूद्धमा जनचेतना र अनौपचारिक छलफल हुन थालेको ।<br>• बालश्रमको प्रयोग गरेमा कानूनको व्यवस्था बारे सबै नागरिक जानकार रहेको । |

| | | | |
|---|---|---|---|
| | | ▪ असमान ज्यालादारी भने पालिकाबासी श्रमिकहरूमा हुने गरेकोले पालिकामा जनगुनासो हुने गरेको। | • गाउँपालिका भित्र उद्योग धन्दा नरहेकोले गर्दा बालश्रमको प्रयोग नरहेको।<br>• असमान ज्यालादारी पाउने श्रमिकहरूको गुनासोलाई पालिकाले सम्बोद्धन गर्दै लगेको। |
| **जनचेतना तथा गरिबी निवारणका प्रयासहरू** | गरिबी निवारणका लागि सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय | ▪ गरिबी निवारणका लागि सञ्चालन गर्ने विभिन्न प्रकारका कार्यक्रम र लक्षित वर्गका कार्यक्रममार्फत गरिबी निवारणका उपायहरूको खोजि भइरहेको।<br>▪ पालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अन्य सोरोजगारमूलक कार्यक्रमबाट पनि गरिबी निवारणका प्रयासहरूको काम भइरहेको। | • गरिबहरूको सङ्ख्यामा कमी ल्याउने गाउँपालिकाले स्व-रोजगारमूलक तालिमका साथै संघ सरकार, प्रदेश सरकार तथा विभिन्न गैर सरकारी संस्थाहरूसँग समन्जय र प्रयासको काम गरिरहेको। |
| **बाल क्लवहरूको अवस्था** | १५ ओटा विद्यालयमा बाल क्लबको गठन भएको | • बाल क्लबका सदस्यहरूलाई विभिन्न प्रकारका तालिम exposer visit सर सफाई अभियान, सडक नाटक, अतिरिक्त क्रियाकलापमा सहभागिता गराउने काम भइरहेको<br>• समय समयमा बालक्लबहरूको पुनर्गठन गरिएको।<br>• एच आई भि एड्ससम्बन्धी अभियान सञ्चालन तथा लागू औषध दुव्र्यसनी बारे जागकारी गराएको। | **७ वटा वडाका १५ वटा विद्यालयमा १५ वटै बालक्लव तथा स्काउट क्लव ९ वटामा गठन भएको।**<br>• हरेक विद्यालयहरूमा बाल क्लबहरू गठन र पुनर्गठन गर्दै लगिएको।<br>• बाल क्लबहरू सुदृढीकरण भएको।<br>• बालबालिकाहरूमा नेतृत्व गर्ने क्षमताको विकास भएको।<br>• समय-समयमा बालक्लवहरूलाई क्षमता विकास तालिम सञ्चालग गर्दै लगिएको। |

| | | | |
|---|---|---|---|
| **महिला हिंसाको अवस्था** | एकिन तथ्याङ्क नरहेको तर वडा, न्यायिक समिति तथा प्रहरी कार्यालयको रिपोटअनुसार महिला हिंसा रहेको र अझै पनि हिंसा सहेर बस्ने गरेको। | ▪ पालिकाका विभिन्न वडामा महिला हिंसा विरूद्धका अभियान र कार्यक्रम सञ्चालन भएको।<br>▪ लैंगिक हिंसासम्बन्धी हरेक वर्ष १६ दिने अभियान सञ्चालन भएको।<br>▪ लैंगिक हिंसासम्बन्धी घटनाहरूको विवरण सङ्कलन गर्ने गरिएको।<br>▪ न्यायिक समिति मार्फत दुई पक्षलाई झिकाई छलफल गर्ने गरिएको। | ▪ महिला हिंसासम्बन्धी केही घर परिवारमा कुटपिट, झैझगडा, गाली-गलौज, मानसिक यातनाका घटनाहरू हुने गरेपनि घर परिवारमै मिलाऊने तथा महिलाहरू सम्बन्धित निकायसम्म पुग्न नसकेको देखियो।<br>▪ केही महिला हिँसाका घटना वडा कार्यालय हुँदै न्यायिक समितिमार्फत दुबै पक्ष जिकाई मेलमिलाप गराउने खालका भइ मेलमिलाप गराउने र मिलमिलाप गराउन नसक्ने भए सम्बन्धित स्थानमा पठाउने गरेको। |
| **बाल विवाह, बहु विवाह र अनमेल बिवाहको स्थिति** | एकिन तथ्याङ्क नरहेको तर | ▪ सामाजिक विकृति र विसङ्गतिका विरूद्धमा कार्यक्रम भएकाले बहु विवाह र अनमेल बिवाहमा पहिलेको तुलनामा कमी आएको।<br>▪ कानूनी रूपमा वालविबाह, बहुबिवाह तथा अनमेल विबाह दण्डित रहेकोले कम हुँदै गएको। | ▪ पालिका तथा वडा कार्यालयको रेकडमा यस्ता घटना गर्ता नभएपनिबाल बिवाह, बहु बिवाहमा तथा अनमेल विबाहकास घटना सामान्यतया समाजमै मिलाउने, घटना बर्ता गर्न सम्बन्धित कार्यालय नजाने गरेको देखिन्छ। |
| **रोजगारीको अवस्था** | अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वयको कार्य भईरहेको । | • विभिन्न सीपमूलक तथा स्वरोजगार मूलक तालिमहरू सञ्चालन हुने गरेको।<br>• गाउँपालिकमार्फत अल्पकालीन तथा दीर्घकालीन रोजगारीको खोजी तथा समन्वय भईरहेको।<br>• प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत ९० दिनको रोजगारी तथा कार्यस्थलमा आधारित स्व रोजगारमूलक सञ्चालन गरिएको।<br>• साना आयोजना र उपभोक्ता समितिबाट निर्माण गरिने आयोजनाहरू जस्तैः सडक निर्माण, भवन निर्माण जस्ता | • यस वर्ष मात्र वडा र गाउँपालिकाबाट करिब ५०० जना भन्दा बढीलाई विभिन्न प्रकारका स्व-रोजगारमूलक तालिम सञ्चालन गरिएको।<br>• तालिम प्राप्त व्यक्तिहरू केही स्व-रोजगार बनेको, सिप सिकेर बैदेशिक रोजगारीमा गएको तथा केही व्यक्तिहरूले साना ठुला आयोजनाहरूमा रोजगारी प्राप्त गरेका। |

| | | | |
|---|---|---|---|
| | | योजनाहरूबाट अल्पकालीन र प्रत्यक्ष रोजगारीको सिर्जना हुने गरेको।<br>• प्रत्येक वर्ष मेड्पा कार्यक्रममार्फत पालिका बासिलाई स्वरोजगार मूलक तालिमहरू सञ्चालन गर्दै लगिएको। | • पहिलेको तुलनामा रोजगारीमा अभिवृद्धि हुँदै गएकोमा जेन्जि आन्दोलनले पश्चात केहीको रोजगारी गुमेको देखियो।<br>• ६५जनालाई बेरोजगारलाई न्युनतम रोजगारीका आयोजनामा खटाईएको।<br>• ४० जनालाई ५० दिने कार्यस्थलमा आधारित तालिम सञ्चालन गरिएको (प्लम्बर तालिम र सडक मर्मत सम्भार तालिम)<br>• वैदेशिक रोजगारमा जानेहरूको कार्यदक्षतामा वृद्धि भएको। |
| **सामाजिक परिचालन** | अवसर, रोजगारी, अधिकार आदि क्षेत्रमा समावेशी तथा समान अधिकार रहेको। | • हरेक वर्ष अति विपन्न बस्तीमा सचेतना कार्यक्रम सञ्चालन भईरहेको।<br>• अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन तथा पोषणसम्बन्धी कार्यक्रम सञ्चालन।<br>• नीतिगतरूपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशिताअनुसार कार्यक्रम सञ्चालन भएको। | • विपन्न समुदायका मानिसहरूलाई प्राथमिकता दिइएको।<br>• स्वरोजगारको वृद्धि, आय आर्जनमा वृद्धि, समान अवसर आदि। |
| **वातावरण सुधारका प्रयासहरू** | • वातावरण मैत्रि कार्यहरू गर्न गाउँपालिका प्रयासरत रहेको। | • विभिन्न समितिबाट वातावरण सुधारसम्बन्धी समन्वय गरेको।<br>• पालिकाले बृक्षारोपण गरी हरियालि पालिका निर्माण गर्न प्रयासरत रहेको।<br>• वनजङ्गल, वन्यजन्तु, चराचुरुंगी, जलउपयोग वातावरण पर्यावरण तथा जैविक विविधतासम्बन्धी स्थानिय नीति, कानुन, मापदण्ड निर्धारणका साथै योजना कार्यान्वयन र नियमन गर्न पालिका प्रयासरत रहेको। | • गाउँपालिका भित्र साना, ठुला उद्योगहरू नरहेपनि गाउँघरमा प्लास्टिक तथा वातावरणलाई प्रत्यक्ष असरगर्ने खालका वस्तुहरू बाल्न नहुने कुराको लागि सचेतना कार्यक्रम सञ्चालन हुने गरेको।<br>• गाउँपालिकाका विभिन्न सार्वजनिक स्थलहरूमा शार्वजनिक शौचालयहरू निर्माण |

| | | | |
|---|---|---|---|
| | | • ध्वनि नियन्त्रणका लागि गाउँपालिका तथा नेपाल प्रहरी मार्फत समन्वयमा कार्य भईरहेको। | गर्न पालिका प्रयासरत रहेको।<br>• गाउँपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भएको। |
| **वन संरक्षण र सुधार** | पालिकाभित्र आफ्नै वन नरहेको | • खुला स्थान, शार्वजनिक स्थान तथा बाटोको दाया- बायाँ बृक्षारोपण कार्यक्रम तथा सरसफाई अभियान सञ्चालन हुँदै गएको।<br>• ग्यास चुलो, विद्युतीय चुलोको प्रयोग, सुधारिएको चुलो तथा केही घर गोबर ग्यासको प्रयोग भएको। | • जहदा गाउँपालिका वडा नं. २ मा बृक्षारोपण गरी वन जङ्गल निर्माण तथा विस्तार गर्ने काममा पालिकाले आफ्नो क्षेत्राधिकार भित्रको कार्य गरिरहेको। |
| **एच.आई. भि. र एड्स** | रोगीको विवरण नरहेको। | • पालिकाले एच आइ भी एड्सको अनुगमन र न्यूनीकरणको लागि काम गरिरहेको।<br>• पालिकाले बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका मानिसहरूलाई विशेष ध्यान दिने गरेको। | • एच.आई. भि. एड्ससम्बन्धी मानिसहरूमा सचेतना स्तर बढ्दै गएको।<br>• सुरक्षित यौन सम्पर्क (अस्थायि साधन) प्रयोग गर्नेको सङ्ख्या बढ्दै गएको विभिन्न तथ्याङ्कले देखाएको। |
| **विकासमा समान सहभागिता** | गाउँपालिकको कार्यालय र नागरिक बिच विकास कार्यमा समान सहभागिताको रूपमा कार्य हुँदै आएको छ। | • विभिन्न प्रकारका अध्ययन, अनुसन्धान तथा स्थलगत अवलोकन तथा विभिन्न प्रकारका नीतिका आधारमा विकासमा समान सहभागिता बढेको सुनिश्चितता गरिएको।<br>• गाउँपालिकको कार्यालयले दलित वर्ग समन्वय समिति, महिला समन्वय समिति र आदिवासी तथा जनजाति समन्वय समिति, पिछडा वर्गअन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको ।<br>• सकेसम्म सम्बन्धित विषयहरूका लागि सम्बन्धित समन्वय समितिबाट नै वजेट खर्चहरू गर्ने गरेको। | • महिला समन्वय समिति, आदिवासी तथा जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति लगायतका नीतिगत समितिहरूको गठन तथा परिचालन हुनु।<br>• बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समितिद्धारा सहभागिता सुनिश्चित भएको।<br>• सकारात्मक सोचको विकास तथा विकासमा समानताको बृद्धी हुँदै गएको। |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |

| **सेवाहरूमा पहुँच** | | | |
|---|---|---|---|
| **स्थानीय बजारको अवस्था र पुग्न लाग्ने समय** | प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजार रहेको र आधा घण्टा भित्र पुग्ने दुरी रहेको। | • सबै वडामा सडक सञ्जाल पुगेको।<br>• साइकल, सिटीसफारी तथा यातायातको साधन प्रयोग हुने भएकोले बजारमा सहज पहुँच भएको।<br>• स्थानीय बजार सम्मको पहुँच बढाउन सडक बिस्तार तथा सडकको गुणस्तरमा जोड दिएको प्रत्येक वडामा लाग्ने साना ठुला हाट बजारमा भने १० देखि १५ मिनेटसम्म पैदल हिडेर तथा साईकलमा पुग्ने वातावारण भएको | • सबै वडामा हरेक वर्ष गुणस्तरिय सडक सञ्जालको बिस्तार हुँदै गएको।<br>• टोल टोलमा स्थानीय हाटबजार लाग्ने हुनाले बजार पुग्न लाग्ने समयमा कमी आएको।<br>• स्थानिय बजारलाई व्यवस्थित गर्दै लगिएको। |
| **कृषि सेवा केन्द्र जान लाग्ने समय** | प्रत्येक वडामा समय-समयमा कृषि प्राविधिक तथा घुम्तिसेवा दिएको। | • कृषि परामर्श दिने तथा बजारीकरण र स्तरोन्नतिका लागि काम भइरहेको।<br>• कृषि सेवा केन्द्रको बिस्तार हुँदै गएको। | • नेपाल सरकारको नीतिअनुसारको कृषि सेवाकेन्द्र रहेको।<br>• पालिकामा रहेको कृषि शाखाका कर्मचारिहरूलाई आवश्यकताअनुसार समय समयमा वडा तथा टोलस्तरमा खटाई आवश्यक सुविधा दिँदै आएको। |
| **भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्तकृत वर्गको सङ्ख्या, निजहरूले पाएको सेवा तथा दिएको विशेषअवसरहरू** | विभिन्न समन्वय समितिबाट कामहरू भइरहेको। | • विभिन्न सीप विकास तालिम, स्व-रोजगारमूलक तालिम, छात्रबृत्तिको कार्यक्रम, निःशुल्क शिक्षाको सञ्चालन तथा आयोजनाहरूमा विभिन्न समुदायको सहभागिता गराएको<br>• गाउँपालिकले आन्तरिक स्रोतबाट उक्त समितिहरूका लागि बजेट विनियोजन गरेको।<br>• गाउँपालिकको कार्यालयले दलित वर्ग समन्वय समिति, महिला समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति तथा पिछडा वर्ग समन्वय समिति निर्माण गरी त्यसअन्तर्गत समावेशी प्रक्रिया अवलम्बन गरेको । | • दलित तथा आदिवासी छात्र छात्राहरूलाई शिक्षामा छात्रवृति वितरण गरिएको।<br>• महिलाहरूलाई पुरूषसरह नीति नियम तथा अधिकारको क्षेत्रमा समावेस गरिएको।<br>• महिलाहरूलाई पुरूषस समान ज्यालादारी तथा समान हकका लागि पालिका प्रयासरत रहेको। |

| | | | |
|---|---|---|---|
| | | • सम्बन्धित विषयहरूका लागि सम्बन्धित समन्वय समितिबाट नै वजेट खर्चहरू गरेको। | |
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **गत वर्षको अवस्था** | **प्रयास** | **उपलब्धि** |
| **संस्थागत क्षमता** | | | |
| **जनशक्ति** | स्थायिकर्मचारी- ७६ अस्थायि/करार कर्मचारी – ७ जना | ▪ जनताको काम छिटो छरितो गर्ने गरेको। <br> ▪ सेवा प्रवाह देखि सेवाग्राहीहरू सन्तुष्ट रहेको। | **स्थायि - ७६, अस्थायि/करार – ७ तहविहिन कर्मचारी २६ जना गरी जम्मा – १०९ जना (स्वास्थ्य संस्था सहितका कर्मचारी)** सङ्गठन संरचना ०८० अनुसार) <br> ▪ भएको जनशक्तिले सकेसम्म राम्रोसँग काम गरेको। |
| **नीतिगत कार्यक्रम** | योजना तथा कार्यक्रम चरणबद्ध रूपमा टोल बस्तीदेखि गाउँसभासम्म आउने गरेको। | • स्थानिय सरकार सञ्चालन ऐन २०७४ अनुसार कार्यक्रमहरू सञ्चालन भएको। <br> • स्थानिय सरकारको वार्षिक बजेट कार्यक्रम तर्जुमा गरिएको। <br> • तल्लो तहदेखि गाउँपालिकाको वार्षिक योजना ( बजेट तथा कार्यक्रम) तर्जुमाका चरणहरू समावेस गर्ने प्रयास गरेको । (चरणहरूः वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति, श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण, बस्ती/टोल स्तरबाट योजना छनोट, वडास्तरिय योजना प्राथमिकता निर्धारण, एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा, कार्यपालिकाबाट स्वीकृती, सभाबाट स्वीकृति) | बजेट स्रोत साधनले भ्याएसम्मको काम भएको। |
| **भौतिक अवस्था** | गाउँपालिकाको कार्यालय र ७ वटै वडाकार्यालयहरू सञ्चालनमा रहेको। | • गाउँपालिकाको कार्यालय र ७ वटै वडा कार्यालयहरूका आफ्नै भौतिक संरचना रहेको। <br> • हरेक वर्ष जडा कार्यालय भवन मर्मत सुधार, विद्युतको समस्या समाधान र सुधार, सडक यातायतमा सुधारको काम भईरहेको। <br> • आवश्यकताअनुसार प्रत्येक कोठामा डेस्कटप, ल्यापटप, | • जेन्जि आन्दोलनका क्रममा गाउँपालिका तथा पालिका भित्रका वडा कार्यालयहरूका साथै कार्यालयका भौतिक सम्पतिहरूमा क्षति भएता पनि त्यसको विवरण तयार गरी तत्काल कार्य सञ्चालन गर्दै लगिएको। |

| | | | |
|---|---|---|---|
| | | फोटोकपी मेसिन, प्रिन्टर, टेलिफोन, स्क्यानर, इमेलइन्टरनेटको राम्रो व्यवस्था भएपनि जेन्जी आन्दोलनले केही वडा कार्यालय र पालिकामा क्षति बएकोले त्यसलाई तत्काल सुधार गरी कार्य गर्दै गरेको ।<br>• गाउँपालिकाको कार्यालयमा कार्यालय प्रयोजनका लागि प्रयोग गरिएका गाडीहरूको आन्दोलनमा क्षती भएपनि पालिका प्रमुख (अध्यक्ष) ज्यूले आफ्नै गाडिको प्रयोग गरी पालिकाबासीको कार्य गरिरहेको तथा पालिकामा केही मोटरसाइकलहरूका साथै उपाध्यक्ष तथा प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक पर्ने सवारिका साधनको उपलब्धता रहेको पाईयो ।<br>• अन्य कार्यलयलाई आवश्यक पर्ने विद्युतिय साधनहरू तथा फर्निचरका साधनहरू कार्यालयमा रहेको देखियो । | • व्यक्तिगत घटनासम्बन्धी तथ्याङ्कहरू कम्प्यूटरमा राख्ने गरेको ।<br>• गाउँपालिका तथा सबै वडाहरूमा Email internet को सुबिधा भएको ।<br>• गाउँपालिका तथा सबै वडाहरूले सुचना नागरिकसम्म पुगोस भनि सुचना पाटी तथा पालिकाको वेवसाईट र Facebook Page हरूको सञ्चालन गरेको।<br>• कार्यालयको हरेक कामहरू डिजिटाइज गर्दै लगिएको ।<br>• गाउँपालिकाको वेवसाईट www.jahadamun.gov.np पुर्नताजगी भईरहेको । |
| **विधुतीय सुशासन** | कार्यालयबाट गरिने सम्पूर्ण कार्यमा कम्युटर प्रविधिको प्रयोग । | • बिद्युतीय शुसासन कम्प्युटरबाटै व्यक्तिगत घटना दर्ता तथा विभिन्न प्रकारका सिफारिसहरूको काम हुने गरेको ।<br>• सम्पूर्ण सिफारिस, दर्ता, राजस्वका कार्यहरू अनलाईन तथा विद्युतिय प्रक्रियामार्फत नै हुने गरेको । | • प्राय दुवै पक्ष मिलेर बस्ने गरेको काम छिटो, छरितो सरल र स्पष्ट हुने गरेको ।<br>• हरेक बर्ष बिद्युतीय प्रणालिबाट हुने कार्यमा प्रयोग बढ्दै गएको । |
| **समन्वय र सहकार्यका प्रयासहरू** | प्रदेश सरकार र गा.पा.को सहकार्यमा अपाङ्गता रोकथाम कार्यक्रम, निजी साझेदारीमा सहकार्य भएको | • तल्लो तहदेखि गाउँपालिकाको वार्षिक योजना ( बजेट गाउँपालिकासँग समन्वय गरेर मात्र विभिन्न दातृ निकायहरूले काम गरिरहेको ।<br>• राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सहकारी संस्थाहरूसँग सहकार्य भइरहेको ।<br>• खुला र पारदर्शिताको अभ्यासमा हातेमालोमा काम भइरहेको। | • संघ, प्रदेश सरकार र गा.पा.को सहकार्यमा कार्यहरू भईरहेको ।<br>• अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम, खाद्यसुरक्षण तथा पोषण कार्यक्रम, साहस नेपाल र गाउँपालिकाको सहयोग तथा सहकार्य कार्यक्रम सञ्चालन भईरहेको । |

| | | | |
|---|---|---|---|
| | | | • खुला र पारदर्शिताको विषयमा हातेमालो गर्ने कार्य भएको।<br>• नेपाल रेडक्रस सोसाईटि तथा लुथरन सामुदायिक समाज कल्याणले साझेदारीमा कार्यक्रम गर्दै गरेको। |
| **अन्य सामाजिक सम्पादनका क्षेत्रहरू** | प्रधानमन्त्रि रोजगार कार्यक्रम, मेड्पा कार्यक्रम सञ्चालन अपाङ्ता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम | • स्व-रोजगारका क्षेत्रमा गाउँपालिकाले काम गरिरहेको<br>• स्व-रोजगारमूलक तालिम सञ्चालनमा रहेको।<br>• व्यवसायिक तालिम पश्चात सिप तालिम सञ्चालन हुने गरेको।<br>• अपाङ्ता क्षेत्रमा क्षमता विकास तथा सिपविकास कार्यक्रम सञ्चालन भएको र आत्म निर्भर हुँदै गएको। | • प्रधानमन्त्रि रोजगार कार्यक्रम, मेड्पा कार्यक्रम सञ्चालन अपाङ्ता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम सञ्चालन भएको ।<br>• कार्यक्रमको प्रकृति अनुसार कार्य सञ्चालन भइरहेको।<br>• कार्यक्रमअनुसार थप उपलब्धी बढ्दै गएको। |

## ४.५ गाउँपालिकाले उक्त कार्यक्रम तथा आयोजना कार्यान्वयन गर्दा भोगेका समस्या तथा चुनौतिहरू

जहदा  गाउँपालिकाको स्थापना भएपश्चात जहदा  गाउँपालिकाकाले प्राप्त गरेको बजेटलाई दिगो विकासको प्रतिफल प्राप्त गर्ने योजनाहरूमा वाँडफाँड गरी योजनाहरूको कार्यान्वयन गर्ने जमर्को गरेको देखियो । नयाँ व्यवस्था नयाँ स्थानीय सरकार भए तापनि पुरानो संस्कारलाई परिवर्तन गर्न नसकी रहेको समाजमा एकैपटक परिवर्तनको आशा गर्न नसकिने र जहदा  गाउँपालिकामा पनि योजनाहरूको कार्य सम्पादनमा तिनै समस्याहरू देखापरेका कुरा अवगत भएको छ। साथै कार्यसम्पादनमा विभिन्न कुराका चुनौतीहरू पनि देखिएका छन्।

१) पालिका वासिको स्वास्थ्य र शिक्षाको अवस्थामा हिजोको तुलनामा सुधार देखिएपनि स्वास्थ र शिक्षामा अझै धैरै सुधारका कार्यहरू गर्नुपर्न देखिएकाले पालिकालाई चुनौति रहेको देखियो।

२) स्वास्थ्यको गुणस्तर सुधार, निशुल्क स्वास्थ, औषधिउपचार, महिलाको प्रजन्न स्वास्थ्य जस्ता कुराको सुधार गर्नुपर्ने देखिन्छ।

३) विद्यालयमा विद्यार्थी शत प्रतिशत भर्ना, सत प्रतिशत टिकाउने तथा शत प्रतिशत उत्रिर्ण गराउनुसा साथै निःशुल्क र अनिवार्य शिक्षालाई गुणस्तरिय कायम गर्दै लैजान सबैसँग सहकार्य र पालिकाले योजना बनाएर कार्य गर्नुपर्ने देखिन्छ।

४) पालिका बासीमा स्वच्छ खानेपानि पुर्याउन बजेटको व्यवस्था नहुनु तथा फोहोरमैलाको उरित रूपमा व्यवस्थापन गर्न नसक्नु।

५) खुल्ला सिमानाले वेरोजगारी, अशिक्षाले गर्दा पालिकाभित्र अझैपनि बाल विबाह, बहु विबाह तथा अनमेल विबाह हुने गरेकोले यस्तो समस्या समस्या समाधान गर्न पालिकालाई चुनौति रहनु।

६) आफ्नो भूगोल, जनशक्ति, सामाजिक संरचनाअनुसारको सिपमूलक कार्यक्रम नभएकाले गर्दा स्वरोजगारी बन्ने अवसरको सृजना नहुनु।

७) गाउँपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर बनाउन आन्तरिक राजस्व सङ्कलन गर्ने कार्यक्रम कम हुनु।

८) पर्याप्त कृषि, पशु, चौपायहरूको उत्पादन भए पनि त्यसको वेच विखनको लागि कृषि बजार सम्मको लागि ढुवानीको समस्या हुनु तथा  कृषकले कृषि उपजको उचित मुल्य नपाउनु जसले गर्दा कृषकलाई पेशाप्रति वितृष्णा हुनु।

९) कृषकहरूमा राम्रो र गुणस्तरिय उत्पादन गर्ने भन्दा पनि छोटो समयमा बढी उत्पादन गर्ने र धैरै कमाउने उद्धेश्यले खुल्ला सिमानाका कारण कृषि वस्तुमा अत्याधिक मात्रामा बिषाधिको प्रयोग गरिनु।

१०) व्यवस्थित कृषि उत्पादन भण्डारण गर्ने चिस्यान केन्द्र नहुनु जसले गर्दा छोटो समय रहने उत्पादित सामग्रिहरू सड्ने, बिग्रने हुनाले त्यस्ता वस्तु उत्पादन गर्न कृषकले मन नगर्नु।

११) शिक्षा,स्वास्थ्य, मनोरञ्जन तथा पर्यटकीय स्थलहरू र सम्भावित ठाउँहरूको व्यवस्थापन राम्रोसँग हुन नसक्नु ।

१२) ऐतिहासिक, धार्मिक पर्यटन र मनोरञ्जन गर्ने स्थानहरूको व्यवस्थापन गर्ने र प्रचार प्रसारका कार्यक्रम नहुनु ।

१३) कतिपय स्थानमा निर्माण भएका ढलान वाटाहरूमा नालाको समस्या हुनु तथा कतिपय बजार स्थानमा खुल्ला ड्रेन निर्माण गरिनु ।

१४) गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमूलक उधोग धन्दा, कलकारखाना नहुनु ।

१५) फोहोरमैला छुट्याउने, प्रयोगगर्ने तथा व्यवस्थापन गर्ने कार्य प्रभावकारी रूपमा सञ्चालन हुन नसक्नु ।

१६) कृषियोग्य भूमि खण्डीकृत हुँदै प्रयोग विहीन हुनु गाउँपालिका भित्रका धेरै सडकहरू कच्ची हुनु तथा पक्की सडकहरू पनि कम गुणस्तरका हुनु ।

### ४.६ जहदा गाउँपालिकाको अवसर, सम्भावना तथा आगामी दिनमा चाल्नु पर्ने कदमहरू

- गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी तथा खाद्यान्न र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेकाले त्यसतर्फ कार्ययोजना बनाई काम गर्नुपर्ने ।
- जहदा गाउँपालिका भित्र उत्पादन हुने तरकारीहरूको प्रचारप्रसार गरी कृषी पर्यटन विकास र विस्तार गर्न सकिन्छ साथै खाद्यान्न बाली, तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यावसायिक कृषि उत्पादनलाई जोड दिन सहज तथा उचित देखिन्छ जसको बजार क्षेत्र नेपालकै दोस्रो ठुलो शहर बिराटनगर रहेको देखिन्छ ।
- जहदा गाउँपालिका भित्रका ऐतिहाँसिक तथा धार्मिक महत्का स्थलहरू संङग्राहालय, मन्दिर, मस्जिद, पाटी पौवाको विकास, विस्तार तथा त्यसको प्रचारप्रसार गरी धार्मिक पर्यटन विकास र विस्तार गर्नुपर्ने ।
- जहदा गाउँपालिकाभित्र सङ्कलन हुने पटके कर लागायतका अन्य कर, सेवा शूल्कहरूलाई प्रभावकारी कार्यान्वयनमा ल्याउनुपर्ने ।
- व्यवसाय करलाई अझ प्रभावकारी बनाउँदै उद्योगी व्यवसायीहरूसँग सहकार्य गर्दै बजार विस्तार र विविधीकरणमा भूमिका खेल्नुपर्ने ।
- व्यवसाय, उद्योग, शिक्षा, स्वास्थ्य, सञ्चार क्षेत्र तीब्र विकास भइरहेकाले गाउँपालिकामा आउने दिनमा दक्ष जनशक्तिको उत्पादन वृद्धितर्फ विशेष कदम चाल्नुपर्ने ।

- सडकको स्तरोन्नति र मुल सडकलाई कालो पत्रे तथा भित्रि सडकलाई वातावरणमैत्री हिसावले इन्टरलक सडकको रूपमा विस्तार गर्ने कार्यलाई अझ प्रभावकारी रूपमा गुणस्तरीयतालाई ध्यान दिई अगाडि बढाउनु पर्ने ।
- यातायात गूरू योजनाको निर्माण गरी सोही आधारमा सडक सञ्जालहरूको विकास, विस्तार र नेटवर्क निर्माण गरी गाउँ यातायात सञ्चालन गर्न सके गाँउ र शहरको अन्तरसम्बन्ध गतिशील हुने साथै ग्रामीण क्षेत्रको उत्पादन, शहरी क्षेत्रको खाद्यान्नको आधार भई ग्रामीण अर्थतन्त्र चलायामान हुने देखिन्छ । यसका लागि पूर्जीँ परिचालन गरी स्थानीय सहकारीहरू लाई प्रर्वद्धन गर्नु पर्ने ।
- सहकारीहरूको समन्वयमा श्रोत परीचालनमार्फत चौतर्फी विकास गर्न सक्ने सम्भावना रहेकाले त्यसतर्फ कार्य गर्नुपर्ने ।
- गाउँपालिकाको आम्दानी  निर्माण गर्न पर्यटन क्षेत्रको सम्भाव्यता अध्ययन र गुरू योजना निर्माण गरी प्रचार प्रसार गर्नुपर्ने ।
- गाउँपालिकाको सौन्दर्य निमार्ण एवम् सिर्जनात्मक कामको पहल गर्नु पर्ने ।
- पालिकाबाट निस्कने फोहोरमैला व्यवस्थापन सार्वजनिक निजी साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नु पर्ने ।
- फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन पालिका भित्रका साना तिना बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रूपमा अगाडि बढाउनु पर्ने ।
- गाउँपालिका भित्रका खोला नालाबाट उत्पादन हुने ढुङ्गा, गिटी, बालुवाको उत्खनन् लाई व्यवस्थित गर्ने नीति र योजना बनाइ कार्यान्वयन गर्नुपर्ने । स्रोतमानै फोहोर छुट्टयाउने कार्यलाई अहिलेदेखिनै प्राथमिकतामा राख्नु पर्ने ।
- दिशाजन्य लेदो व्यवस्थापनमा पालिकाले आवश्यक कार्य गर्नुपर्ने ।

## ४.७ शाखागत रूपमा गत आ.ब. का मुख्य मुख्य कार्य तथा उपलब्धिहरू

आर्थीक वर्ष २०८१/८२ मा जहदा गाउँपालिकामा शाखागत रूपमा निम्न अनुसारका सामाजिक उपलब्धिहरू देखिएका छन्। देखिएका उपलब्धिहरूलाई सामाजिक सूचकका आधारमा निम्नअनुसार प्रस्तुत गरिएको छ।

### ४.७.१ स्वास्थ्य क्षेत्रको विवरण:

#### ४.७.१.१ स्वास्थ्य क्षेत्रका मूख्य लक्ष्य उद्देश्यहरू:

- स्वास्थ्य सेवाको विस्तार नगरको जिम्मेवारी भन्ने नाराका साथ सबै नागरिकमा गुणस्तरिय आधारभूत स्वास्थ्यको सेवा पहुँच सुनिश्चित गर्दै आधारभूत सेवालाई घरदैलोमा पुर्याउने,
- प्रत्येक वडामा स्वास्थ्यकर्मिहरूको व्यवस्थासहित जेष्ठ नागरिक तथा दिर्घ रोगिहरूको घरमा नै गएर नियमित स्वास्थ्य जाँच गर्ने व्यवस्था गर्ने,
- ७५ वर्ष उमेर पुगेका जेष्ठ नागरिकहरूको सुगर प्रेसरको औषधी सहितको स्वास्थ्य जाँच परिक्षण कार्यक्रम संचालन गरिने।
- संक्रामक रोग रोकथाम तथा नियन्त्रणको लागि खोप उपलब्धतालाई सबैको पहुँचयोग्य बनाउन संघीय सरकारको सहकार्यमा पूर्णखोप अभियान कार्यक्रमलाई निरन्तरता दिने।
- आगामी आ.व देखि २ वटा स्वास्थ्य संस्थामा बर्थिंग सेन्टर संचालन गर्ने गरी पूर्वाधार र जनशक्ति व्यवस्थापन गरिने।
- पाठेघर उपचार प्रतिव्यक्ति रू ५ हजार तथा मोतियाविन्दु उपचार पश्चातको प्रतिव्यक्ति रू. २ हजार अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिदै लगिने।
- मझारे स्वास्थ्य चौकीमा रहेको ल्याबको गुणस्तर एवं क्षमता अझै वृद्धि गर्दै विभिन्न रोगहरूको थप परीक्षण गर्न सक्ने गरी व्यवस्थित गर्दै लगिने।
- जहदा गा.पा. ५ मा अवस्थित मझारे स्वास्थ्य चौकीमा भिजिटिङ्ग डाक्टरको माध्यमबाट हप्ताको २ पटक स्वास्थ्य जाँचसेवा गरिने कार्यलाई निरन्तरता दिने।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरू मर्मत सम्भार गरी सर्वसुलभ आधारभुत सेवा उपलब्ध गराउने।
- अपाङ्गता भएका नागरिकको स्वास्थ्य सुरक्षाको लागि साझेदारी कार्यक्रमलाई निरन्तरता दिईने।
- मेरो संस्था मेरो गौरव कार्यक्रमको माध्यमबाट स्वास्थ्यचौकीहरूको सेवाप्रवाह गुणस्तर, सरसफाई तथा कार्यालयमा वृक्षारोपण कार्यक्रमका आधारमा पुरस्कृत गर्ने।
- खानेपानीका मूहान तथा श्रोतहरूको संरक्षणको लागि वृक्षारोपणलाई अघि बढाउने।

- मूख्य बजारहरूमा सरसफाई तथा डिस्ईन्फेक्सन अभियानमा स्थानीय संघसंस्था, क्लब तथा नागरिकको समन्वयमा सरसफाई संचालन गरिने ।
- गाउँपालिका क्षेत्रमा आवश्यकताको आधारमा लामखुट्टे, झिंगा नियन्त्रणको लागि वडाको सहकार्यमा विपद कोष मार्फत औषधि छर्कने प्रवन्ध गरिने ।
- गाउँपालिकाको मूख्य चौक बजार तथा हाटबजारहरूमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्री तथा सचेतना कार्यक्रमलाई प्रभावकारी बनाउदै नागरिक मैत्री बनाउदै लगिने ।
- जनताको असल स्वास्थ्यको लागि स्वच्छ तथा सफा खानेपानी सुविधाको प्रवन्ध गर्ने नीति अवलम्बन गरीने ।
- संघिय सरकार र प्रदेश सरकारको सहयोगमा संचालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रूपमा सञ्चालन गर्ने ,
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाई निरन्तरता दिइने ।
- पोषणमैत्री कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गरीने ।

### ४.७.१.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू:

- जहदा वासीहरूका लागि निःशुल्क रगत उपलब्ध गर्ने सेवा सञ्चालन गरिएको ।
- मझारे आधारभूत अस्पतालमा भिजिटीङ डाक्टर सेवा प्रदान गरिएको ।
- गरिव तथा विपन्न घर परिवारलाई स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत ११४ परिवारलाई स्वास्थ्य वीमामा आवद्ध गरिएको ।
- वडा नं. १ बुधनगरमा रहेको स्वास्थ्य चौकीबाट बर्थिङ सेवा सञ्चालनका लागि आवश्यक लजिस्टीक र कर्मचारी व्यवस्थापन गरिएको ।
- पालिकाको ७ वटै वाडामा नियमित मासिक रूपमा आमा समुहमा  बृद्धिअनुगमन गरी सो मा भेटिएको कडा कुपोषण तथा समान्य कुपोषणको बच्चालाई ३ वटा ओ.टि.सी.सेन्टर संचालनगरी ओ.टि.सी.सेन्टर बाट उपचार गरिएको ।
- मझारे स्वास्थ्य चौकीमा ल्यावको स्थापना गरी सेवा सञ्चालन गरिएको । पोषण कार्यक्रम अन्तर्गत सम्पुर्ण गर्भवति महिलाहरूलाई गर्भ रहेको चौथो महिनादेखि सुत्केरी हुँदासम्मको अवधिमा पोषण प्याकेज उपलब्ध गराएको । स्वास्थ्यकर्मीहरूद्वारा निर्धारित समयमा नै समुदाय स्तरमा घरधुरी सर्भेक्षण गरी खोप लगाउन छुट भएका वालवालिकाहरूलाई खोजी गरी सत् प्रतिशत खोप लगाएको ।

- जहदा गाउँपालिकालाई पूर्णखोप घोषणा सुनिश्चितता पालिका घोषणा गरिएको ।
- सुत्केरी महिलाको घरमा नै गएर जाँच गरेको कारण सुत्केरी महिला र नवजात शिशुमा हुने मृत्यु दरमा कमी आएको ।
- निःशुल्क औषधी तथा औषधीजन्य सामग्रीहरू खरिद एवं वितरण गरिएको ।
- महिला स्वास्थ्य स्वंम सेविकाहरूलाई मासिक भत्ता, सम्मान कार्यक्रमद्वारा प्रोत्साहित गरिएको ।
- महिलाहरूको पाठेघर अप्रेसन सहयोग, मृगौला रोगरूहरूलाई मासिक भत्ता र मोतीयाविन्दु अप्रेसन अनुदान कार्यक्रम सञ्चालनमा ल्याईएको ।
- गर्भवती महिलाका लागि मासिक गर्भ जाँच तथा घुम्ती भिडियो एक्सरे सेवा प्रदान गरी निःशुल्क क्यालसियम चक्की उपलब्ध गराएको ।
- अपागंताको क्षेत्रमा अपागंताभएका ब्याक्तिहरूलाई सहायक समाग्रिको साथै औषधी उपचार खर्च उपलब्ध गराई  सेवाको पहुचमा नरहेको अपागंताभएको ब्याक्तिलाई सेवाको मुलधारमा ल्याएको ।
- RUSG सेवा संचालन गर्न तालिमको लागि क्षेत्रिय तालिमकेन्द्रलाई पत्राचार गरि गा.पा.को लागतमा पु.क्षे.ता. केन्द्र सगँ समन्ब्य गरि स्वास्थ्यकर्मीलाई RUSG समवन्धि तालिमदिई ७ वटै वाडामा महिनाको १ पटक गर्भवति महिलालाइभिडियो एक्सरे जाचँ सेवा  कार्यक्रम संचालनगरी सेवाग्राहीलाई स्वास्थ्य संस्था प्रतिको बिश्वास को अनुभुति गराएको ।
- भिजिटिंग डाक्टर सेवा प्रारम्भ, योग शिविर संचालन, आङ खस्ने महिलाहरूको लागी Screening शिविर संचालन, पाठेघरको क्यान्सर Screening को लागी VIA शिविर संचालन गरिएको ।
- पालिका क्षेत्रभित्रका ३५० विपन्न परिवारहरूलाई निशुल्क स्वास्थ्य विमा गरिएको  तथा दुई वटा सम्म छोरी बच्चा हुनेलाई रू.५००० जहदा  गाउँपालिकाले उपलब्ध गराएको ।
- बहुक्षेत्रीय पोषण सेवा बिस्तार कार्यक्रम अन्तर्गत पोषण मैत्री नमुना टोल तथा पोषण मैत्री स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत गाउँपालिका अन्तर्गतका गर्भवती महिलाहरूलाई नि:शुल्क रूपमा पोषण सामाग्री सहित पोषिलो झोला , शुद्ध खाने पानी खानको लागि सेरामिक फिल्टर , फोहर ब्यबस्थापनको लागि डस्टबिन , बिभिन्न रोगहरूबाट बच्न मेडिकेटेड झुल तथा पूर्ण सरसफाई सम्बन्धी फ्लेक्स जस्ता सामाग्रीहरू वितरणको कारण स्वास्थ्य संस्थामा जाँच गराउन आउने गर्भवती महिलाहरूको संख्यामा बृधि हुनुका साथै नवजात शिशुहरूमा कम तौल भएर जन्मिने संख्यामा कमि भएको ।

- समुदाय स्तरमा स्वास्थ्य कर्मीहरूलाई फोकल पर्सनको रूपमा तोकी नियामित रूपमा पोषणको अवास्थाको लेखाजोखा गरेको कारण तौल लिने संख्यामा बृधि हुनुका साथै औसत तौलको पटकमा समेत बृधि भएको पाइयो ।
- समुदाय स्तरमा बर्षको १ पटक अभियानको रूपमा पोषण अवस्थाको लेखाजोखा तथा पोषिलो खाना तथा पोषण सामाग्री प्रदर्शनीको कारण समुदाय स्तरमा भएका MAAM तथा SAAM भएका बच्चाहरूको समयमै बहिचान गरी उपचार गर्ने गरेको ।
- स्वास्थ्यकर्मी द्वारा निर्धारित समयमा नै समुदाय स्तरमा घरधुरी सर्वेक्षण गरी खोप लगाउन छुट भएको बाल बालिकाहरूलाई खोजि गरी खोप लगाएको कारण MR 2 को प्रगति १०० % हुनुका साथै पूर्ण खोप घोषणा सुनिश्चितता पालिका घोषणा गर्न सफल भएको ।
- नर्सिंग स्वास्थ्यकर्मी द्वारा सुत्केरी महिलाको घरमा नै गएर उत्तर प्रसुती जाँच गरेको कारण PNC visit को संख्यामा बृद्धी भएको ।
- स्वास्थ्य संस्थामा जाँच गराउन आउने सम्पूर्ण गर्भवती महिलाहरूलाई आमा तथा बाल स्वास्थ्य पुस्तिका वितरण गर्ने गरिएको उक्त आमा तथा बाल स्वास्थ्य पुस्तिकाको प्रभावकारिताको कारण गर्भवती महिलाहरूको जाँच पटकमा वृद्धि भएको ।
- पोषण मैत्री घोषणा कार्यक्रमले गर्दा पोषण सम्बन्धि विभिन्न कार्यक्रमहरू संचालन भएको, २ बर्ष मुनिको बालबालिकाहरूको बृधि अनुगमनको प्रगती राम्रो रहेको ।
- नेपाल रेडक्रस शाखा, मोरङ, बिराटनगरसँगको समन्वयमा गाउँपालिका भित्रका सम्पूर्ण बिरामिहरूलाई नि:शुल्क रूपमा Blood को व्यवस्थापनले गर्दा आर्थिक अभावको कारणले गर्दा रगत नपाउने समस्या बाट आम नागरिक लाभान्वित भएको ।
- गाउँपालिकामा पूर्ण खोप १०० प्रतिशत भएको तथा नव बिबाहित दम्पतिहरूलाई नि:शुल्क रूपमा Folic Acid चक्की वितरण कार्यक्रमले गर्दा अपाङ्गता भएर जन्मिने नवजात शिशुहरूको संख्यामा कमि आएको ।

## ४.७.१.३ स्वास्थ्य क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरणः

| योजनाको नाम | लक्ष्य | उपलब्धि | कै |
|---|---|---|---|
| **एकिकृत प्रजनन तथा महिला स्वास्थ्य** | महिला सामूदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रम सञ्चालन गर्ने । | क) सुरक्षित सुत्केरी गराउने आमाहरूको सङ्ख्या बढेको ।<br>**ख)** स्थानीय तहमा जनसङ्ख्याको व्यवस्थापनसम्बन्धी कार्यक्रम स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैंङ्गिक हिंसा र समावेशीकरण सम्बन्धी तालिमप्रदान गर्न स्वास्थ्य संस्थाका इन्चार्जहरूलाई लैंङ्गिक हिंसा र समावेशीकरणसम्बन्धी तालिमप्रदान गरिएको । | |
| **खोप कार्यक्रम** | स्वास्थ्य चौकी र आधार भूतस्वास्थ्य केन्द्रमार्फत खोप सेवा प्रदान गर्ने । | नियमित खोप सेवा सञ्चालन गरेको र अभियानमा समेत काम गरेको । | |
| **परिवार नियोजन** | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत ५ परकारका परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा सेवाग्राहीलाई जानकारी दिने । | परिवार नियोजनको स्थायी र अस्थायी साधनको बारेमा जानकारी भई परिवार नियोजनका साधनहरूको प्रयोगमा वृद्धि भई अनिच्छुक गर्भ रहने दरमा कमी आएको । | |
| **औपिडि सेवा** | मझारे स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत नियमित आएका बिरामीहरूलाई स्वास्थ्य परिक्षण र औषधी वितरण गर्ने। | स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रमार्फत स्वास्थ्यका बारेमा जानकारी लिन आउने सेवाग्राहीको सङ्ख्यामा वृद्धि भएको । | |
| **निः शूल्क औषधी वितरण** | स्वास्थ्य चौकी र आधार भूतस्वास्थ्य केन्द्रमार्फत सरकारले घोषणा गरेका विभिन्न प्रकारका औषधीहरू निः शूल्क प्रदान गर्ने । | स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमार्फतबाट औषधीहरू निः शूल्क प्रदान गर्ने भएकोले विपन्न परिवारको पनि पहुँच बढेको । | |

### ४.७.१.४ स्वास्थ्य क्षेत्रमा सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता:

**सामाजिक जिम्मेवारीको क्षेत्र:**

| सामाजिक विकासको क्षेत्र सूचकसहितको कामको विवरण | सामाजिक जिम्मेवारिको क्षेत्र | २०८२ अषाढ मसान्तसम्मका प्रयासहरू | |
|---|---|---|---|
| **एकीकृत प्रजनन् र महिला स्वास्थ्य** | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्य सबै | एकीकृत प्रजनन् तथा महिला स्वास्थ्यका लागि स्वास्थ्कर्मी थपिएको र स्वयम् सेविकाको माध्यमबाट प्रचार। | |
| **खोप कार्यक्रम** | खोप कार्यक्रम सबै वडामा | खोप कार्यक्रमका लागि गाउँघर क्लिनिक, खोप क्लिनिक तथा महिला स्वंयम् सेविकाको माध्यमबाट प्रचार। | |
| **परिवार नियोजन** | परिवार नियोजन ५ प्रकारका | परिवार नियोजनका साधनहरूको प्रयोग उल्लेख्य बढेको। | |
| **ओपीडि सेवा** | ओपीडि सेवा नियमित | ओपीडि सेवा नियमित सेवा प्रवाह भएको | |
| **निः शूल्क औषधी वितरण** | निः शूल्क औषधी वितरण नियमित | सरकारले तोकेको निः शूल्क औषधी वितरण भएको। | |

### जहदा गाउँपालिकामा स्वास्थ्य सेवा प्रदान गरिरहेका सेवा प्रदायक कार्यालयहरू:

| सि.नं. | संस्थाहरूको विवरण | सङख्या | सि.नं. | संस्थाहरूको विवरण | सङख्या |
|---|---|---|---|---|---|
| १ | गाउँपालिका अस्पताल | निर्माणाधिन | ८ | सुरक्षित गर्भपतन साइड | २ |
| २ | स्वास्थ्य चौकी | ५ | ९ | DOTs सेन्टर DR Sub सेन्टर | ७ |
| ३ | नागरिक आयूर्वेद सेवा केन्द्र | १ | १० | बेसिक ल्याव | नभएको |
| ४ | आधारभूत स्वास्थ्य केन्द्र | २ | ११ | PMTCT | ७ |
| ५ | बर्थिङ् सेन्टर | १ | १२ | गाउँघर क्लिनिक | १३ |
| ६ | क्षयरोग माइक्रोसकोपीसेन्टर | १ | १३ | खोप क्लिनिक | २३ |
| ७ | OTC सेन्टर | ३ | १४ | महिला स्वास्थ्य स्वयमं सेविका (LLG) | ४१ |

### ४.७.१.५ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- कार्यक्रम र सेवाको बिस्तारअनुसार बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्था नहुनु तथा कमी हुनु।
- अझै पनि नेपाल सरकारले निर्धारण गरेअनुसारको आधारभूत स्वास्थ्य सेवा लिनको लागि स्थानीय स्तरमा स्वास्थ्य संस्था तथा गाउँघरमा चेतनामूलक कार्यक्रमलाई पूर्ण प्रभावकारी बनाउन नसकिएको।
- कार्यक्रम र सेवा विस्तार भएको कारणले कार्यबोझ बढेको तथा कहिलेकाहीँ फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरूको अवकाश तथा सरूवाको कारणले सेवा प्रवाहमा असर परेको।
- गाउँपालिका भित्रका स्वास्थ्य संस्थामा शल्यक्रियाद्वारा प्रसूति गराउने सेवा नभएको।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र स्वास्थ्य संस्थामा आफ्नो एम्बुलेस नभएकोले बिरामिलाई सेवा दिन समस्या रहेको।
- गाउँपालिकाको जनसङ्ख्यालाई हेर्दा गाउँपालिकामा भित्र गाउँपालिका अस्पताल निर्माणाधिन अवस्थामा रहेको तथा अन्य स्वास्थ्य संस्थामा प्राविधिक जनशक्ति र टेक्नोलोजिका कारण सामान्य अपरेसन गर्न पनि गाउँपालिका बासीहरू नजिकै रहेको बिराटनगरका निजी तथा सरकारी अस्पतालहरूमा जाने गरेको।

### ४.७.१.६ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- समयमै बजेट, जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुपर्ने।
- लक्ष्य प्राप्त गर्न कार्ययोजना तथा रणनीति तयार गरी कार्यान्वयन गर्नुपर्ने।
- सरकारी तथा निजी सबै स्वास्थ्य संस्थाहरूको तर्फबाट उपलब्ध गराएका स्वास्थ्य सेवाहरूलाई समयमै एकीकृत गरी विवरण अध्यावधिक गरी राख्नुपर्ने।
- गाउँपालिका भित्र निर्माणाधिन अस्पतालको निर्माण सम्पन्न पश्चात दक्ष डा. र टेक्नोलोजी तयार गरी सेवा दिनुपर्ने तथा पालिका भित्र रहेका सबै स्वास्थ्य चौकीहरूलाई समेट्ने गरी गाउँपालिकाले संघ, प्रदेश तथा अन्य निकायको सहयोगमा एम्बुलेस खरिद गरी बिरामिको सुविधाका लागि गाउँपालिकाले स्वास्थ्य चौकीलाई उपलब्ध गराउनुपर्ने।
- समयमै कार्यक्रम र सेवाको विस्तार भएबमोजिम जनशक्ति, औजार उपकरणको आवश्यक मात्रामा व्यवस्थापन गर्नुका साथै अवकाश हुने,सरूवा हुने वा सेवाग्रहिको चाप बढेमा कर्मचारीहरूको समयमै पदस्थापना वा भर्ना गरिनुपर्ने।

- मझारे स्वास्थ्य चौकीमा आवश्यकताअनुसार दक्ष चिकित्सक, प्रविधियुक्त टेक्नोलोजि थप गर्दै लैजानुपर्ने।
- गर्बाअवस्थामा रहेका महिलाहरूले गर्भचेक गर्न तथा प्रसूति गराउन गाउँपालिकाभित्रकै स्वास्थ्य चौकी तथा निर्माणाधिन गाउँपालिका अस्पतालमा विशेष जनशक्ति ल्याई कार्यालयको उचित व्यवस्थापन गर्नुपर्ने।
- स्वास्थ्य सेवा लिन तथा सरकारले तोकेको आधारभूत सेवा लिनका लागि स्थानीय स्तरमा प्रचारात्मक कार्यलाई थप प्रभावकारी बनाई सामाजिक सहजीकरणमा प्राथमिकता दिनुपर्ने।
- कर्मचारीको कार्य सम्पादनको आधारमा दण्ड र पुरस्कारको प्रवन्ध गर्न सक्ने कानुनी व्यवस्था गर्नुपर्ने।
- कार्यक्रम र सेवा विस्तारको दाँजोमा जनशक्ति न्यून भए (देखिए) आवश्यक जाँचबुझ गरी सेवा करारमा कर्मचारी नियुक्ति गरी सेवा प्रवाह चुस्त दुरूस्त बनाउनुपर्ने।
- सर्पदम्स अस्पतालको निर्माण गरी सेवा विस्तार गर्नुपर्ने अथवा नजिकै त्यस्तो अस्पताल भएमा पालिकाले आवश्यक समन्वय गर्नुपर्ने।

### ४.७.१.७ अवलोकनको क्रममा भेटिएका तथ्यहरू

- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रम तथा निः शूल्क औषधी वितरण कार्यक्रम वडा वडामा पुर्याएको देखियो।
- प्रत्येक वडामा स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रले सेवा दिएको पाइयो।
- पहिलेको तुलनामा स्वास्थ्य सेवाप्रति पालिकाबासीहरूको सकारात्मक प्रतिक्रिया पाइयो।
- पहिलेको तुलनामा पालिका भित्रका स्वास्थ्य केन्द्र तथा प्राथमिक स्वास्थ्य चौकीमा सेवा लिने पालिकाबासिको सङ्ख्या उल्लेख्य बृद्धी भएको देखियो।
- औषधी र उपचार गर्ने अन्य उपकरणहरू गाउँपालिकाले समयमैं खरिद गरी उपलब्ध गराएको पाइयो।
- स्वास्थ्यसम्बन्धी चेतनामूलक कार्यक्रमहरू गाँउघरमा पुर्याएको देखियो।

**गाउँपालिकाको स्वास्थ्य शाखाले आ.व. २०८१/०८२ मा तयार पारेको स्वास्थ्य क्षेत्रको लक्षित वर्गको जनसङ्ख्या**

| क्र.स. | उमेर समुह | जम्मा संख्या |
|---|---|---|
| १ | जम्मा जनसङ्ख्या | ४८३११ |
| २ | १ वर्ष मुनिका बालबालिकाको जनसङ्ख्या | ९४३ |
| ३ | २ वर्ष मुनिका बालबालिकाको जनसङ्ख्या | १८७० |

| | | |
|---|---|---|
| ४ | १२-२३ महिनाका बालबालिकाको जनसङ्ख्या | ९१६ |
| ५ | ६-५९ महिनाका बालबालिकाको जनसङ्ख्या | ३९०७ |
| ६ | १२-५९ महिनाका बालबालिकाको जनसङ्ख्या | ३४३५ |
| ७ | ५ वर्ष मुनिका बालबालिकाको जनसङ्ख्या | ४४०२ |
| ८ | प्रजनन उमेरका महिलाको जनसङ्ख्या १५-४९ | १३६२० |
| ९ | विवाहित प्रजनन उमेरका महिलाको जनसङ्या १५-४९ | १०३२३ |
| १० | लक्षित जीवित बच्चाको जनसङ्ख्या | ९५७ |
| ११ | लक्षित गर्भवती महिलाको जनसङ्ख्या | ११३५ |
| १२ | किशोर किशोरीको जनसङ्ख्या | ९७२३ |
| १३ | किशोरीको जनसङ्ख्या | ४७५३ |
| १४ | ६-११ महिनाका बच्चाको जनसङ्ख्या | ३९१ |
| १५ | ६-२३ महिनाका बच्चाको जनसङ्ख्या | १३९१ |
| १६ | ०-१४ बर्षको बालबालिकाको जनसङ्ख्या | १३९०२ |

**श्रोत: गाउँपालिकाको स्वास्थ्य शाखा**

## ४.७.२ शिक्षा क्षेत्रको विवरण

### ४.७.२.१ शिक्षा क्षेत्रका मुख्य लक्ष्य तथा उद्देश्यहरू

- विद्यालय अनुगमन प्रणलीलाई थप व्यवस्थित र पारदर्शी बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न नमूनाको रूपमा सि सि टि भि जडान गर्दै लैजाने।
- पालिकाका क्षेत्रमा गुणस्तरीय, बैज्ञानीक, शिपमूलक, रोजगारमूलक, शिक्षा प्रवर्द्धन गर्नका लागि विद्यालय छनौट प्रकृयालाई अघि बढाउने।
- गाउँपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि वडा नं. ४ को ऐलानी सरकारी जग्गामा तयार गरिएको विस्तृत योजना प्रतिवेदनका आधारमा प्रदेश सरकार र संघीय सरकारसंग पहल गरी बहुउपयोगि खेलकुद मैदानको विकास कार्य अघि बढाउने।
- अति विपन्न, दलित, अभिभावक गुमाएका, बेपत्ता तथा सहीद परिवारका बालबालिकाहरूलाई विद्यालय भर्नाका लागि निशुल्क शिक्षा तथा सहुलियत सामाग्रीको व्यवस्था मिलाउने तथा उच्च शिक्षा हासिल गर्ने दलित विद्यार्थीहरूलाई उच्च शिक्षा अध्ययनका लागि सहयोग गर्ने।
- सार्वजनिक विद्यालयहरूको स्तर बृद्धि गर्नका लागि पहिलो उत्कृष्ट विद्यालय, उत्कृष्ट शिक्षा पुरस्कारको लागि सुचक तयार गरी कार्यान्वयनमा ल्याउने।
- बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीहरूको मनोबल बढाउन पालिकाबाट दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिने।
- शिक्षाको गुणस्तरलाई अभिबृद्धि गर्न गाउँ शिक्षा गुरूयोजना निर्माण गर्ने।
- विद्यालयस्तरमा स्काउटका गतिविधि संचालन गरी आत्मासुरक्षा र अनुशासनलाई बढावा दिने तथा गाँउपालिकाभरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरूको अनुगमन निरीक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरू जस्तै, भवन कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेञ्च, शिक्षक दरबन्दी, विज्ञान प्रयोगशालाको अवस्थाबारे वस्तुगत विवरण सङ्कलन गर्ने।
- सबैका लागि आधारभूत शिक्षा सुनिश्चितता गर्न स्थानीय नीति तथा कानुन निर्माण गरी कार्यान्वयन गरिने।
- शिक्षक तथा बालविकास शिक्षकको दरबन्दी मिलान गरी विद्यार्थी संख्याका आधारमा शिक्षक ब्यवस्थापन तथा विद्यार्थी संख्याका आधारमा निर्धारित मापदण्ड भन्दा कम विद्यार्थी सङ्ख्या भएका विद्यालयहरूलाई अर्को विद्यालयमा विद्यालय समायोजन तथा तह समायोजन गर्ने कार्यलाई थप व्यवस्थित तथा प्रभावकारी बनाउँदै लैजाने।

- प्राविधिक शिक्षामा पहुच नभएका एस ई-ई उत्तीर्ण यस गाउँपालिका भित्रका गरिव जेहेन्दार पिछडिएका तथा सिमान्तकृत समुदायका विद्यार्थीहरूलाई शैलजा आचार्य पोलिटेक्निकमा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रबृत्ति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइने।
- अगामी आ.व. मा स्थानीय पाठ्यक्रम निर्धारण गरी लागु गरिने।
- विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरूसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गरिने।
- विद्यालयहरूमा ई-हाजिरी जडान कार्यलाई विस्तार गर्दै शिक्षकहरूको विषयगत समितिलाई सिकाई थलोको रूपमा विकास गरिने । प्रत्येक वडामा भएको १ वटा माध्यमिक विद्यालयलाई फिडर विद्यालयको रूपमा कायम गरी अन्य विद्यालहरूसँग सहकार्य र समन्वय गरी शैक्षिक गुणस्तर अभिबृद्दि गर्ने कार्यलाई प्राथमिकता दिईने।
- "एक विद्यालय एक फूलावारी" भन्ने नाराका साथ सबै विद्यालयहरूमा स्वच्छ हरियाली वातावरण बनाई सफा विद्यालय बनाउन "हाम्रो विद्यालय राम्रो विद्यालय"को अवधारणलाई साकार बनाउन सबै विद्यालयहरूसँग समन्वय तथा सहकार्य गरिनेछ।
- खेलकुद क्षेत्र विकासका लागि विद्यालय तह देखि नै खेलकुद कार्यक्रमलाई बढवा दिन अन्तरविद्यालय खेलकुद प्रतियोगिता संचालन गर्दै लैजाने।
- कक्षा ११ मा पढने छात्राहरूलाई साइकल वितरण कार्यक्रमलाई निरन्तरता दिने।

### ४.७.२.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- शैक्षिक सत्र २०८२ मा प्राथमिक तहमा कक्षा छोडने १-५ मा १८ प्रतिशत, कक्षा दोहोर्याउने दर ५ प्रतिशत रहेको।
- "हाम्रो जहदा" पाठ्यक्रम कार्यान्वयन गर्नका लागि स्थानीय स्रोत पुस्तक निर्माण गरिएको।
- कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई साईकल वितरण गरिएको।
- विद्यालयहरूमा सिसी क्यामेरा तथा ई- हाजिरी जडान गरिएको।
- जहदा गाउँपालिकामा जम्मा ४५ विद्यालयहरू रहेका छन जसमा सामुदायिक विद्यालयहरू ३० वटा, धार्मिक विद्यालय ६ वटा, संस्थागत ९ वटा रहेका देखियो।
- जहदा गाउँपालिकामा कक्षा ११ मा अध्ययनरत छात्राहरूलाई साईकल वितरण गरिएको।

- जहदाका शिक्षा विषय लिएर अध्यापन अनुमति पत्र भएका युवाहरूलाई शिक्षण पेशामा प्रवेश गराउने उद्देश्यले शिक्षक सेवा आयोग तयारी कक्षा सञ्चालन गरिएको र हालसम्म आयोग तयारीबाट ५५ जनाले शिक्षक सेवा आयोग उत्तीर्ण भई सेवा प्रवेश भएको देकियो।
- प्रत्येक माध्यमिक र कक्षा ८ सम्म सञ्चालित विद्यालयमा सेनिटरी प्याड र सेनिटरी प्याड डिस्पोजल मेसिन वितरण गरिएको।
- वालविकास शिक्षकलाई पाठ्यक्रमसम्बन्धी अभिमुखिकरण तालिम तथा विभिन्न टोलहरूमा टोल सिकाई केन्द्रको अनुगमन गरिएको।
- गाउँ शिक्षा योजना निर्माणका लागि सरोकारवालाहरूसँग छलफल भई निर्माणको चरणमा रहेको।
- प्रधानाध्यापकहरूलाई नमुना विद्यालय अवलोकन भ्रमण गराएको तथा पालिकाका प्रत्येक विद्यालयमा प्रत्येक शिक्षकलाई शिक्षक डायरीको व्यवस्था गरिएको।
- विभिन्न सामुदायिक तथा धार्मिक विद्यालयमा कम्पयूटर तथा आइटीसम्बन्धी सामग्री वितरण गरिएको।
- विभिन्न सामुदायिक विद्यालयमा स्काउटका कार्यक्रमहरू सञ्चालनमा रहेको।
- माध्यमिक विद्यालयमा CCTV जडान गरिनुसा साथै केही माध्यमिक विद्यालयहरूमा विज्ञान प्रयोगशालाको स्थापना गरिएको।
- विद्यालयहरूमा फिल्टर सहितको खानेपानी वितरण गरिएको।
- प्रत्येक विद्यालयमा प्रत्येक शिक्षकलाई शिक्षक परिचय पत्रको व्यवस्था
- विद्यालयहरूको भौतिक पूर्वाधार व्यवस्थापनका लागि ८५ थान डेस्क बेन्च र ५० थान सिलिङ पंखा वितरण गरिएको।
- विद्यालयहरूको शैक्षिक गुणस्तर सुधार गर्न ५ वटा विद्यालयलाई डेक्सटप तथा प्रिन्टर वितरण गरिएको।
- शैलजा आचार्य पोलिटेक्निक स्मृति प्रतिष्ठान, जहदा-४ मा अध्ययनरत जहदावासी विद्यार्थिहरूलाई ३० देखि ५० प्रतिशत सम्म छात्राबृत्ति प्रदान गरीएको सामूदायीक विद्यालयको विज्ञान विषयमा कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थिहरूलाई छात्रवृत्ति प्रदान गरिदै आएको र ऋषिदेव समुदायका उच्च शिक्षा अध्ययनरत छात्राहरूलाई छात्रावृत्ति प्रदान गरिएको। हालसम्म ८८ जना विद्यार्थीहरूलाई छात्रबृत्ति प्रदान गरिएको।
- शिक्षित यूवाहरूलाई सरकारी सेवामा प्रवेशका लागि शिक्षक सेवा आयोग र लोकसेवा आयोग कक्षा निःशुल्क रूपमा सञ्चालन गरिएको।
- अभिभावकहरूको चाहानालाई मध्यनजर गरी सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयहरूलाई वार्षिक रूपमा अनुदानको व्यवस्था गरिएको।

## ४.७.२.३ गत आर्थिक वर्षमा सञ्चालित विकास योजना तथा कार्यक्रमको विवरण

| आयोजनाको नाम | लक्ष्य | उपलब्धि | कैफियत |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | लैङ्गिक अनुपात अनुकूल हुनेछ । विद्यालय छोड्ने दर शून्य हुनेछ वा न्यून हुनेछ । सिकाइ पद्धतिलाई समायानुकूल सुधार गरिने छ । शिक्षकहरूलाई तालिमको व्यवस्था गरिने छ । अनुसाशित र लगनशील जनशक्ति तयार गरिने छ । | शिक्षण प्रक्रियामा सुधार भएको छ । व्यवस्थापन समितिको काम कारबाही प्रभावकारी भएको । पूर्वाधार निमार्णमा नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको समन्वयमा विद्यालय पूर्वाधार निर्माण भइरहेको । विद्यालय छोड्ने दर न्यून रहेको, तालिम प्राप्त शिक्षकको सङ्ख्या बढेको, लैङ्गिकता मैत्री शौचालय निमार्ण भएको । छात्रावृत्ति प्रदान गरेको । शिक्षण सिकाइ प्रक्रिया व्यवहारिक बनाऊने कार्य भइरहेको । | विद्यालय उमेरका सबै बालबालिका विद्यालय जाने भएर भर्नादर बढेको । |
| वार्षिक छात्रबृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने । | दलित, जेहेन्दार तथा अन्य छात्र, छात्राहरूलाई छात्रावृत्ति प्रदान गर्ने तथा शिक्षाप्रतिको बुझाइले बालबालिकाको शिक्षाप्रति आकर्षण बढेको । | |
| निः शूल्क पाठ्यपुस्तक वितरण गर्ने, | सबै विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गर्ने । | निः शूल्क पाठ्यपुस्तक पाउने भएकाले सबै बालबालिकाले पढ्न पाउने भएका । | |
| ५ वर्ष मुनिका बालबालिका लाई शिशुमा भर्ना गर्ने, | ४ वर्ष पुरा भएका बालबालिकालाई १ वर्ष बालविकास केन्द्रमा ल्याउने । | प्रा.वि. तहमा शिक्षामा प्रवेश र जग बलियो पार्ने काम भएको । | |
| विद्यालय भर्ना अभियान | विद्यालयबाहिर रहेकालाई शिक्षामा पहुँच बढाउने । | शिक्षाको प्रचार प्रसार भएको र विद्यालयमा पहुँच बढाउने भएको । | |
| मूल्याङ्कन परिक्षा | विद्यालयमा पढाएको विषय र शिक्षाको स्तर मापन गर्ने । | कक्षा टेष्ट, त्रैमासिक, अर्धवार्षिक परीक्षा दिँदै आएको र शिक्षकले विद्यार्थीलाई पृष्ठपोषण दिँदै आएको । | |
| शिक्षामा समावेशिकरण | सबैलाई समान अवसर प्रदान गर्ने । | कोही कसैले भेदभावको महसुस विद्यालयमा नगरेको । | |

### ४.७.२.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- पूर्ण साक्षर, अनिवार्य तथा निः शूल्क आधारभूत शिक्षा सुनिश्चित गर्न व्यवहारिक रूपमा नसकिएको तथा आधुनिक सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसङ्ख्यक विद्यालययरू अझै वञ्चित हुनु परेको।
- केही शिक्षक तथा विद्यार्थीहरू विद्यालयप्रति चनाखो नहुनु तथा आर्थिक रूपले विद्यालयहरू कमजोर हुनु।
- स्थानीय तहमा विनियोजित बालबालिकाको क्षेत्रमा छुट्टाइएको बजेट तोकिएको क्षेत्रमा तथा समयमा खर्च नहुनु।
- मानवीय श्रोत साधन परिचालनमा कठिनाइ भएकाले बालविकास केन्द्रमा धेरै व्यक्तिले रोजगार पाउन सक्ने सम्भावना भएको तर बजारमा यो विषयमा दक्ष व्यक्तिको अभाव रहेको।
- बालविकास केन्द्रमा अझैसम्म पनि सबै वालवालिकाको पहुँच पुग्न नसक्नु।
- लामो समयसम्म स्थानीय तह राजनीतिक नेतृत्वविहिन हुदाँ नि:शुल्क र सर्भसुलभ शिक्षाका लागि अझै पनि कार्यान्वयनमा कठिनाई भएको।
- नतिजामा आधारित दण्ड र पुरस्कार प्रणाली लागु नहुँदा शिक्षा क्षेत्रमा स्वच्छन्दता मौलाएको।
- शिक्षक विद्यार्थी अनुपात र भौतिक पूर्वाधारको अवस्था बीच तालमेल नहुँदा कतिपय विद्यालयमा विद्यार्थी अत्यन्त न्यून हुनु। कतिपय विद्यालयमा अत्यन्त धेरै हुने गरेको।
- मध्यम तथा उच्च वर्गका छोरा, छोरीलाई सामूदायिक विद्यालयमा आकर्षण गर्न अझसम्म नसकिएको।
- पाठ्यक्रमले निर्धारण गरेको तह र विषयगत सिकाई उपलब्धी विद्यार्थीले अपेक्षित रूपमा हाँसिल गर्न नसकेको।
- कुनै-कुनै विषयगत शिक्षकको अभाव रहेको।

### ४.७.२.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सूझाव

- व्यवस्थापन समितिलाई राजनीतिक प्रभावबाट मुक्त तथा विद्यालयमाथि स्थानीय सहयोग, सहकार्य, निरन्तर अनुगमन र मूल्याङ्कन हुनुपर्ने, गर्नुपर्ने।
- विद्यालयलाई एकआपसमा आवश्यकता, औचित्यता तथा विद्यार्थी शिक्षक अनुपातका आधारमा समायोजन गर्दै लैजानुपर्ने।
- पहुँच वृद्धिका लागि छात्रवृत्ति लगायतका कार्यक्रमहरू अझ सशक्त प्रभावकारी बनाउँदै लैजानु पर्ने।
- गैर सरकारी संस्था, स्थानीय तह र विषयगत कार्यालयहरू समेतको पहलमा गुणस्तरिय शिक्षाको लागि विशेष कार्यक्रम तय गर्नुपर्ने।
- गाउँपालिका, विद्यालय निरीक्षक तथा जिल्ला शिक्षा समन्वय अधिकारीबाट समय-समयमा विद्यालयको अनुगमन गर्नुपर्ने।

- विद्यालय व्यवस्थापन तथा शिक्षक अभिभावक संघको प्रभावकारी व्यवस्थापन तथा परिचालनका लागि प्रभावकारी प्रयास हुनुपर्ने ।
- विद्यालय सुधार योजनामा आधारित शैक्षिक कार्यक्रमहरूको सञ्चालनमा जोड दिनुपर्ने । समुदायमा विद्यालय व्यवस्थापनका लागि आवश्यक प्रचार प्रसार तथा छलफलको निरन्तरता दिनुपर्ने ।
- विद्यालयको भौतिक वातावरण विकासका लागि विद्यालय भवन निर्माण,बाहिरी वातावरण विकास तथा विद्यालय मर्मत सम्भारको कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन हुनुपर्ने ।
- शिक्षामा गुणस्तर, सान्दर्भिकता, कार्यदक्षता र संस्थागत क्षमता विकासका लागि सरकारको मार्गदर्शनअनुसार कार्यक्रम कार्यान्वय गर्नुपर्ने ।
- पाठ्यपुस्तक तथा शिक्षण सामग्रीहरू समयमै विद्यालयहरूमा उपलब्ध गराउनुपर्ने ।
- दरबन्दीअनुसारका विषगत शिक्षकहरू विद्यालयहरूमा समयमै व्यवस्था गर्नुपर्ने ।
- विद्यालयहरूमा पूर्वाधार निर्माण गर्दा र निर्माण गरिएका विद्यालयहरू बाल मैत्री हुनुपर्ने ।
- विद्यालयको कामको आधारमा विद्यालयलाई प्रोत्साहन तथा सहयोगका कार्यक्रमरू सञ्चालन गर्नुपर्ने।
- कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्तिका कारण पत्ता लगाइ कक्षा छाड्ने र दोहोर्याउने प्रवृत्ति शुन्यमा जार्नुपर्ने।
- शिक्षाका कार्यक्रम सञ्चालनको पारदर्शिता ल्याउने सम्पूर्ण पक्षलाई अभिप्रेरित गर्नुपर्ने ।
- स्थानीय तह,गै.स.स.सँगको सहकार्यमा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।
- वैकल्पिक शिक्षा तथा अनौपचारिक शिक्षा, समाहित शिक्षाको व्यवस्था एंव सुदृढीकरण गरी सबैमा शिक्षाको पहूँच पुर्याउनुपर्ने ।
- बाल विकास केन्द्रहरूको विस्तार र सुदृढीकरणमा जोड दिने ।
- माध्यमिक शिक्षाका लागि वैकल्पिक कार्यक्रम तथा अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- बालबालिकाहरू, दलित, पिछडिएका वर्ग, जनजाति तथा विशेष आवश्यकता भएका बालबालिका हरूलाई  (प्राथमिक देखि माध्यमिक शिक्षा) सम्म टिकाउन विषेश कार्यक्रम सञ्चालन गर्नु पर्ने ।
- विद्यालयको व्यवस्थापकीय एंव भौतिक पक्षको सुधार गर्दै गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्ने ।

### ४.७.३ महिला, बालबालिका क्षेत्रको विवरण

#### ४.७.३.१ मूख्य उद्देश्य

- लैगिक हिंसा, बाल बिवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, दहेज प्रथा छुवाछुत जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि आवश्यक पहल गरिने ।
- एकल महिला समूहलाई आत्मनिर्भर उन्मुख व्यवसाय संचालन गर्न विऊपुँजी अनुदान रकमको माध्यमबाट प्रोत्साहन गरिदै लगिने ।
- महिला स्वास्थ्य स्वयम सेवीकाको अवकास प्रणलीलाई व्यवस्थित अवकास कोष मार्फत राहत उपलब्ध गराईने ।
- महिला सहकारी संस्थाहरूको स्तरोन्नती गर्दै बचत परिचालनमा वृद्धि गर्न प्रोत्साहन गरिने ।
- गाउँपालिका भित्रका दलित जातिको जिवनस्तरमा वृद्धि हुने गरी स्वरोजगारमुलक कार्यक्रम संचालन गरिने ।
- गाउँपालिका भित्रका विपन्न समूहलाई लघु व्यवसाय संचालन गर्न प्रविधि हस्तान्तरण तथा सीप प्रदान गरिने ।
- जेष्ठ नागरिकहरू को लागि दिवा सेवा केन्द्र यथाशिघ्र निर्माण थालनी गरिने ।
- यस गाउँपालिकाभित्र अपांगता भएका नागरिकहरूको जिवनस्तर सुधार गर्न आवश्यक तालिम तथा प्रविधि एवं सामाग्री हस्तान्तरणको पहल गरिने ।
- आदिवासी जनजातीको परम्परा देखि चलि आएको ज्ञान, शिप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गरिने ।
- यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा घोषण गर्नको लागि गाउँ स्तरीय कार्यक्रम बनाई कार्यान्वयन गरिने ।
- बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न गाउँपालिकामा बालकोषको स्थापना गरिने ।
- महिला सुत्केरी भई लगातार २ छोरी जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरूले संचालन गरीने शिपमुलक तालिम तथा कार्यक्रमहरू कार्यपालिकाबाट स्वीकृत गराई गाउँपालिकाको समन्वयमा संचालन गरीने नीति अवलम्वन गरीने ।

### ४.७.३.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- गाउँपालिका तथा मातहतका कार्यालयहरूबाट प्रदान गरिने सेवाहरू छिटो छरितो र सरल रूपमा प्रदान गर्नका लागि गाउँपालिका, वडा कार्यालयहरूलाई प्रविधि मैत्री बनाउँदै लगिने।
- महालेखा परिक्षकको प्रतिवेदनमा नियमित गर्नुपर्ने बेरूजु नियमित गरी फछौंट गरिएको साथै विगत आ.व. देखि असुल उपर गर्नुपर्ने भनि औंल्याएका वेरूजुहरू पनि असुल उपरको प्रकृयामा रहेको।
- गाउँपालिकाको आवधिक योजना तयार गरी सोही बमोजिम वार्षिक योजना तथा कार्यक्रमहरू तर्जुमा गरी सञ्चालन गरिएको।
- यूवाहरूलाई स्वरोजगार पार्दै आय आर्जन सँग जोड्ने नीतिलाई कार्यान्वयन गर्नका लागि गाउँपालिका तथा वडा कार्यालयले यूवाहरूलाई ड्राईभिङ् तालिम, आधारभुत विद्युत वाइरिङ्ग तालिम, व्युटिसियन तालिम, सिलाई कटाई तालिम, तरकारी तालिम,च्याऊ खेति तालिम, अबरबत्ति बनाउने तथा गुडिया बनाउने तालिम सञ्चालन गरिएको।
- मेडेपा कार्यक्रम अन्तर्गत अति विपन्न परिवारका ३५ जनालाई ८ दिने उद्यमशिलता तालिमा सञ्चालन गरिएको।
- मेडेपा कार्यक्रम अन्तर्गत अति विपन्न परिवारका उद्यमशिलता तालिम लिएको सहभागिहरूलाई एड्भान्स सर्फ बनाउने तालिम २५ जनालाई र २१ जनालाई सिलाई कटाईसम्बन्धी ४५ दिने तालिम सञ्चालन गरिएको।
- ८ जना उत्कृष्ट महिला उद्यमिलाई सिलाई मेसिन तथा जहदा गाउँपालिका वडा नं. ५ स्थित श्री लालिगुराँस लघु उद्यम समिहलाई २०HP को पावर टिलर हस्तान्तरण गरिएको।
- आँखा अस्पताल र जहदा गाउँपालिकाकको सहयोगमा आँखा परिक्षण शिविर तथा निःशुल्क मोतियाबिन्दु अपरेशन गरिएको छ।
- छुवाछुत मुक्त समाजको परिकल्पना गर्दै नगरभित्र अन्तरघुलन कार्यक्रमहरू साथै दलित समुदायको समृद्धि तथा विकासका लागि नेतृत्व विकासका तालिमहरू सञ्चालन गरिएको।
- सबै जातजातिका महिलाहरूको लागि बिभिन्न प्रकारका सचेतना मूलक, सीपमूलक तालिम तथा क्षमता विकास तालिम सञ्चालन गरी स्वरोजगार क्षमतामा वृद्धि गरिएको।

- नगर भित्रका जेष्ठ नागरिक महिला तथा पुरूषलाई जेष्ठनागरिक परिचयपत्र वितरण गरिनुका साथै अपाङ्गता भएका व्यक्तिहरूलाई (रातो, निलो, पहँलो र सेतो) गरी ४ प्रकारका अपाङ्ग परिचयपत्र वितरण गर्ने तथा अध्यावधिक गर्ने काम गरिएको।
- जहदा गाउँपालिकामा रहेको जहदा प्रहरी चौकीको समन्वयमा बालविवाह, अनमेल विबाहलाई कम गर्नको लागि समय समयमा यस विरूद्धको अभियान सञ्चालन र सहकार्य भइरहेको देखियो।
- सामाजिक विकृति र विसङ्गति रोक्नका लागि महिला हिंसा, दाइजो प्रथा विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन र सामाजिक विकृतिमा सम्लग्न ब्यक्तिहरूलाई कडा सजायको ब्यवस्था गरिएको।
- प्रहरी कार्यालयको रेकर्डअनुसार बालवालिका तथा महिलाहरूको अपहरण, जातिय छुवाछुत, जवरजस्ती करणी, आत्महत्या, भवितब्य घटना तथा मानव बेचबिखन र कर्तव्य ज्यान मुद्दामा कमी आएको तथा तुलनात्मक रूपमा महिला हिंसाका बारेमा महिलाहरू सचेत भएको देखियो। यसका लागि गाउँपालिका स्तरमा दुर्व्यसन नियन्त्रण, बाल बिवाह, लागू औषध तथा मनोविमर्श तालिम, छुवाछुत विरूद्द अभिमूखिकरण तालिम कार्यक्रम तथा सम्वादहरू समय समयमा भइरहेको देखियो।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका सबै सामुदायिक विद्यालय र सामूदायिक बाल विकास केन्द्रका विद्यार्थीहरूलाई पोषणयुक्त खाजा प्रदान गरिएको।
- बाल श्रम विरूद्धको अभियान सञ्चालन तथा जेष्ठ नागरिकहरूलाई सम्मानपूर्वक बाच्न पाउने अधिकारको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने गरेको।
- महिला तथा बालबालिका शाखाबाट बचत ऋण व्यबस्थापन तथा नेत्रित्व विकास तालिम, सांङकेतिक भाषा सम्बन्धी अभिमुखिकरण, अपांङगता भएका व्यक्तिहरूका लागि स्वास्थ्य जाँच शिबिर, स्वास्थ्य उपचार सहयोग, अपांङगता भएका व्यक्तिहरूका पोषण सहयोग, पुनस्थापना योजना तथा प्रोफाइल तयारी, राष्ट्रिय अपांङगता दिवश मनाउने तथा अपांङगता भएका व्यक्तिहरूको संस्था ओ.पि.डि. शुद्रिढिकरण तथा अपांङगता शसक्तिकरण कार्यक्रम सञ्चालन भएका।

### ४.७.३.३ सामाजिक विकासतर्फ गत आर्थिक वर्षमा गाउँपालिकाबाट सम्पन्न भएका सिप विकास तथा सचेतनामुलक कार्यक्रमहरूको विवरण:

| **सञ्चालित कार्यक्रम नाम** | **उपलब्धि** |
|---|---|
| एड्भान्स गुडिया बनाउने तालिम | ६ जना महिला तथा १४ जना पुरूष गरी २० जना मानिसहरू लाभान्वित भएका छन। |
| ड्राईभिङ् तालिम | १६ महिला ९ जना पुरूषहरू गरी १५ जनाले ड्राईभिङ्ग तालिम लिई आत्मनिर्भर बनेका |
| अबरबत्ति बनाउने तालिम | १८ जना पुरूष मेसन तालिमबाट लाभान्वित भएका छन्। |
| पशु तथा च्याउ खेति तालिम | २ जना पुरूषले बेकरीसम्बन्धी तालिम प्राप्त गरेका। |
| सिलाई कटाई तालिम | ४२ जना महिलाहरूले सिलाई कटाई तालिमसम्बन्धी तालिम तथा प्रविधि प्राप्त गरेका छन्। |
| मुडा बनाउने तालिम | १५ जना पुरूषले सिटि सफारी तालिम प्राप्त गरेका छन्। |
| ममबत्ति बनाउने तालिम | दलित समुदायका २५ जना महिला आफनो संस्कृति जगेर्ना गर्न तथा रोजगारी बन्न नौमती बाजा बजाउने तालिम प्राप्त गरेका छन्। |
| ब्युटिसियन तालिम | २२ जना महिलाले ब्युटिसियन तालिम लिएका छन्। |

त्यस्तै गाउँपालिका र ७ वटै वडा कार्यालयहरूले करिब ५०० जनाभन्दा बढी सहभागिहरूलाई विभिन्न प्रकारका सिप विकास तालिम सञ्चालन गर्नुका साथै जनता आवास कार्यक्रम अन्तर्गत प्रदेश सरकारको सहयोगमा दलित समुदायका लागि ५ ओटा घर निर्माण गरीएको देखियो । त्यस्तै विभिन्न प्रकारका सचेतनामूलक कार्यक्रम अन्तर्गत वडाको विभिन्न चौकहरूमा रखिएका फलैचाहरूमा सन्देश मुलक श्लोगनहरू (विहेवारी २० बर्ष पारी, छोरीलाई दाइजो होइन शिक्षा देउ, धुम्रपान मध्दपान नगरौ नगराऔ जस्ता ) लेखाई समाजमा सकारात्मक संदेशका रूपमा रहेको देखियो । त्यस्तै बालबालिकासम्बन्धी बिबिध कार्यक्रम अन्तर्गत वालविवाह विरूध्द,दाईजो प्रथा रोकथाम लगायतका कार्यक्रमहरू गरेको पाईयो । यि बाहेक पालिकाले बालबालिकासँग अध्यक्ष कार्यक्रम, पत्रकार भेटघाट कार्यक्रम, सामाजिक परिक्षण, शार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टि सर्वेक्षण गर्नुका साथै विभिन्न प्रकारका साँस्कृतिक कार्यक्रमहरू, स्वास्थ्य शिविर जस्ता कार्यक्रम पनि समय समयमा गरेको पाईयो त्यस्तै पालिका तथा वडा कार्यालयबाट न्यानो कपडा वितरण, खेलकुदका सामान वितरण, विद्यालयमा कम्प्युटर तथा ल्यापटप वितरण, जेहेन्दार विद्यार्थी छात्रबृत्ति वितरण, न्यानो कपडा वितरण खेलकुदका सामान वितरण जस्ता कार्यहरू सम्पन्न गरेको पाईयो ।

### ४.७.३.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- बजेट कम हुनु सहभागि धैरै हुनु, सहभागि धैरै हुनु ।
- तालिममा लक्षित वर्गको मानिसहरूभन्दा बोलवाला र पहुँच वालाको उपस्थिति बढी हुनु ।
- सहभागिको माग, बजारको आवश्यकता र पहिचानको आधारमा भन्दापनि देखासिखी र हचुवाको भरमा तालिम माग गरिनु तथा सञ्चालन हुनु ।
- तालिम पश्चात तालिमका सहभागिहरूको नियमित रूपमा अनुगमन नहुनु तथा स्तरोन्नतिका लागि कार्यक्रम नहुनु ।
- आर्थीक अवस्था कमजोर भएका सहभागिहरूले तालिम पश्चात उद्यम, व्यवसाय सञ्चालन गर्न नसक्नु।
- बजार स्तरमा कार्यक्रम बढी सञ्चालन हुनु गाउँस्तरमा कम कार्यक्रम सञ्चालन हुनु ।
- वालक्लव तथा वाल संरक्षण समितिहरू प्रभावकारी नहुनु ।
- हिंसामा परेका महिलाले आफू हिंसामा परेको कुरा नभन्नु तथा महिलाहरूमा हिंसाविरूद्ध चेतना अभिवृद्धिमा आवश्यक समन्वय र सहयोगको वातावरण सिर्जना हुन नसक्नु ।
- विभिन्न सीपमूलक तथा रोजगारीमूलक तालिमहरू समयमै सञ्चालन नहुनु ।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था यथोचित नहुनु तथा गरिबी घटाउन नीतिगत व्यवस्था भएपनि प्रभावकारी कार्यान्वयन नहुनु ।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न, गरिब, दलित तथा लक्षित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजनाका कार्यक्रमहरू प्रभआवकारी रूपमा सञ्चालन नहुनु ।
- नीतिगतरूपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशी, अवसर, रोजगारी सर्जना भएजस्तो देखिए पनि यथार्थमा त्यस्तो नहुनु ।
- वातावरण सुधार, ध्वनि नियन्त्रण, घर तथा उद्योगहरूबाट निस्कने धुवाँ नियन्त्रण नहुनु ।

### ४.७.३.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- समयमै बजेटको व्यवस्था गर्नु तथा बजेट कम हुन नदिनुपर्ने ।
- तालिमामा लक्षित वर्गको मानिसहरूलाई प्राथमिकताका साथ उपस्थिति गराउनुपर्ने ।
- सहभागिको माग, बजारको आवश्यकता र पहिचानको आधारमा तालिम सञ्चालन गर्नुपर्ने ।
- तालिम पश्चात तालिमका सहभागिहरूको नियमित रूपमा अनुगमन गर्नु तथा स्तरोन्नतीका कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

- तालिम लिएका र आर्थीक अवस्था कमजोर भएका सहभागिहरूलाई व्यवसाय गर्न प्रविधि हस्तान्तरण कर्जाका लागि बैंक तथा बित्तिय संस्थासँग समन्वय गराउनुपर्ने।
- टाठाबाठा लाई तथा बजार स्तरमा भन्दा गरिब र गाउँस्तरमा कार्यक्रम बढी सञ्चालन गराउनुपर्ने।
- बालक्लव तथा वाल संरक्षण समितिहरू वृद्धि गर्दै लैजानु तथा बाल क्लबहरूको सुदृढीकरणमा जोड दिँदै बालबालिकाहरूमा नेतृत्व गर्ने सक्ने क्षमताको विकास गराउनुपर्ने।
- हिंसामा परेका महिलालाई हिंसा न्यूनीकरण गर्न दुबै पक्षलाई झिकाई छलफल तथा मिलापत्र गराउने वातावरण सृजना गर्नुपर्ने।
- विभिन्न सीपमूलक तथा रोजगारमूलक तालिम सञ्चालन गर्दा नीति तथा कार्यविधि बनाई सञ्चालन गर्नुपर्ने।
- विपन्न परिवारका लागि विभिन्न प्याकेज कार्यक्रम र छात्रवृतिको व्यवस्था गरी गरिबी घटाउन विभिन्न संघसंस्थाहरूसँग गाउँपालिकाले आवश्यक समन्वय र सहकार्य गरेर कार्यक्रमहरू सञ्चालन गर्नु, गराउनुपर्ने।
- सामाजिक परिचालनअन्तर्गत अति विपन्न तथा दलित परिवारहरूमा आय आर्जनका लागि जीविकोपार्जन परियोजनाअन्तर्गत नागरिक सचेतना कार्यक्रम सञ्चालन गराउनुपर्ने।
- नीतिगतरूपमा सम्पूर्ण जात जाति, लिङ्ग, वर्ग, धर्महरूको समावेशी, अवसर, रोजगारी, अधिकारको ब्यवस्था गर्नुपर्ने।
- वातावरण सुधारका लागि घर तथा उद्योगहरूबाट निस्कने धूवाँ तथा ध्वनी नियन्त्रणका लागि सम्बन्धित निकायहरूलाई पत्राचारमार्फत जानकारी गरानु र तत्काल त्यस्तो कार्य कम गराउनुपर्ने।
- एच आइ भी एड्सको निरन्तर अनुगमन, न्यूनिकरणको लागि योजना बनाई, बसाइसराई गरी आएका तथा वैदेशिक रोजगारीबाट फर्किएका कामदारहरूलाई विशेष ध्यान दिने तथा नगर वडा समन्वय समितिलाई परिचालन गराउनु पर्ने।
- विभिन्न नीति तथा कार्यक्रमबाट विकासमा समान सहभागितामा सुनिश्चितता गराउनु तथा बाल सञ्जाल, महिला सञ्जाल, समन्वय समिति, अन्य लक्षित वर्गका समितिहरू मार्फत सहभागिता सुनिश्चित गराउनुपर्ने।
- स्थानीय बजार सम्मको पहुँच बढाउन गाउँपालिका भित्रका हाट बजारहरू व्यवस्थित तथा सडक विस्तार तथा बजार क्षेत्रमा सिटी सफारी र अन्य साधनहरूको परिचालनमा जोड दिनुपर्ने।
- भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सिमान्तकृत वर्गको स्वरोजगार र शिक्षामा पहुँच बढाउन अझ सशक्त भएर विभिन्न सीप विकाश तालिम, रोजगारमूलक तालिम, छात्रवृत्ति आदिको बजेटमै व्यवस्था गरी प्रत्येक वर्ष लागू गर्नु गराउनु पर्ने।

## ४.७.४ भौतिक पूर्वाधार क्षेत्रको विवरण

### ४.७.४.१ उद्देश्यहरू:

- जहदा गाउँपालिका वडा नं. ५ स्थित प्रशासनिक भवन छेउको लक्ष्मनिया चौकको सौन्दर्यकरण गर्नका लागि प्रदेश तथा संघिय सरकार सँग समन्वय गरी योजना संचालन गरिने।
- समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार" भन्ने नारालाई निरन्तरता दिई सोही क्षेत्रसंग सम्बन्धित कार्यमा प्रदेश तथा संघिय सरकारसँग समन्वय गरी विकासको गतिविधिलाई दिगो बनाउदै लगिने।
- गाउँपालिकाको विकास निर्माण तथा पूर्वाधारको कार्यगर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कानूनको परिपालनमा जोड दिईने।
- गाउँपालिका क्षेत्रमा संचालन हुने प्रत्येक आयोजनामा गुणस्तर नियन्त्रणमा समेत ध्यान दिई योजनाको सामाग्री, ल्याब टेस्ट गर्न प्रदेश स्थित निकायहरूसँग सहकार्य गरी प्रतिवेदन प्रकृयालाई छिटो छरितो बनाउदै लगिने।
- निर्माणधिन गाउँपालिकाको १५ बेडको आधारभूत अस्पताल र प्रमुख प्रशासकीय भवन निर्माणलाई निरन्तरता दिइने।
- गाउँपालिका र वडास्तरबाट संचालित हुने योजनामा ठोस तथा दिगो पूर्वाधार निर्माणको लागि सडकमा कालोपत्रे गरी निर्माणलाई प्राथमिकतामा राखि योजना निर्माण गरिने।
- गाउँपालिकाबाट योजना निर्माण गर्दा आवश्यकता र नागरिकको मागमा आधारीत योजनाहरूलाई प्राथमिकतामा राखि बजेटमा समावेश गर्दै लगिने।
- गाउँपालिका भित्र विभिन्न वडाहरू जोडने लोहोन्द्रा खोलामा झोलुंगे पुल निर्माणका लागि सम्बन्धित निकायमा माग गरी प्रक्रिया अगाडि बढाइने ।

### ४.७.४.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- प्रदेश सरकारसँगको लागत साझेदारीमा २ तले आधुनिक प्रशासकीय भवनको निर्माण कार्य सम्पन्न भई प्रशासनीक कार्य सुरु गरिएको।
- संघीय सरकारको लागत साझेदारीमा १५ शैया सुविधा सम्पन्न अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको।
- सन्थाल जातीहरूको संस्कृतिको पहिचान र संरक्षणका लागि संघीय सरकारको लागत साझेदारीमा निर्माणधिन सन्थाल संग्राहलयको भवन निर्माण कार्य अन्तिम चरणमा रहेको।

- वडा नं. ३ स्थित जुडीखोलामा पक्की पूल निर्माण कार्य सम्पन्न भएको।
- वडा नं.१ देखि ७ सम्मका विभिन्न सडकहरू कालोपत्र, ग्राभेल र नाला निर्माण गरी सडकहरूको स्तरोन्नती गरिएको।
- वडा नं. ७ मा वडा कार्यालय भवन र आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको।
- सामूदायिक विद्यालयहरूमा खानेपानीका लागि ट्युवेल जडान गर्ने कार्य सम्पन्न भएको।
- विभिन्न सामुदायिक विद्यालयहरू पुनर्निमाण तथा मर्मत गर्ने कार्य भइरहेको।
- गाउँपालिका तथा वडा कार्यालयद्वारा विद्यालय, वडा कार्यालय भवन, मठ मन्दिर, मस्जिद, पाटी पौवा, संङग्राहालय, खेलमैदान तथा सार्वजनिक स्थानहरूको मर्मत सम्भार, रङरोगन, संरक्षण तथा घेराबारा गर्ने काम हरेक आर्थिक वर्षमा भइरहेको तथ्यगत प्रमाण र स्थलगत अवलोकनको क्रममा पाइयो।
- आवास कार्यक्रम अन्तर्गत प्रदेश सरकारको सहयोगमा दलित समुदायका लागि ५ ओटा घर निर्माण गरीएको देखियो।
- पालिका गौरबका योजनाअनुसार हरेक वडामा सडक, भवन, कवर्डल, जिलुङ्गे पुल, ड्रेन निर्माण आवश्यकता अनुसार निर्माण भईरहेका तथा दीर्घकालीन महत्वका सडकहरू ग्रावेल गर्ने, व्लक हाल्ने तथा कालोपत्रे गर्ने कार्य भएको देखियो।
- ठूला परियोजना निर्माण कार्यका लागि योजना तयार पारी संघ तथा प्रदेश सरकारसँगको समन्वय र साझेदारीमा डि.पि.आर.निर्माण गर्ने, सडक फराकिलो पार्ने, दायाँ बायाँ ड्रेन निर्माण गर्ने, बाटो कालोपत्रे गर्ने कार्य भइरहेको देखियो।
- हरेक वडाले आफ्नो वार्षिक योजनामा साना ठूला गरी सयौँ योजनाहरू सम्पन्न गर्नुका साथै केही योजनाहरू क्रमागत योजनाअन्तर्गत ठेक्का लागाउने र केही योजनाहरूको उपभोक्ता समिति मार्फत हुने गरेको देखियो।
- बिपदजन्य जोखिम तथा विपद पूर्व तयारीका लागि रेडक्रससँगको साजेदारीमा आवश्यक सामग्री खरिद गरी भण्डारण गरिएको।
- पालिकाभित्रका वडा कार्यालय, सेवाप्रदायक कार्यालय, खेलमैदान, विद्यालय, प्रहरी चौकीहरूमा अस्थायि घेराबारा हटाई स्थायि घेराबारा कम्पाउड वाल निर्माण हुँदै गएको देखियो।
- आवश्यकता अनुसार पुल, पुलेसा संघिय सरकार तथा प्रदेश सरकारको सहयोगमा ठुला भवन तथा कालोपत्रे गर्ने सडक बाटोहरू क्रमागत योजनाअनुसार निर्माण सञ्चालनमा रहेको पाईयो।

### ४.७.४.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू

- गाउँपालिकाबाट सञ्चालित योजनाहरूको सङ्ख्या धेरै हुने भएकोले सीमित प्राविधिक जनशक्तिको कारणले नियमित अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रण गर्न कठिनाइ भएको ।
- पूर्वाधार योजनाहरू निर्माण गर्दा बाटोको दायाँ बायाँ आफ्नो जग्गा छोड्न नमान्नु जसले गर्दा योजना निर्माण गर्न समस्या हुने गरेको तथा ढिलाई हुने गरेको ।
- प्राविधिकको सहयोगविना होमपाइप राख्नु, त्यसो गर्नाले होमपाइपबाट पानि नगइ माथिल्लो भागमा जम्ने तथा डुबानसमेत हुने गर्नु ।
- आयोजना सञ्चालन गर्दा आयोजना हाम्रा लागि हो भन्ने कुरा पालिकावासीले नबुझ्नु जसको कारणले उपभोक्ता समिति गठन र कार्य सम्पादनमा समस्या आउनु ।
- लागत सहभागिताका लागि जनसहभागिताको कमजोर उपस्थिति हुनु जसले गर्दा योजनाको आर्थिक भार गाउँपालिकालाई मात्र पर्नु ।
- साना साना योजनाहरूमा टुक्रे वजेट विनियोजन गर्न माग गर्नु जसले गर्दा दिगो विकासको लक्ष्यअनुसार पूर्वाधार निर्माण योजनाहरू बन्न नसक्नु ।
- कर्मचारीको अभाव र जनप्रतिनिधिहरू सबैलाई सबै कुराको जानकारी नहुनाले कार्य सम्पादन छिटो छरितो नहुनु ।
- ठेक्कापट्टा बाट कामगर्दा कमरेटमा ठेक्का पार्ने र कमसल तथा योजनाअनुसारको काम नहुनु ।
- प्राविधिकहरू तथा उपभोक्ता समितिलाई समसामयिक तालिमको व्यवस्था नहुनु ।
- प्राविधिक स्रोत साधनको कमी तथा भवन इजाजत कार्यविधिको कमि ।
- लागत सहभागिताको योजनामा उपभोक्ता समितिले रकम जम्मा गर्न नसकेकोले योजना सञ्चालनमा ढिला हुने गरेको ।
- कतिपय योजना सञ्चालनको अवस्थामा खोला बन्द हुने कारण ढुङ्गा, गीट्टी र बालुवा समयमा उपलब्ध नहुनु ।
- योजना निर्माणका क्रममा आवश्यक पर्ने ढुङ्गा, गीट्टी र बालुवा जस्ता वस्तुको सरकारी रेट र बजार रेटमा फरक हुने हुनाले यस्ता सामान खरिद गर्दा उभोक्तालाई बढी मूल्य पर्ने हुनाले काममा समस्या हुने गरेको ।
- साना साना पूर्वाधार योजनाहरू सञ्चालन गर्नु पर्ने भएकोले पालिकाको बजेट धेरै खर्च भएपनि उपभोक्ता तथा सार्वसाधारण जनताले बजेट अनुसारको कार्य नदेख्नु तथा कामप्रति जनगुनासो बढ्नु ।
- बजार भाउ घट बढ भइरहने हुनाले तोकएको बजेटबाट काम सम्पन्न गर्न समस्या हुनु ।
- निर्माणाधिन तथा निर्माण सम्पन्न भएका पूर्वाधारका योजनाहरूमा गाई वस्तु, बाख्रा पाठा बाँध्ने तथा अन्नबाली सुकाउनाले योजना निर्माण गर्न तथा निर्माण सम्पन्न भएका योजना पनि आकर्षक नदेखिनु ।

### ४.७.४.५ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावः

- गाउँपालिकाबाट सञ्चालित योजनाहरूको सङ्ख्या छनोट गर्दा आजश्यकता र प्राथमिकताको आधारमा छनोट गर्नुपर्ने ।
- योजना छनोट र सञ्चालन गर्दा योजना बैँकको निर्माण गरी प्राथमिकताका आधारमा छनोट र सञ्चालन गर्नुपर्ने ।
- प्राविधिक शाखाका कर्मचारी जनशक्तिलाई कार्यालयको प्राविधिक काममा मात्र लगाउने तथा अनुगमन, सुपरिवेक्षण तथा गुणस्तर नियन्त्रणमा विशेष ध्यान दिन लगाउने ।
- प्राविधिकहरू तथा उपभोक्ता समितिका व्यक्तिहरूलाई समसामयिक तालिमको व्यवस्था गर्नुपर्ने।
- प्राविधिक स्रोत साधनको उचित प्रयोग गर्न कार्यविधि बनाउने तथा साना साना आयोजनाहरू उपभोक्ता समितिमार्फत र ठूला E-Bidding मार्फत आयोजनाहरू सञ्चालन गर्नुपर्ने ।
- लागत सहभागितालाई बैज्ञानिक बनाउने तथा लागत सहभागिता उठाउन नसक्ने परिवारका लागि गाउँपालिकाले यथोचित प्रवन्ध गर्नुपर्ने ।
- पालिकाले सञ्चालन गरेका साना-साना पूर्वाधार योजनाहरूको बजेट जनताले देख्ने गरी टाँस गर्ने तथा बजेटबारे स्पष्ट पार्नुपर्ने ।
- पालिकाले योजना सञ्चालन गर्नु पूर्व आवश्यक सर सामानको बजार रेट माग्ने र बजार रेट अनुसारको बजार रेटले भ्याउने योजनामात्र सञ्चालन गर्नुपर्ने ।
- निर्माणाधिन तथा निर्माण सम्पन्न भएका पूर्वाधारका योजनाहरूमा गाई वस्तु, बाख्रा पाठा बाँध्ने तथा अन्नबाली सुकाउन नमिल्ने कुराको उपभोक्तालाई जानकारी गराउने तथा यसो गरेमा आवश्यक दण्ड जरिवाना गराउने ।
- उपभोक्ता समिति वा निर्माण कर्ताले बजार भाउ थपघट बारे यकीन गरी मालसामानको यथोचित प्रबन्ध मिलाउनुपर्ने ।

## ४.७.५ कृषि विकास शाखा क्षेत्रको विवरणः

### ४.७.५.१ उद्देश्यः

- कृषि कर्जा सरल बनाई सहुलियत ब्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन गाउँ क्षेत्र भित्र रहेका बैंक, वित्तियसंस्था तथा सहकारी संस्थाहरूसँग आवश्यक पहल र समन्वय गर्ने। कृषिमा स्नातक गरेका युवाहरूलाई कृषि व्यवसायमा आवद्धता हुन प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने।
- व्यवसायिक कृषि खेति गर्ने कृषकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउँपालिकाले प्राविधिक सहायोग उपलब्ध गराउने।
- धान, मकै जस्ता कृषि बालीको उत्पादनलाई प्रोत्साहन गर्न सहकारी संस्था तथा समूहकृत संस्थासँग साझेदारीमा कृषकलाई राहत सुवधा उपलब्ध गराउने नीति अबलम्बन गरिने।
- कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भण्डार (COLD STORE) निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार, सहकारी संस्था तथा नीजि क्षेत्रसँग सहकार्य गर्दै जाने।
- किसानहरूको लागि विऊ, बिजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउन कृषि सहकारी संस्थाहरूको क्षमता विकास गर्ने।
- गाउँ क्षेत्रका खेतियोग्य जमिनमा सहज सिचाई सुविधा पुर्याउनका लागि सिचाईको लागि विद्युत जडान कार्यलाई विस्तार दिने।
- जहदा गाउँपालिका भित्रका कृषकहरूको तथ्यांक अभिलेखका लागि संघिय सरकारको नीति अनुसार कृषकहरूको सूचिकृत कार्यलाई निरन्तरता दिइनेछ।
- जहदा गा.पा.लाई च्याउ र कांक्रामा आत्मनिर्भर बनाइने।
- यस गाउँपालिकामा मकैको उत्पादन अत्याधिक हुने भएकोले किसानहरूलाई मकै तथा अन्य कृषि बाली उत्पादनमा अझ उत्प्रेरित गर्न कृषि महोत्सव कार्यक्रम गरिनेछ।
- कृषिलाई व्यवसायीकरण गर्न आधुनिक कृषि प्रणलीलाई संचालन तथा प्रोत्साहन गरीनेछ।

### ४.७.५.२ गत आ.ब. मा सञ्चालन विकास आयोजना तथा कार्यक्रमहरूको विवरणः

| आयोजना/ कार्यक्रम | लक्ष्य | उपलब्धि | कै. |
|---|---|---|---|
| प्राविधिक सेवा उपलब्ध गराउने | धान, मकै, गहुँ , मौषमी तथा बेमौसमी तरकारी, दलहन, तेलहन र नगदेबालिका साथै | प्राविधिक सेवा उपलव्ध गराएको। कृषिमा व्यवसायिक रूपमा प्रवर्द्धन हुँदै गएको। | ५० प्रतिशत अनुदानमा वितरण |

| | | | |
|---|---|---|---|
| | फलफूलका बिऊबिजन इत्यादि वितरण गरिएको । | | |
| आइपिएम पाठशाला | ३ ओटा आइपिएम पाठशाला सञ्चालन गर्ने, | सञ्चालन नभएको | |
| घुम्ती तालिम सञ्चालन | ५ ओटा घुम्ती तालिम सञ्चालन गर्ने, | ५ ओटा घुम्ती तालिम सञ्चालन भएको । | |
| कृषि विमा | कृषि विमाका लागि अनुगमन गरी सिफारिस गर्ने | कृषि विमा गर्नेको सङ्ख्या दिन प्रतिदिन बढ्दै गएको । | उखुमा मात्र भईरहेको |
| अनुदान लक्षित कार्यक्रम | युवा लक्षित कृषि कार्यक्रम सञ्चालन गर्ने,फलफूलका बिरूवा वितरण गर्ने, मौषमी, बेमौषमी तरकारीका बिऊ वितरण तथा मिनिकिट, पावर टिलर, मकै रोप्ने मेसिन, च्यापकटर र बीऊ रोप्ने मेशिन, तरकार, र फलफूलका बिरूवा वितरण गर्ने, | युवा लक्षित कृषि कार्यक्रममा सिप विकासका लागि अनुदान रकम दिइएको । कृषकलाई फलफूलका बिरूवा वितरण गर्ने । मौषमी, बेमौषमी तरकारीका बिऊ वितरण तथा मिनिकिट, च्यापकटर र बीऊ रोप्ने मेशिन, तरकारी, च्याउ र फलफूलका बिरूवा वितरण गरिएको । | |
| कृषक समूह गठन | कृषकहरूलाई सङ्गठित गर्ने, कृषिमा एकद्वार प्रणाली लागु गर्ने, | हालसम्म ...... कृषक घरधुरी सूचिकृत रहेको, सूचिकृत सहकारी ...वटा, सूचिकृत फर्म ..... वटा र सूचिकृत कृषक समूह ..... रहेको देखियो । कृषिमा आएका कार्यक्रम एकद्वार प्रणालीमार्फत गर्ने गरेको । (श्रोतः कृषि शाखा) | कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकिकर, र अन्यनिकाय सँग समन्वय र सहकार्य |

### ४.७.५.३ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- अनुदानमा पावर स्प्रेयर ( 2 in 1) ११२ थान, पानी तान्ने इलेक्ट्रिक मोटर 2hp 3 inch ३९ ओटा, डिलिभेरी पाइप ( २५ के.जी. बण्डल ) ३३५ थान, डिजिटल काटा (१०० के.जी.) ३ थान, त्रिपाल १२ थान, कलमी विरुवा (आँप,लिचि र कटहर) ४५०० ओटा, बंगुरको पाठा पाठी ६१ ओटा तथा स्यालो ट्यूवेल तथा मोटर जडान ३५ थान कृषकलाई वितरण गरिएको देखियो ।
- ५० प्रतीशत अनुदानमा ब्यावसायिक च्याउ स्पान वितरण गरीएको ।
- ५० प्रतिशत अनुदानमा धान र गहुँको वितरण गरिएको ।
- सत प्रतिशत अनुदानमा तरकारीको मिनिकिट किसानलाई वितरण गरिएको ।

- निःशुल्क रूपमा मागमा आधारित फलफुल विरूवा वितरण - आँप, लिची र कटहरका बिरूवा वितरण गरेको ।
- ६० प्रतिशत अनुदानमा किसानलाई पावर स्प्रे वितरण गरिएको ।
- घुम्ती तालिम सञ्चालन गरीएको ।

### ४.७.५.४ आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेको समस्याहरू

- कृषि पेशामा रहेका घर परिवारको आधारमा कार्यालयमा प्राविधिक जनशक्तिको कमी, श्रोत साधनको कमी रहेको देखियो ।
- कृषिको सम्भावना प्रचुर भपनि कृषि पेशा गाउँपालिकाबासीको प्राथमिकतामा नपरेको देखियो ।
- पालिकाभित्र भइरहेको जग्गा प्लटिङ तथा अव्यवस्थित शहरीकरणले गर्दा कृषि योग्य जमिन घट्दै गइरहेको देखियो ।
- गाउँपालिकाको अधिकांश मानिसहरू परम्परागत कृषिमा आश्रित रहेको देखियो ।
- कृषि शाखाले कृषकहरूको लागि कार्य गरिरहेपनि कृषकको मागलाई सम्बोधन गर्न नसकेको ।
- कृषकहरूले प्राविधिक तथा व्यवसायिक तालिमहरू सोचेअनुसार नपाएको देखियो ।
- केही स्थानमा कृषि योग्य जमिन रहेपनि पर्याप्त सिँचाइको सुविधा नभएको देखियो ।
- उत्पादित कृषि वस्तु, अन्न तथा तरकारीको लागि कृषि सामग्रि बजारसम्म लैजानलाई ढुवानिको समस्या रहेको देखियो ।
- कृषि प्राविधिक पर्याप्त नभएको हुनाले कृषि शाखाका प्राविधिक कर्मचारीहरूले कृषकहरूलाई सेवा दिन केही ढिलाई हुने गरेको देखियो ।
- आर्थीक अवस्था कमजोर भएका कृषकहरूका लागि अनुदानका सामग्रि वितरणमा ५०।६० प्रतिशत अनुदान समेत बुझाउन नसक्ने हुनाले सेवाबाट बञ्चित हुनु परेको तथा तत्काल अनुदान तिर्न नसक्ने कृषकहरूलाई समस्या हुने गरेको देखियो ।
- खुल्ला बोर्डर भएको कारणले कृषकहरूले तरकारी तथा अन्न बालिमा बढी बिषाधि प्रयोग गर्ने गरेको ।
- केही ठुला र महङ्गा कृषि यान्त्रिकरणहरू अनुदानमा वितरण गर्दा बढी क्षेत्रमा कृषि गर्नेले मात्र पाउने हुनाले साना साना किसानहरू यस्ता अनुदानका कार्यक्रमबाट बञ्चित हुनु परेको ।

### ४.७.५.५ कृषि क्षेत्रकाअल्पकालीन उद्देश्यहरू

- कृषि प्रणाली तथा विचारमा परिवर्तन ल्याउने।
- कृषक समक्ष नयाँ नयाँ उत्पादनका प्रविधि, ज्ञान, सीप तथा साधनसम्बन्धी जानकारी पुर्याउने।
- कृषि उत्पादन र उत्पादकत्वमा वृद्दि गर्ने।
- कृषक समूहमाफर्त कृषिका सम्पूर्ण कार्यक्रमहरू प्रभावकारी ढङ्गले सञ्चालन गर्ने।
- कृषक समूहहरूलाई सहकारी संस्थामा परिणत गर्दै लैजान प्रचार प्रसार तथा अभिप्रेरित गर्ने।
- कृषि अनुसन्धानबाट पत्ता लगाईएका उन्नत प्रविधिहरू कृषक समक्ष पुर्याउन र कृषकको प्रतिक्रिया अनुसन्धान समक्ष पुर्याउने।
- सम्भाव्यताको आधारमा पकेट क्षेत्र छनौट गरी खाद्यान्न, तरकारी, फलफूल र नगदेबालीका व्यावसायिक कार्यक्रमहरूलाई प्रोत्साहन दिने।
- ग्रामीण कृषि कार्यकर्ताहरूलाई स्थानीय स्तरमा कृषिको नेतत्वृ गर्नसक्ने गतिशील अगुवा कृषक तयार गर्ने।
- साना सिँचाइको माध्यमबाट प्रति इकाई क्षेत्रफलको उत्पादकत्व बढाउनुका साथै बाली सघनतामा वृद्धि गर्ने।

### ४.७.५.६ कृषि क्षेत्रका दीर्घकालीन उद्देश्यहरू:

- खाद्य वस्तुको बढ्दो आन्तिरक माग पूरा गर्न कृषि प्रसारको माध्यमबाट उत्पादन र उत्पादकत्व बढाइ आत्मनर्भर बनाउने।
- निम्न आय भएका वहसुंख्यक साना किसानहरूका लागि कृषि क्षेत्रका आयमूलक उत्पादनशील र स्वरोजगारका अवसरहरू वृद्धि गर्ने।
- कृषिजन्य उत्पादनको संरक्षण, संशोधन तथा उपयक्तु बजार व्यवस्था, वितरण प्रणालीको सुधार गर्ने।
- वातावरणीय सन्तुलन कायम राख्दै कृषक वर्गको तुलनात्मक लाभ र न्यायोचित वितरणको आधारमा दिगो कृषि विकासको कार्यमा सहयोग पुर्याउने।
- निवार्हमूखी कृषि पद्धतिलाई व्यवसायीकरणतर्फ उन्मूख गराउने।
- पौष्टिक खाद्य वस्तुको उत्पादन र सन्तुलित उपयोगमा वृद्धि ल्याई जनताको स्वास्थ्यमा सुधार ल्याउने।

### ४.७.५.७ कृषि क्षेत्रका भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू

- खाद्यान्न गोदाम, प्रशोधन केन्द्र, र शीत भण्डारको स्थापना गरी गाउँपालिकाको विभिन्न ठाउँहरूमा विस्तार गरी उत्पादित फलफूल तथा तरकारीहरू विक्री वितरणमा कृषकलाई सघाउ पुर्याउने।
- कृषि विमालाई सरल र सहज रूपमा अनिवार्य गर्ने।
- रसायनिक मलको आपूर्ती समयमा सहज गराउनुपर्ने तथा रसायनिक मलको विकल्पमा कम्पोष्ट मलको प्रयोग र उत्पादनमा आवश्यक तालिम दिनुपर्ने।
- गाउँपालिका भित्रको सार्वजनिक जग्गाको लगत सङ्कलन गरी त्यसलाई कृषिका लागि निः शूल्क वा न्यूनतम मूल्यमा समुदाय वा सहकारीलाई दिई कृषि उत्पादनमा वृद्दि गर्नुपर्ने।
- कृषि एम्बुलेन्सको व्यवस्था गर्नुपर्ने तथा कृषि प्राविधिकहरूलाई वडा वडामा विस्तार गरी किसानलाई सेवा दिनुपर्ने।
- कृषकहरूलाई उन्नत प्रविधि तथा बीऊ बिजन र तालीमको व्यवस्था हुनु पर्ने।

## ४.७.६ पशु विकास क्षेत्रको विवरणः

### ४.७.६.१ उद्देश्य

- माछापालन, उन्नत जातका वाख्रापालन, कांक्राखेती तथा च्याउखेती जस्ता तरकारी पकेट क्षेत्रलाई विशेष प्राविधिक सहयोग तथा बजार सुविधा उपलब्ध गराउन प्रोत्साहनमुलक अनुदान कार्यक्रम संचालन गरिने।
- ए.आई, नश्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरूमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गर्दै लैजाने।
- पशुपन्छीजन्य रोगहरूको रोकथाम, पशुजन्य उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रमलाई संचालन गर्ने नीति लिईने।
- पशुपालन व्यवसाय मार्फत कृषकहरूको जिवनस्तर सुधारका लागि पशुविकास सम्बन्धी नीतिहरू निर्माण गर्दै लगिने।

### ४.७.६.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरुः

- निःशुल्क कृतिम गर्भाधारण कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिएको।
- ५० प्रतिशत अनुदानमा बंगुरको पाठा पाठी वितरण गरी बंगुर पालन सम्बन्धि तालिम सञ्चालन गरिएको।

- ५० प्रतिशत अनुदानमा माछाको भुरा वितरण गरी माछापालक किसानहरूलाई माछापालन तालिम सञ्चालन गरिएको ।
- किसानहरूलाई पशुपन्छी पालनसम्बन्धी विभिन्न व्यवसायीक तालिम सञ्चालन गरिएको ।
- पशुपन्छी पालक किसानहरूका लागि निःशुल्क औषधि वितरण गरिएको ।
- सातवटै वडामा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको ।

### ४.७.६.३ आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा भोगेका समस्याहरू

- सीमित साधन र असिमित मागको बीचमा तालमेल नभए पनि काम गर्नुपर्ने हुनाले समस्या हुने गरेको।
- पशु विमालाई तल्लो तहसम्म पुर्याउन सदस्य, औजार, उपकरण तथा स्रोत साधनको समस्या रहेको ।
- अझैसम्म पशुपालनलाई आधुनिकीकरण र व्यवसायीकरण गर्न नसकिएको ।
- गाउँपालिका भित्र पशुपालनलाई कम महत्व दिएको ।
- साना-साना पशुहाटबजार तथा बिक्रिकेन्द्र गाउँपालिका भित्र रहेपनि बिक्रि वितरण नभएमा ल्याउन लान समस्या हुने गरेको ।
- पालिकाबाट सञ्चालित अनुदान कार्यक्रमबाट सञ्चालन हुने कार्यक्रममा कमजोर कृषकहरूलाई ५० प्रतिशत अनुदान रकम समेत तिर्न समेत समस्या हुने गरेको ।

### ४.७.६.४ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- पशुक्षेत्र विकासका लागि स्थानीय तहले पूर्ण नेतृत्त्व लिनुपर्ने ।
- अनुदानको दायरा सरल, सजह, मितव्ययी र फराकिलो बनाउनुपर्ने ।
- पशुपालनको व्यवसायीकरण गर्न पशु पालक किसानलाई ऋण अनुदान र सहुलियतको व्यवस्था अझ फराकिलो बगाउँदै लानुपर्ने ।
- पशु विमालाई अभियानको रूपमा सञ्चालन गर्नुपर्ने ।
- निः शूल्क  औषधी र कृत्रिम गर्भाधानलाई प्रभावकारी बनाउनुपर्ने ।
- पशुजन्य उत्पादनको बजारीकरणका लागि सरकारी संयन्त्रबाट सहयोग र न्यूनतम मूल्य तोक्ने काम हुनुपर्ने ।
- मासु, अण्डा र छिटो प्रतिफलदिने पशु पंक्षीहरूको अध्ययन तथा अनुसन्धान गरी त्यस्तो व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने ।

- माछा तथा माछापालन गर्ने स्थानको अध्ययन तथा अनुसन्धान गरी माछा व्यवसाय गराउन प्रोत्साहन गर्नुपर्ने ।
- उन्नत जातका पशुपालन गर्न समय समयमा कृषकहरूलाई आवश्यक तालिमको व्यवस्था हुनुपर्ने ।
- समुहमा पशुपालन गर्न प्रोत्साहन गर्नुपर्ने तथा पशुस्वास्थ्यको उपचारका लागि वडा वडामा प्रविधिक खटाउनु पर्ने ।
- कृषकको आवश्यकतरा अनुसार पशु आहार साइलेजको तयार गर्न तालिम तथा युवाहरूलाई कृषि फर्म स्थापना, शुद्धकरण र विस्तारका लागि पालिकाले प्रोसाहन गर्नुपर्ने ।
- पशुपन्क्षी पालन बढाउन बस्तिदेखि टाढा वातावरण जोगाउँदै गाई, भैंसि, कुखुरा, बङ्गुर आदिको व्यावसायिक उत्पादन गर्न सामुहिक पशुपालन गर्ने नीति निर्माण गरी कार्य गर्नुपर्ने ।

## ४.७.७ प्रधानमन्त्री रोजगार क्षेत्रको विवरण

### ४.७.७.१ उद्देश्य

- बेरोजगार व्यक्तिहरूलाई रोजगारीको सिर्जना गर्ने,
- सरल र सहज तरिकाले पुन: श्रम स्वीकृति प्रदान गर्ने तथा श्रम अध्यावदिक गर्ने,
- बैदेशिक रोजगारिको लागि आवश्यक परामर्श दिने,

### ४.७.७.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरु:

- सुचिकृत ४०६ जना बरोजगार सूचिकृत मध्ये ६५ जना व्यक्तिहरूले न्युनतम रोजगारीको व्यवस्था गरिएको ।
- वैदेशिक रोजगार कल्याणकारी सूचना व्यवस्थापन प्रणाली (FEWIMS) मार्फत प्रदान हुने सेवा हरूको लागि आ.व.२०८१-८२ मा रोजगार सेवा केन्द्रबाट सहजिकरण गरिएको ।

  **(क) क्षतिपूर्ति (मृत्यु)-** १ जना- वैदेशिक रोजगार बोर्डको सचिवालयमा आवश्यक कागजातहरू पठाएको ।

  **(ख) वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सञ्चालन-** वैदेशिक रोजगार बोर्डको सचिवालयमार्फत (शिक्षा शाखाको आवश्यक पहलमा)- ३ जना (विधार्थीलाई रू: १२,०००।– का दरले छात्रबृत्ति प्रदान गरिएको । (विद्यार्थीको खातामा सिँदै पठाएको)

- ४० जना बेरोजगार व्यक्तिहरूलाई कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास तालिम (२० जना प्लम्बर र २० जना सडक मर्मत सम्भार तालिम) सञ्चालन गरिएको ।
- गाउँपालिकाबाट बैदेशिक रोजगार कल्याणकारी सेवा शुरूवात गरिएको ।
- २२६ जना व्यक्तिहरूलाई गाउँपालिकाबाट सहज तरिकाले पुन: श्रम स्वीकृति प्रदान गरिएको ।
- रोजगार खोजकर्ता र रोजगारदाता वीच रोजगारीको समन्वय स्थापना गर्ने विधुतीय वेभ पोर्टल सय्चालन गरिएको ।
- पालिकाले आउने दिनमा प्रकाशित रोजगारी, तालिमसम्बन्धी सूचना यसै वेभ पोर्टलमा सार्वजनीकरण गर्दै लगिएको ।
- आई.टी (I.T) शाखाको सहजीकरणमा जहदा गाउँपालिकाको वेभसाईटमा श्रम सँसारको हाईपरलिङ्क (hyperlink) राखिएको ।

### ४.७.७.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- सूचिकृत बेरोजगार सङ्ख्या जम्मा ४०६ जना रहेकोमा ६५ जनाले मात्र रोजगारी प्राप्त गरेकोले अन्य व्यक्तिहरू के कारणले पाउन सकेन्न पत्ता लगाई आउँदा दिनमा रोजगारी सङ्ख्या बढाउनु पर्ने देखियो ।
- उचित तरिकाबाट अन्य शाखाहरूको सहयोग लिइ प्राप्त बजेट खर्च गरी धेरै भन्दा धेरैलाई रोजगारी दिनुपर्ने ।
- बेरोजगार मानिसहरूका लागि निरन्तर सञ्चालन हुने रोजगारीको खोजी र समन्वय गरिदिनुपर्ने ।
- सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता र बजार मागको आधारमा तालिम सञ्चालन गर्नुपर्ने ।

### ४.७.७.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव:

- बेरोजगार सूचीकृत गर्ने कार्य समयमै गरी बरोजगार व्यक्तिहरूलाई पालिकाको अन्य स्रोत र साधनबाट लामो समय रोजगारी दिन सक्ने व्यवस्था मिलाउनुपर्ने ।
- यस शाखाबाट सीप विकास तालिम सञ्चालन गर्दा सहभागिको आवश्यकता, बजार माग र कच्चा पदार्थको उपलब्धताको आधारमा तालिम सञ्चालन गर्ने ।
- शाखामा प्राप्त बजेट खर्च गर्नका लागि समयमै बजेट खर्च योजनाको तयारी गर्ने ।

## ४.७.८ सामाजिक सुरक्षा तथा पन्जिकरण क्षेत्रको विवरण

### ४.७.८.१ उद्देश्यहरू

- सबै मानिसमा व्यक्तिगत घटना दर्ताको पहुँच पुर्याउनु,
- सामाजिक सुरक्षा भत्ता सरल र सहज तरिकाले उपलव्ध गराउने, (कोही नछुटुन कोही नदोर्योउन्)
- बेवारिसे तथा अन्य कारणबाट जन्मेका बच्चाहरूलाई कानूनी प्रक्रिया पूरा गरी घटना दर्ता गर्ने गराउने,
- बसाइसराई दर कम गर्ने ।

### ४.७.८.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

गत आर्थिक वर्षमा यस गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही सङ्‌या ३५५९ रहेको देखियो । सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहि १०० प्रतिशत विवरण रूजु गरिएको देखियो भने १०० प्रतिशत लाभग्राहीलाई गाउँपालिकाबाट वितरण हुने पहिलो त्रैमासिकदेखि चौथो त्रैमासिक सम्मको भत्ता विवरण गरिएको छ जसलाई तल देखाइएको छ ।

| | **पहिलो त्रैमासिक** | **दोस्रो त्रैमासिक** | **तेस्रो त्रैमासिक** | **चौथो त्रैमासिक** | **बार्षिक कायम** | | **जम्मा** सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| भत्ता प्राप्त लाभ ग्राही | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | वितरण गरिएको सङ्ख्या | पुरूष | महिला | |
| अन्य जेष्ठ नागरिक | १९८५ | १९९४ | १९९४ | १९९४ | ९५४ | १०४० | १९९४ |
| जेष्ठ नागरिक दलित | २११ | १२१ | २२१ | २२१ | १२६ | ९५ | २२१ |
| जेष्ठ ना.एकल म. | २९२ | २९४ | २९४ | २९४ | ० | २९४ | २९४ |
| विधवा महिला | ६२९ | ६५३ | ६५३ | ६५३ | ० | ६५३ | ६५३ |
| पूर्ण अपाङ भत्ता | ७८ | ८२ | ८२ | ८२ | ४६ | ३६ | ८२ |
| अति अशक्त भत्ता | १८४ | १९० | १९० | १९० | १२३ | ६७ | १९० |
| दलित वालबालिका | २५६ | २५४ | २३९ | २२५ | ११६ | १०९ | २२५ |
| जम्मा | ३६४३ | ३६८८ | ३६७३ | ३६५९ | १३६६ | २२९३ | ३६५९ |

## घटना दर्ताको विवरण अध्ययन तथा विश्लेषण:

यस गाउँपालिकामा आ.ब. ०८१।०८२ मा १ देखि ७ वटै वडाहरूमा स्थलगत अवलोकन गरेर हेर्दा व्यक्तिगत घटना दर्ताको विवरणअनुसार जन्म दर्ता १०७० जना भएको देखिन्छ जसमा पुरूष ५६५ र महिला ५०५ जना रहेको देखिन्छ। मृत्यु दर्ता ३२२ रहेकोमा १५९ पुरूष र १६३ जना महिलाहरूको मृत्यु एक आर्थिक वर्षमा भएको देखिन्छ। सम्बन्ध विच्छेदका घटना दर्ता ८ रहेको छ भने ४८७ जनाको विवाह दर्ता भएको देखिन्छ। बसाई सरी जाने ३७ परिवारका (कुल परिवार सङ्ख्या १३४) रहेको छ भने बसाई सरी आउने १९ परिवारका (कुल परिवार सङ्ख्या ७३) जना रहेको देखिन्छ, घटना दर्ता जम्मा १९४३ रहेको देखिन्छ।

## ४.७.८.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरिहरू:

- व्यक्तिगत घटना दर्तालाई हेर्दा यस गाउँपालिकामा सबै वडाहरूमा अनलाइन प्रक्रियाद्धारा घटना दर्ता सञ्चालन भइरहे पनि इन्टरनेटको समस्याले काममा ढिलो हुँदा सेवाग्राहीको असन्तुष्टि रहने गरेकोले इन्टरनेटमा सुधार गर्नुपर्ने देखियो।
- व्यक्तिगत घटना दर्ता गर्न अझै पनि मानिसहरू ३५ दिनभित्र नआउने देखिएकोले घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।
- फिल्डमा गएर अध्ययन गर्दा केही मानिसहरू विवाह गरेको लामो समयसम्म पनि विवाह दर्ता गर्न नआएको र बच्चा भएपश्चात बच्चाको जन्म दर्ता गराउन आउँदा विवाह दर्ता नभएकोले समस्या भएको देखियो।
- यस गाउँपालिकामा बसाईसरी आउने भन्दा जाने क्रम बढी देखियो जसमा नगरपालिले बसाइसराई आउनेलाई प्रोत्साहन र जानेलाई रोक्न उपयुक्त कदम चाल्नुपर्ने देखियो।

- गाउँपालिकाको घटना दर्ता अन्तर्गत सम्वन्ध विच्छेदको घटना ८ जना रहेकोले सम्बन्ध बिच्छेद गर्नुको कारण पत्ता लगाई सम्बन्ध विच्छेदसम्बन्धी सचेतना तथा आवश्यक अन्य कार्यक्रम सञ्चालन गर्नुपर्ने देखियो।

### ४.७.८.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- हरेक काम अनलाइनबाट हुने भएकाले इन्टरनेटलाई सरल, सहज र जुणस्तरयुक्त बगाउने।
- व्यक्तिगत घटना दर्ता सप्ताहा शसक्त प्रभावकारी तथा घर घरसम्म पुर्याउनका साथै समय समयमा घटना दर्तासम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- स्वास्थ्य, शिक्षा, रोजगारी, यातायातलाई सर्वशुलभ र सबैको पहुँच योग्य बनाउने तथा बसाई सरी जानुका कारण पत्ता लगाई त्यससम्बन्धी गर्नुपर्ने कार्य नीतिगत रूपमै व्यवस्था गरी सञ्चालन गर्ने।
- सम्बन्द विच्छेद हुनुका कारण पत्ता लगाई त्यससम्बन्धी सचेतना मूलक कार्य गर्ने।

## ४.७.९ गाउँपालिकाको खानेपानी तथा सरसफाई क्षेत्रको विवरण

### ४.७.९.१ मूख्य उद्देश्य

- सबै पालिका बासीहरूमा स्वच्छ खानेपानी पुयाउनु,
- खानेपानिका लागि सञ्चालन भएका संम्रचनाहरू तथा जिर्ण रहेका संम्रचनाहरूको सरसफाई तथा स्तरोन्नती गर्दै लैजाने,
- विस्तार भएका बजार क्षेत्रभित्र शार्बनिक शौचालयहरूको निर्माण गर्दै लैजाने,
- खानेपानी तथा सरसफाई प्रवद्धनका लागि गै.स.स.हरूसँग साझेदारी बढाउनु,
- धातु र माटोले बनेको सुधारिएको चुलो निर्माण गर्न अभिप्रेरित गर्नु,
- सबै पालिका बासीहरूमा शौचालय निमार्ण गर्न अभिप्रेरित गर्नु,
- सुरक्षित पिउने पानिमा जनचेतना अभिबृद्धी गर्नु।

### ४.७.९.२ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत सुधारहरू

- आर्थिक वर्ष २०८१/८२ सम्ममा स्वच्छ खानेपानी पुगेको घरधुरी सङ्ख्या २८२४ घरपरिवारका (करिब ३०.२८ प्रतिशत) मानिसमा स्वच्छ खानेपानी पुगेको ६९.७२ प्रतिशत घरपरिवारका परिवारले अहिलेपनि कलको पानि प्रयोग गरेको देखिन्छ। (श्रोतः वडा कार्यालयले दिएको रिपोटअनुसार)
- यस गाउँपालिकामा जम्मा घर धुरी सङ्ख्या ९३३२ रहेकोमा ८४८३ करिब (९०.९७ प्रतिशत) घरमा शौचालय भएको र (९.३ प्रतिशत) ८४९ परिवारमा शौचालय नभएको पाइयो। शौचालय भएका

परिवार मध्ये १०० प्रतिशत घरपरिवारले शौचालयको प्रयोग गरेको देखिन्छ । (श्रोतः वडा कार्यालयले दिएको रिपोटअनुसार)

- खानेपानी तथा सरसफाई प्रवर्धनका लागि संघिय सरकारको, प्रदेश सरकार, पालिका तथा गै.स.स. को साझेदारी खानेपानि तथा सरसफाईसम्बन्धी कार्य भइरहेको ।
- गाउँपालिका भित्रका अधिकाँस परिवारमा ग्यास सिलिन्डर रहनुका साथै बिद्युतिय चुलो जडान गरेको तथा केही परिवारले धातु र माटोले बनेको सुधारिएको चुलो निर्माण र प्रयोग गरेको देखियो ।
- गाउँपालिकाले दाउरा र गुँइठाको प्रयोगबाट खाना पकाउने अति गरिब परिवारलाई प्रत्येक वर्ष अनुदानमा बिद्युतिय चुलो वितरण गर्दै आएको ।

### ४.७.९.३ कार्यक्रम सञ्चालनका क्रममा देखिएका समस्या तथा कमजोरीहरू

- हालसम्म गाउँपालिका बासिका हरेक घरमा स्वच्छ खानेपानी पुर्याउन नसक्नु ।
- गाउँपालिकाको बजेटको प्राथमिकतामा खानेपानी तथा सरसफाईका योजना नपर्नु ।
- फोहोरमैला उचित व्यवस्थापनका लागि ल्यान्डफिल्ड साइड तथा दिशाजन्य लेदो व्यवस्थापन गर्ने स्थान नहुनु ।
- खानेपानि तथा सरसफाईका योजनामा बढी खर्च हुने हुनाले पालिकाले मात्र योजना सञ्चालन गर्न कठिनाई हुनु ।
- केही परिवारको आर्थिक अवस्था कमजोर रहेकोले घरयासि शौचालय निर्माण गर्न जग्गा नभएको तथा जग्गा हुनेले शौचालय निर्माण गर्न सम्म नसकेको ।
- परम्परागत चुलो भएको घरधुरी पत्ता लगाई धुवाँ रहित चुलोको प्रयोग गर्न अभिप्रेरित नगर्नु ।

### ४.७.९.४ भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव

- गाउँपालिका बासीमा स्वच्छ खानेपानी पुर्याउनका लागि नीति र योजनासहित कार्य गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाले खानेपानी तथा सरसफाईसम्बन्धी  कामलाई प्राथमिकता दिनुपर्ने ।
- शौचालयको प्रयोग तथा धुवाँरहित चुलोको प्रयोगबारे गाउँपालिका बासीमा गाउँपालिकाले सचेतना जगाउनु ।
- कलको पानि प्रयोग गरिरहेका घरधुरिमा फिल्टर किन्न नसक्ने तथा अन्य प्रशोधनको प्रयोग नगरेपनि पानि तताएर मात्र खानेपानि प्रयोग गर्न जनचेतना जगाउने कार्य समय समयमा गर्नुपर्ने ।
- एक पालिका एक पानिपरिक्षण प्रयोगशाला निर्माण गर्नुपर्ने ।
- फोहोरमैला वर्गीकरण गरी छुट्याउने  उचित व्यवस्थापन गर्न गाउँपालिका बासीमा सचेतना जगाउनका साथै फोहोर प्रशोधन केन्द्रको स्थापना गर्नुपर्ने ।
- फोहोरमैलाको उचित व्यवस्थापनको लागि चाँडै ल्यान्डफिल्ड साइडको व्यवस्था गर्नुपर्ने ।

### ४.७.१० गाउँपालिकाको न्यायिक क्षेत्रको विवरणः

नेपालको संविधान धारा २१७ बमोजिम प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएकोछ । यस गाउँपालिकामा जेन्जि आन्दोलनले सञ्चालित प्रमिख प्रशासकिय भवनमा आगलागि भएको र नयाँ निर्माण भएको प्रशासकीय भवनमा इजलास तथा भौतिक संरचनाको व्यवस्था गर्न केही समयलाग्ने भएपनि न्यायिक समितिबाट हुने विवादहरूलाई सकेसम्म सामाजिक सद्भाव, भाइचारा तथा आपसी सहयोगको भावनामा बृद्धी हुनेगरी मिलमिलापको माधयमबाट सबैले जित्ने (WIN-WIN) को अवस्था स्थापित गर्ने प्रयास स्वरूप न्यायिक समितिबाट गत आ.ब. मा ९७ वटा दुद्धा दर्ता भएकोमा ६१ वटा मुद्धा (बिवाद) फर्छोट भएको पाईयो भने २२ वटा बिवाद समादान गर्न बाँकी रहेकोछ । त्यस्तै न्यायिक समिति र मेलमिलाप कर्ताको क्षमता विकासका लागि ५ दिने क्षमता विकास तालिम प्रदान गरिएको गरिएको देखियो ।

**न्यायिक प्रक्रियाद्वारा गत आ.ब. मा न्याय सम्पादन गरिएका (फर्छोट भएका) विवादका अवस्थाहरूः**

| सि.नं. | कार्य विवरण | स्थानिय सरकार सञ्चालन ऐन २०७४ | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | दफा ४७ (१) | दफा ४७ (२) | | |
| १. | आ.ब.०८१/०८२ बाट जिम्मेवारी सरेको उजुरी सङ्ख्या | | | १४ | |
| २. | नयाँ उजुरी दर्ता सङ्ख्या | | | ९७ | |
| ३. | जम्मा मुद्दा | | | ९७ | |
| ४. | फर्छोट विवादका सङ्ख्या | | | ६१ | |
| ५. | फर्छोट हुन बाँकी विवादका सङ्ख्या | | | २२ | |
| ६. | न्यायिक समिति बैठक बसेको सङ्ख्या | | | ११० | |

#### ४.७.१०.१ सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रक्रियागत

क) मेलमिलापकर्ताहरूलाई ५ दिने मेलमिलापकर्तासम्बन्धी पूर्नताजगी तालिम प्रदान गरिएको ।

ख) वडास्तरिय मेलमिलापकर्ता सुचिकृत गरिएको ।

ग) असाहायका लागि सहायता उपलब्ध गराईएको ।

#### ४.७.१०.२ यस क्षेत्रमा तत्काल गर्नुपर्ने कार्य तथा सुझावहरूः

**क)** ईजलासको निर्माण भइ न्यायिक कार्यहरू इजलासबाट गर्नुपर्ने ।

ख) आवश्यक ऐन, नियम, कानुनको बनाउँदै लैजानुपर्ने ।

ग) भौतिक संरचना सहितको गाउँपालिका एवं वडागत मेलमिलाप कक्ष बनाउनुपर्ने ।

घ) न्यायिक समितिको क्षेत्राधिकारका विषयमा कानुनी सचेतना कार्यक्रम समय समयमा सञ्चालन गराउनुपर्ने।

## ४.८ स्थलगत अवलोकनका क्रममा गाउँपालिका तथा वडा कार्यालयमा सेवा लिन आएका सेवाग्राहीलाई सेवा प्रवाह, विकास निर्माण, शिक्षा, स्वास्थ्य र रोजगारको विषयमा गरिएका प्रश्नहरू तथा देखिएका केही तथ्यहरू

१) स्थानीय तहले दिने सेवा र सुविधा बारे तपाई जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ४० जना सेवाग्राहीलाई सोध्दा २२ जनाले जानकार रहेको, १५ जनाले जानकारी नरहेको तथा ३ जनाले के सेवा र सुविधा दिन्छ र भनेर प्रतिप्रश्न गरेका थिए भने ३ जनाले प्रश्नको उत्तरनै दिएनन्।

२) तपाईले गाउँपालिका कार्यालय तथा यसअन्तर्गतका कार्यालयबाट आफ्नो काम गर्न कतिको सहज महसुस गर्नुहुन्छ भन्ने प्रश्न करिब ४२ जना सेवाग्राहीलाई सोध्दा ३७ जनाले सहज रहेको बताए भने ५ जनाले प्रश्नको उत्तरनै दिएनन्।

३) स्थानीय तहको बजेट निर्माण र छनोटमा तपाईँ कतिको जानकार हुनुहुन्छ भन्ने प्रश्न करिब ४४ जना सेवाग्राहीलाई सोध्दा २३ जनाले वडा देखिनै बजेट बनाउने कार्यमा सहयोग गर्ने गरेको बताए भने बजेट निर्माण र छनोटबारे केहि पनि जानकारी नरहेको १४ जनाले बताए त्यस्तै जानकारी भएर पनि बजेट निर्माण र छनोटमा चासो नराख्ने तथा कहिल्यै नजाने गरेको ७ जनाले बताए।

४) स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम बारे तपाईँको धारणा के कस्तो रहेकोछ भन्ने प्रश्न करिब ३० जना सेवाग्राहीलाई सोध्दा २० जनाले कमसल काम भएको, समयमा काम नभएको बताए भने १० जनाले भने सडक निर्माण कार्यमा बजेट अभाव हुने, समयमा बजेट निकासा नहुने निर्माण गरेपनि बिग्रिहाल्ने गरेको बताए त्यस्तै जनचेतना तथा सिपमूलक कार्यक्रम भने थोरै आउने र केही तालिम कार्यक्रममा आफु सहभागि समेत भएको कुरा सहभागिहरूले बताए।

५) तपाईँको विचारमा स्थानीय तहले निर्माण गरेका योजना तथा सञ्चालन गरेका कार्यक्रम कसरी सञ्चालन गरे राम्रो हुन्थ्यो भन्ने प्रश्न करिब २२ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले समयमै काम सञ्चालन गर्नुपर्ने, निर्माण भएका काम स्तरयुक्त र टिकाउ बनाउनु पर्ने तथा सिपमूलक कार्यक्रममा सबैलाई सूचना पुर्याइ इच्छा, चाहना र व्यवसाय सञ्चालन गर्न खोज्नेलाई तालिममा समेट्दा राम्रो हुने कुरा सहभागिहरूको पाइयो।

६) गाउँपालिकाको शिक्षा, स्वास्थ्य र रोजगारको अवस्था कस्तो रहेको छ भन्ने प्रश्न करिब ३३ जना सेवाग्राहीलाई सोध्दा अधिकांश सहभागिहरूले शिक्षा र स्वास्थ्य पहिलेभन्दा केही सुधार भए पनि गाउँपालिकाले अझै धेरै काम गर्न रहेको बताए भने रोजगारको अवस्थामा भने जेन्जि आन्दोलनदेखि

पालिका बाहिर रोजगार गरिरहेकाको रोजगारी अझै खस्कँदै गएको र तत्काल सुधार हुन नसक्ने पनि बताए।

७) तपाईँको बिचारमा शिक्षा, स्वास्थ्य र रोजगारको अवस्थामा के गर्दा राम्रो होला भन्ने प्रश्न करिब ३२ जना सेवाग्राहीलाई सोध्दा १२ जनाले प्रश्नको उत्तर नै दिएनन् भने २० जना सेवाग्राहीले शिक्षा, स्वास्थ्य र रोजगारमा कानूनी तथा नीतिगत रूपमै सुधार गरी संघ, प्रदेस र स्थानीय तहले कृषि, पशुपालन, पर्यटन तथा शिक्षा, स्वास्थ्यमा बजेटको आकार बढाइ नीजिक्षेत्र र सरकारको सम्युक्त लगानीमा काम गर्नुपर्ने बताएका।

८) तपाईँ सामाजिक परीक्षणको विषयमा जानकार हुनुहुन्छ भन्ने प्रश्नमा २२ जना सेवाग्राहीलाई सोधपुछ गर्दा ७ जनाले थाहा नभएको ५ जनाले अलिअलि थाहा भएको तर १० जनाले पूर्ण रूपमा ज्ञान रहेको बताए।

९) करिब ५० गाउँपालिकाबासीलाई  कर्मचारी र जनप्रतिनिधिका बारेमा प्रश्न गर्दा ८० प्रतिशत सेवाग्राहिले सकारात्मक टिप्पणी गरे भने ८ प्रतिशतले  नकारात्मक टिप्पणी गरे त्यस्तै भने १२ प्रतिशत  बोल्न चाहेन्न।

१०) नकारात्मक टिप्पणी गर्ने नगरबासीहरूले भौतिक निर्माण, कृषि र करमा आफ्नो असन्तुष्टि जारी गरेको पाइयो भने केहीले रोजगार, बजार व्यवस्थापन र तालिमको व्यवस्था गर्न माग गरे।

११) गाउँपालिका भित्रका विभिन्न स्थानका व्यापारीहरूलाई करका बारेमा सोधिएको प्रश्नमा व्यपारीहरूको जवाफमा गाउँपालिकाले अन्यन्त्र पालिकामा हेरी कर सहुलियतनै रहेपनि आफुले तिरे अनुसारको करको सुविधा भने नपाएको बताए।

१२) कृषि र कृषिको बजेटको बारेमा १८ जना कृषकलाई प्रश्न सोध्दा ७ जनाले कृषिको बजेट टाठाबाठाले मात्र पाएको आरोप लगाए।

१३) विद्यालय शिक्षकहरूलालाई गाउँपालिका कर्मचारी र जनप्रतिनिधिप्रति कस्तो सोच रहेको छ भन्ने प्रश्नमा विद्यालय शिक्षकहरूले गाउँपालिका कर्मचारी र जनप्रतिनिधिहरूप्रति सकारात्मक सोच रहेको बताए।

१४) जेष्ठ नागरिकहरूलाई गाउँपालिकाप्रति के आशा छ भन्ने प्रश्नमा जेष्ठ नागरिकहरूले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सहज भएको तर भत्ताबाहेक अन्य सुविधा नपाएको बताए।

१५) व्यापारी तथा करदाताहरूले करदाता शिक्षा र करदातामैत्री राजश्व प्रशासन नभएको गुनासो गरे।

१६) भौतिक पूर्वाधारको विकासलाई जोगाउन पालिकाबासीले चासो नदेखाएको भेटियो।

१७) केही स्थानमा स्थलगत अवलोकन गर्दा मुख्य बाटाहरूमा चौपाया बाँध्ने, ठेसर लगाउने तथा धान परालसमेत राखेर बाटो आवागमनमा अवरोध गरेको पाइयो।

१८) सूचनाको हक प्रदान गर्ने र त्यससम्बन्धी गरिने कार्यक्रममा सार्वजनिक सुनुवाई,सूचना पाटिमा सूचना टाँस गर्ने तथा गाउँपालिकालएको वेवसाईट र फेसबुक पेजमा समेत राख्ने गरेको पाइयो।

१९) जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धि तालिमको व्यवस्था भएको पाइयो।

२०) सबै वडाहरूमा आवश्यक संरचना, सरसामान र कर्मचारी भएपनि हाल केही वडामा जेन्जि आन्दोलनले क्षेति पुर्याएको देखियो भने करार कर्मचारी कटौति गरिएकोले सेवा प्रवाहमा समस्या भएको देखियो।

२१) सुशासनको पूर्ण रूपमा पालना गर्न गाउँपालिका प्रयासरत रहेको पाइयो।

२२) पालिकाका सबै संरचनाहरू अपाङ्ग मैत्री तथा बालमैत्री नभएको पाइयो।

२३) समग्र अध्ययनमा गाउँपालिका र वडाहरूले प्रदान गर्ने सेवाप्रति नागरिकको सकारात्मक धारणा रहेको पाइयो।

२४) सबै वडाहरूमा पहिले भन्दा इन्टरनेटको सुधार भएपनि अझै राम्रोसँग सुधार हुन नसकेको तथा समय समयमा समस्या दिइराख्ने देखिएकोले तत्काल सुधारको आवश्यकता देखियो।

२५) बिधुत तथा इन्टरनेटको खराबिले सेवाग्राहिको काम रोकिएमा कर्मचारीले बहाना भनाएको भन्ने र सेवाग्राही रिसाउने, झर्कने गरेको पाइयो।

२६) हरेक वडामा मेलमिलाप कर्ताको गठन भएको पाइयो।

२७) हरेक वडामा उपभोक्ता समितिको गठन भइरहेको पाइयो।

२८) पुराना उपभोक्ता समितिलाई हेर्दा उपभोक्ता समितिको अध्यक्षमा महिलाको उपस्थिति न्यून हुने गरेको देखियो।

२९) बालविकास केन्द्रमा विद्यार्थीको उपस्थिति उल्लेख्य नरहेको पाइयो।

३०) गाउँपालिकाका विद्यालयमा प्राविधिक शिक्षा पढाई नहुने भएपनि शैलजा पोलिटेक्निकलाई पालिकाले अनुदान सहयोग गरेको पाइयो।

३१) विद्यालयमा छात्र छात्राहरूको लागि छुट्टै शौचालयको निर्माण हुँदै गएको पाइयो।

३२) गाउँपालिकाको न्यायिक समितिबाट दर्ता भएका मुद्दाहरू समयमै मेलमिलाप तथा फर्छयौट भएको पाइयो।

३३) पालिका बासीलाई फोहोरमैला व्यवस्थापनको विषय निकै चुनौतिपूर्ण रहेको पाईयो।

३४) पालिकाले आफ्नै वन निर्माण गर्न गत आ.ब. देखी बृक्षारोपण शुरू गरेको पाईयो।

३५) पालिकाबासिलाई पालिकामै स्वास्थ्य उपचार दिन संघ, प्रदेश र पालिकाको सहयोगमा १५ शैयाको गाउँपालिका अस्पताल निर्माणाधिन अवस्थामा रहेको पाईयो।

## ४.९ विषयगत शाखाहरूको सामाजिक लेखाजोखा :

### ४.९.१ प्रशासन शाखा

- सहज तरिकाले काम गर्न कर्मचारीहरूको अभाव नभएको पाइयो।
- प्रशासनिक कामहरू प्रक्रिया पुर्याइ नियम सङ्गत ढङ्गले सम्पादन गरेको पाइयो।
- प्रशासन शाखाले वडा तथा अन्य शाखाहरू र जनप्रतिनिधिहरूका साथै समितिहरूसँग समन्वय गरी कार्य सम्पादन गरेको पाइयो।
- प्रशासनिक काममा अनावश्यक झमेला नदिएको कुरा पालिकाबासीहरूबाट भयो।
- प्रशासनिक कामको जानकारी दिन नागरिक वडापत्र, सूचना अधिकारी राखिएकोले सेवाग्राहीहरू सेवा लिन आउँदा सजिलो हुने गरेको देखियो।

### ४.९.२ आर्थिक प्रशासन शाखा

- गाउँपालिकाको आयव्ययको दोहोरो लेखाप्रणालीको आधारमा वैज्ञानिक तरिकाले हिसाब किताब राखेको पाइयो।
- योजनासम्बन्धी भुक्तानी प्रक्रिया पुर्याएर आउँदा सोही दिन भुक्तानी दिने गरेको देखियो।
- आन्तरिक लेखा परिक्षण तथा अन्तिम लेखापरीक्षण समयमै भएको पाइयो।
- यस शाखाले अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो।
- अव्यवस्थित तरिकाले प्रक्रिया नपुर्याई कुनै पनि भुक्तानी नहुने गरेको देखियो।
- पेश्की भुक्तानीलाई कम गर्दै लगेको देखियो।

### ४.९.३ प्राविधिक शाखा

- गाउँपालिकाबाट सञ्चालित पूर्वाधार विकाससम्बन्धी योजनाहरूका लगत इष्टमेट मूल्याङ्कन र नियमित अनुगमन गर्ने गरेको देखियो।
- गाउँपालिका र अन्य क्षेत्रबाट प्राप्त बजेटको योजना र इष्टमेटअनुसार कार्य भएको देखियो।
- यस शाखाले वडा तथा अन्य शाखा र जनप्रतिनिधि तथा समितिहरूसँग समन्वय गरी कार्य गरेको पाइयो।
- सम्पूर्ण कार्यक्रमहरूको प्राविधिक तथा व्यवस्थापकीय कार्य गर्ने तथा समन्वय गर्ने काम भएको देखियो।

### ४.९.४ महिला, बालबालिका तथा न्यायिक शाखा

- सबै प्रकारका विकासको प्रतिफल लिन र त्यसको जर्गेना गर्न सामाजिक विकास अपरिहार्य भएकाले यस्तो कार्यक्रम निरन्तर भइरहने तथा भइरहेको देखियो ।
- योजना बाडँफाँडअनुसार सामाजिक विकासमा सिद्धान्तअनुसार रकम बाडँफाँड भएको देखियो ।
- यस शाखाले सेवाग्राहीलाई छिट्टै सेवा दिन हरसम्भब प्रयास गरिरहेको देखियो ।
- गाउँपालिकाका सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको देखियो ।
- यस शाखाबाट गरिएका तालिम तथा अन्य कार्यहरूको समय समयमा अनुगमन तथा मुल्याङ्कन हुने गरेको पाईयो ।
- न्यायिक समितिका कार्यहरूमा आवश्यक सहयोग तथा समन्वय गरी कार्य गरेको देखियो ।

### ४.९.५ योजना शाखा

- गाउँपालिकाको विकासका लागि योजना शाखाले कार्यपालिकाद्धारा र वडा समितिद्धारा छनोट गरिएका योजनाहरू समयमै कार्यान्वयनमा लगेको देखियो ।
- यस शाखाको काम छिटो, छरितो र सन्तोषजनक देखियो ।
- गाउँपालिकाका सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको देखियो ।
- योजना छनौट गर्न कार्यपालिका, समितिहरू र अन्य शाखाहरूसँग समन्वय गरेको देखियो ।

### ४.९.६ सूचना प्रविधि शाखा

- यस शाखाले अन्य शाखालाई आवश्यक पर्ने सबै प्राविधिक सहयोग गर्दै आएको देखियो ।
- यस शाखाले गाउँपालिका तथा सबै वडाहरूमा इन्टरनेटको राम्रो व्यवस्था गर्न प्रयासरत रहेको देखियो।
- समग्रमा यस शाखाले कार्यपालिका, समितिहरू र सम्पूर्ण कर्मचारी तथा सेवाग्राहीलाई सुविधा दिएको पाइयो ।
- गाउँपालिकाका प्रतिनिधि तथा सबै शाखाहरूसँग समन्वय गरेर यस शाखाले काम गरेको पाईयो ।

## ४.१० जहदा गाउँपालिकामा सामाजिक परीक्षणका क्रममा देखिएका सबल पक्षहरू

- गाउँपालिकावासीहरूलाई स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य केन्द्रबाहेक स्वास्थ्य क्लिनिक, खोप क्लिनिकमार्फत आधारभूत स्वास्थ्य सेवा प्रदान गरिरहेको र केही स्वास्थ्य केन्द्रबाट सेवा सञ्चालनमा भईरहेको देखियो ।

- निजी क्षेत्रसँग सहकार्य गरी गाउँपालिकालाई हरियाली बनाउने तथा बृक्षारोपण गर्ने कार्यको शुरूवात हुँदै गएको ।
- फोहरमैला व्यवस्थापनमा समुदाय तथा घरपरिवारलाई परिचालन गरी यसबाट पालिकाको वातावरण स्वच्छ सफा बनाउन पालिका प्रयासरत रहेको ।
- समुदायको पहलमा खुला तथा खाली स्थानको संरक्षण गर्ने कार्यको थालनी हुँदै भएको ।
- वडा भेलावाट माग भई आएका योजनाहरूलाई प्राथमिकरण तथा छनौट गर्ने विधि र आधार पारदर्शी एवं वैज्ञानिक बनाउने प्रयास हुँदै गहेको ।
- पहिलेको तुलनामा महिला समूहहरू क्रियाशील रहेका तथा गाउँपालिकाले टोल समूहहरूलाई टोल सुधार, पूर्वाधार विकास, सीप विकास तथा रोजगार सिर्जना गर्ने कार्यमा परिचालन गर्ने गरेको ।
- गाउँपालिकाका हरेक कार्यलाई विद्युतीय प्रणालीमा डिजिटाइज गर्दै लगिएको ।
- सामाजिक जिम्मेवारी वहनका गर्नका लागि समुदाय स्तरमा विभिन्न समिति तथा संस्थाहरू क्रियाशील रहेको ।
- पालिकालाई आवश्यक पर्ने ऐन, कानुन तथा कार्यविधिहरूआवश्यकता अनुसार निर्माण गर्दै लगिएको ।
- नीति तथा कार्यक्रमहरूमा लक्षित वर्गका कार्यक्रमहरूलाई समेटिएको ।
- सडक बत्ती तथा ढल सुधार गर्नेतर्फ गाउँपालिकाले स्थानीय समुदायहरूसँग सहकार्य गरी कार्य अगाडि बढाएको ।
- सूचनाको हक प्रदान गर्ने र त्यससम्बन्धी  गरिने कार्यक्रममा सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई, नागरिक सन्तुष्टि सर्वेक्षण, लैङ्गिक समानता परिक्षण, सूचना अधिकारी राखने तथा सूचना पाटिमा सूचना टाँस गर्ने तथा गाउँपालिकाको वेवसाइड र फेसबुक पेजमा समेत सूचना राख्ने गरेको पाइयो ।
- जनप्रतिनिधिहरूलाई आवश्यक क्षमता अभिवृद्धि तालिमको व्यवस्था भएको पाइयो ।
- सबै वडाहरूको आफ्नै वडा कार्यालय स्थापना भई आवश्यक सरसामान र कर्मचारी भएपनि हाल केही वडामा जेन्जि आन्दोलनले क्षेति पुर्याए पनि पालिका बासिको सेवालाई ध्यानमा राखी तत्कालै सेवा प्रवाह सुचारू गरिएको पाईयो ।
- सुशासनको पूर्ण रूपमा पालना गर्न गाउँपालिका प्रयासरत रहेको पाइयो ।
- समग्र अध्ययनमा गाउँपालिका र वडाहरूले प्रदान गर्ने सेवाप्रति नागरिकको सकारात्मक धारणा रहेको पाइयो ।

- हरेक वडामा मेलमिलाप कर्ताको गठन भएको पाइयो।
- हरेक वडामा उपभोक्ता समितिको गठन भइरहेको पाइयो।
- बालविकास केन्द्रमा विद्यार्थीको उपस्थिति कम देखिएपनि पहिलेको तुलनामा बढी रहेको पाइयो।

## ४.११ सामजिक परीक्षणबाट देखिएका चुनौती तथा कमिकमजोरीहरू

- परिषदबाट पारित भएका केही नीति तथा कार्यक्रमहरू कार्यान्वयनमा नआएको अर्थात पारित नीति र कार्यक्रम कार्यान्वयन गर्नेबीच समन्वयको कमी रहेको।
- वडा स्तरवाट योजना छनौट गर्ने प्रक्रियामा लक्षित समूहको न्यून सहभागिता रहेको र सहभागिता पनि अपेक्षित रूपमा प्रभावकारी हुन नसकेको।
- गाउँपालिकाको समग्र योजना तर्जुमा, प्रकृया र कार्यविधिमा व्यवस्था भएअनुसार सबै लक्षित समूहलाई सहभागिता गराउन नसकिएको जस्तै बालबालिकाहरू,अपाङ्गता भएका व्यक्तिहरू समावेश हुन नसकेको।
- जहदा गाऊँपालिकाको प्रोफाईल पुरानो भएकोले आवश्यक डेटा लिन समस्या रहेको।
- ठुला योजनाहरू क्रमागत योजनाअन्तर्गत निर्माण गर्दा योजनाको दायाँ बायाँ बसोवास गर्ने परिवारका मानिसहरूलाई धुलो, धुवाँ र अन्य कारणले समस्या हुने गरेको।
- केही स्थानमा स्थलगत अवलोकन गर्दा मुख्य बाटाहरूमा चौपाया बाँध्ने, ठेसर लगाउने तथा धान परालसमेत राखेर बाटो आवागमनमा अवरोध गरेको।
- पालिकाका सबै संरचनाहरू अपाङ्ग मैत्री तथा बालमैत्री नभएको।
- सबै वडाहरूमा पहिले भन्दा इन्टरनेटको सुधार भएपनि अझै राम्रोसँग सुधार हुन नसकेको तथा समय समयमा समस्या दिइराख्ने देखिएकोले तत्काल सुधारको आवश्यकता देखियो।
- बिधुत तथा इन्टरनेटको खराबिले सेवाग्राहिको काम रोकिएमा कर्मचारीले बहाना भनाएको भन्ने र सेवाग्राही रिसाउने, झर्कने गर्दा सेवा प्रवाहमा समस्या हुने गरेको तथा इन्टरनेटको दिगो समाधान नभएको।
- पुराना उपभोक्ता समितिलाई हेर्दा उपभोक्ता समितिको अध्यक्षमा महिलाको उपस्थिति न्यून हुने गरेको।
- सामूदायिक पुस्तकालयको निर्माण नभएको तथा केहि विद्यालयमा छात्र छात्राहरूको लागि छुट्टै शौचालयको निर्माण नभएको।

- गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका मुद्दाहरू समयमै मेलमिलाप तथा फर्छयौट नभएको गुनासो रहेको ।
- केही वडा कार्यालयहरूमा उपयुक्त पार्किङ्ग सेवा, खानेपानी, शौचालय तथा सेवाग्राहीका लागि प्रतिक्षालयको अभाव रहेको ।
- योजनाको शार्वजनिक परिक्षण गर्दा योजनागत रूपमा कार्यविधिले तोकेको विधि र प्रक्रिया अपनाई गर्नु पर्नेमा त्यसो नगरिएको ।

## ४.१२ भावी कार्यक्रम सञ्चालनका लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरू

- महिला, बालबालिका तथा अन्य लक्षित वर्गको मुद्धाका बारेमा सबै पक्षहरूको सरोकार हुन जरूरी रहेको ।
- महिला तथा बालबालिका  तथा सामाजिक शाखाबाट सञ्चालित कार्यक्रमहरू महिला लक्षितभन्दा पनि सबैको लागि हो भन्ने सामूहिक भावना बढाउने कार्यक्रमहरू तर्जुमा गर्नु आवश्यक रहेको ।
- सरोकारवाला संस्थाहरूबीच अझ बढी समन्वयको जरूरी रहेको ।
- महिला हिंसा न्यूनीकरण गर्न सामूहिक प्रयास रहेको ।
- सिप विकास तालिम सञ्चालन गर्दा व्यवसायिक सिप विकास तालिम सञ्चालन कार्यविधि तयार पारेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- बाल विबाह, बहु बिबाह, अनमेल बिवाह, दाईजो प्रथाका लागि समाजमा अझैबढी सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

## ४.१३  लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धमा

- लक्षित समूहको लागि नीति तथा कार्यक्रमहरू तय गर्दा StrategicNeeds भन्दा Practical Needs मा केन्द्रित गर्ने अर्थात उनीहरूको दीर्घकालीन सामाजिक हैसियत बढाउने, समाजमा नेतृत्व विकास गर्नेतर्फ भन्दा स-साना आय आर्जनका कार्यक्रम ,तालिम,तथा पूर्वाधार निर्माणमा मात्र सीमित गरिएको।
- लक्षित समूहका कार्यक्रमहरू परम्परागत तथा एउटै प्रकारका रहेका र ती कार्यक्रम प्रत्येक वर्ष दोहरिने गरेको ।
- लक्षित समूहका लागि सञ्चालित कार्यक्रमहरू के कति उपलव्धिमूलक  र प्रभावकारी भए भन्ने बारे लेखाजोखा नभएको ।

- वडा कार्यालयबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा वडामा दक्ष जनशक्ति नहुँदा पालिकाको समन्वयविना कति कार्यक्रमहरू कमसल हुने गरेको ।
- लक्षित समूहलाई सामान्य र स्वाभाभिक रूपमा फाईदा हुने कार्यक्रमहरूलाई लक्षित समूहको कार्यक्रम अन्तर्गत राखी सोहीअनुसार लक्षित समूहको वजेटलाई विनियोजन गर्ने नगरिएको ।

### ४.१४ सेवा प्रवाह , कार्यसम्पादन र सुशासन सम्बन्धमा

- गाउँपालिकाबाट दिइने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्ने वार्षिक नीतिमा उल्लेख गरेर कार्य गर्न ठोस पहल नगरिएको ।
- गाउँपालिकाबाट दिईने सेवाहरू परम्परागत शैली र प्रविधिमा आधारित रहेको र जनअपेक्षाअनुसार नयाँ नयाँ प्रविधितर्फ उन्मुख भएको देखिदैन जस्तै e-governance, online service etc.
- समयको माग र आवश्यकताअनुसार कर्मचारीहरूको क्षमता विकासका क्षेत्रहरू पहिचान हुन नसकेको।
- गाउँपालिकावाट सेवा प्रवाह गर्दा समयको माग र जनअपेक्षाअनुसार सेवाग्राही मैत्री बनाउन नसकिएको अर्थात त्यसतर्फ जनगुनासो बढिरहेको ।
- गाउँपालिकाको सङ्गठन स्वरूप तथा जनशक्ती व्यवस्थापन समयअनुसार परिमार्जन तथा अद्यावधिक गरी कार्यान्वयन गरेपनि त्यसको सकारात्मकता महसुस हुन नसकिरहेको ।
- वडा कार्यालयहरू गाउँपालिकामा निर्भर रहेको र कार्यालय सञ्चालनको लागि वडामा पर्याप्त बजेट नहुँदा जनअपेक्षाअनुसार सेवा प्रवाहमा कठिनाइ भएको ।
- विषयगत कार्यालय र गाउँपालिकाबीच वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा समन्वय भए पनि कति कार्यक्रममा प्रभावकारी कार्यान्वयन नरहेको ।
- गाउँपालिकाको हालको कार्यकक्षको संरचना सेवाग्राहीमैत्री र सहज रहेकोले त्ययसलाई व्यवस्तथित गरी कार्य सञ्चालन गर्न पालिकालाई अवसर र चुनौति दुबै रहेको ।

### ४.१५ सामाजिक जिम्मेवारी पूरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरू वा सुझावहरू

#### ४.१५.१ नीति ,योजना तथा कार्यक्रम तर्जुमा र कार्यन्वयन सम्वन्धमा

- नगर परिषदवाट पारित भएका नीति तथा प्राथमिकताहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने।
- आवधिक योजना र मध्यकालिन खर्च सम्रचनालाई मूल आधार मानी गाउँपालिकाको वार्षिक नीति तथा योजना तयार गर्नुपर्ने।
- योजना तर्जुमा बस्तीटोल स्तरबाट योजना छनोट/को भूमिका बढाउनु पर्ने र वडास्तरबाट माग भई आएका योजनाहरूको छनौट तथा प्राथमिकरण गर्दा पारदर्शी एवं वैज्ञानिक प्रक्रिया अपनाउनु पर्ने र परिषदबाट वार्षिक योजना पारित गर्दा वडास्तरबाट माग भई आएका योजनाहरूलाई बढी भन्दा बढी प्राथमिकता दिनु पर्ने। ( योजना निर्माणका चरणहरूः वित्तिय हस्तान्तरणको खाका र मार्गदर्शन प्राप्ति ,श्रोत अनुमान र कुल बजेट सीमा निर्धारण , वडास्तरिय ,टोल स्तरबाट योजना छनोट/बस्तीयोजना प्राथमिकता निर्धारणसभाबाट ,कार्यपालिकाबाट स्वीकृती ,एकिकृत बजेट तथा कार्यक्रम तर्जुमा , (स्वीकृति
- गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रकृयामा बालबालिकाहरूलाई पनि समावेश गर्नुपर्ने।
- योजना कार्यान्वयनको गुणस्तर सुनिश्चत गर्न प्रभावकारी अनुगमन प्रणाली तयार गर्नुपर्ने।
- पचास लाख रूपैयाभन्दा बढी लागतका सवै आयोजनाहरू परिषदद्वारा स्वीकृत गर्नु पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र स्वीकृत गर्ने व्यवस्था मिलाउनुपर्ने।
- योजनाको दिगोपनका लागि मर्मत सम्भार कोष खडा गरी आवश्यक रकम सङ्कलन गर्दै जानुपर्ने।
- गाउँपालिकाको वार्षिक योजनाहरूको समयमा सम्पन्न गरी जाँचपास तथा फरफारक गर्ने कार्यलाई कडाइका साथ लागु गर्नुपर्ने।
- योजनाहरूको कार्यविधिले तोके बमोजिमको विधि र प्रक्रिया अपनाइ प्रत्येक योजनाको अलग अलग सार्वजनिक परिक्षण गर्नुपर्ने।

#### ४.१५.२ लक्षित समूह कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्वन्धमा

- लक्षित समूह कार्यक्रम छनौट गर्दा आय आर्जन, गरीवी निवारण तथा चेतनाको स्तर अभिवृद्धि गर्न प्रत्यक्ष सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने र दीर्घकालीन योजनाका लागि Practical Needs भन्दा Strategic Needs मा केन्द्रित गर्नुपर्ने जस्तै लक्षित वर्गको सामाजिक हैसियतमा परिवर्तन ल्याउने,उनीहरूको नेतृत्व विकास हुने कार्यक्रमहरूमा जोड दिनु पर्ने।
- सबै जातजाति आर्थिक एवम् सामाजिक रूपमा पिछडिएका वर्ग एवम् क्षेत्र र विपन्न वर्गका बालबालिकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि कार्यविधिले तोकेको प्रतिशतअनुसार बजेट विनियोजन गर्नु पर्ने।

- लक्षित समूहअन्तर्गत सञ्चालित कार्यक्रमहरू के कती उपलब्धिमूलक र प्रभावकारी रहे त्यसको Follow up र लेखाजोखा गर्नुपर्ने।
- पालिकाका लक्षित समूह कार्यक्रमहरू छनौट गर्दा वडा तथा गाउँपालिकाले सहभागिको Needs मा भन्दापनि सिप तालिमहरू Supply Driven मा भएको देखिएकोले आउने दिनमा कार्यक्रम गर्दा सहभागिको Needs मा आधारित भएर तालिम सञ्चालन गर्नुपर्ने।
- लक्षित समूहलाई आय आर्जनका तालिमहरू सँग सँगै बजार प्रवर्धनमा समेत सहयोग पुग्ने कार्यक्रम तय गरी कार्यान्वयन गर्नुपर्ने।

### ४.१५.३ सेवा प्रवाह, कार्यसम्पादन सम्बन्धमा

- गाउँपालिकाकावाट प्रदान गरिने सार्वजनिक सेवाहरूलाई वडाबाट पनि दिन सक्ने गरी वडामा संस्थागत क्षमता विकास गर्नेतर्फ ठोस कार्ययोजना वनाउनुपर्ने।
- सबै कर्मचारीहरूलाई लिखित रूपमा कार्य विवरण उपलब्ध गराइ सो कार्य विवरणमा कर्मचारीको समेत सहमति रहेको सुनिश्चितता गराउनुपर्ने र सोको आधारमा कार्यसम्पादन मापन सूचक बनाइ कर्मचारीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्ने र उत्कृष्ठ कर्मचारीलाई वार्षिक रूपमा पुरस्कृत गर्ने परिपाटीको शुरूवात गर्नुपर्ने।
- नागरिक बडापत्रलाई समय सापेक्ष परिमार्जन गर्दै लैजानुपर्ने।
- गाउँपालिकाकाबाट दिइने सेवाहरूलाई जनअपेक्षाअनुसार नयाँ-नयाँ प्रविधिमार्फत प्रदान गर्नका लागि आवश्यक पर्ने संस्थागत क्षमताको विकास गर्नुपर्ने जस्तै (Online Services, e-Governance आदि)
- वडा कार्यालयहरूमा चुस्त दुरूस्त कम्प्युटराइज प्रविधिबाट छिटो छरितो सेवा प्रदान गर्न समय-समयमा कर्मचारिलाई आवश्यक तालिम प्रदान गर्नुपर्ने।
- गाउँपालिकाको योजना कार्यक्रम तय गर्दा र कार्यान्वयन गर्दा गाउँपालिकाको शाखा, उपशाखाबिच समन्वय बढाउनुपर्ने।
- गाउँपालिकाको सेवा प्रवाहलाई सेवाग्राही मैत्री र सहज बनाउन हालको मौजुदा कार्यकक्षको संरचनालाई व्यवस्थित र सुधार गर्नुपर्ने।

### ४.१५.४ अन्य विविध सम्बन्धमा

- राजस्व सम्भाव्यता अध्ययनका आधारमा राजस्व प्रक्षेपण गर्नुपर्ने र करको दायरामा नआएका कर दाताहरूलाई करको दायरामा ल्याउनुपर्ने ।
- एकीकृत सम्पत्ति कर र प्रभावकारी लेखा प्रणाली लागू गर्नेतर्फ ठोस कदम चाल्नुपर्ने ।
- गत आ.व.हरूमा सामाजिक परीक्षणले दिएका सुझावहरूलाई कार्यान्वयनमा ल्याउनुपर्ने ।
- व्यक्तिगत घटना दर्ता सप्ताहा प्रभावकारी सञ्चालन गर्नुपर्ने तथा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिको विवरण समय-समयामा अध्यावदिक गरी शार्वजनिक गर्नुपर्ने ।
- फोहरलाई जैविक र अजैविक रूपमा स्रोतमै वर्गीकरण र सङ्कलन गर्ने कार्यक्रमलाई विस्तार गर्नुपर्ने।
- स्वास्थ्यसेवा र शिक्षाको सेवाको बजेट वृद्धि गरी आधारभूत स्वास्थ्य सेवा र गुणस्तरिय शिक्षालाई अझ प्रभावकारी बनाउनुपर्ने ।
- प्लास्टिकजन्य फोहोरमैला उत्पादनलाई न्यूनीकरण गर्ने तथा निरूत्साहित गर्दै लैजानुपर्ने ।
- पर्यटन प्रवर्धनको लागि स्थानीय महिला समूहलाई टुरिष्ट गाइड, पर्यटक व्यवस्थापन, विभिन्न भाषा, होमस्टे, अतिथि सत्कार आदि विषयमा तालिम उपलब्ध गराउनुपर्ने ।
- पालिकास्तरीय स्वास्थ्य केन्द्रका प्राविधिक कर्मचारीहरूलाई पनि गाउँपालिकाको वार्षिक योजना तर्जुमा प्रक्रियामा सहभागी गराउनुपर्ने ।
- पालिकास्तरीय स्वास्थ्य सेवा केन्द्र र गाउँपालिकाबीच अझ समन्वय बढाउँदै लैजानुपर्ने ।
- गाउँपालिकास्तरीय स्वास्थ्य सेवा क्लिनिकहरूलाई अझ व्यवस्थित र विस्तार गर्दै लैजाउनुपर्ने ।
- विषयगत कार्यालय र गाउँपालिकाबीच वाषिक कार्यक्रम तर्जुमा गर्दा तथा कार्यान्वयन प्रक्रियामा विशेष ध्यान दिर्नुपर्ने ।

### ४.१६ गाउँपालिकाले आगामी वर्षहरूमा लिनुपर्ने रणनीतिहरू

मोरङ् जिल्लाको अति महत्वपूर्ण ठाऊँमा अवस्थित जहदा  गाउँपालिकाको आफ्नै मौलिक र सामाजिक महत्व रहेको छ । बहु जाति, बहु भाषा र बहु सस्कृति रहेको यो गाउँपालिका कृषि जमीनहरूको लागि अब्बल रहेको कृषि रणनीति योजना बनाएर अगाडि बढे पालिकाको उन्नतिमा खासै समय लाग्ने देखिदैन । पालिकाले आफ्नो नीति तथा कार्यक्रमलाई प्रभावकारी ढङ्गले लागू गर्न त्यसको रणनीति बनाएर अगाडि बडनु पर्ने देखिन्छ ।

१) गाउँपालिकावासिलाई नि:शूल्क शिक्षा र स्वास्थ्य सेवा प्रदान गर्ने त्यसको वैज्ञानिक विश्लेषण गरी सोहीअनुसारको स्वास्थ्य तथा शैक्षिक पूर्वाधार खडा गर्ने रणनीति बनाउने ।

२) यस क्षेत्रलाई खेलकुदमा अगाडि बढाउन पालिकाभित्र रहेका विद्यालयलाई समेटी हरेक वर्ष विभिन्न प्रकारका खेल प्रतियोगिता गराई त्यसवाट प्रथम, दोस्रो र तेस्रो हुनेहरूलाई माथिल्लो स्तरमा सिफारिस गरी खेलाडी उत्पादन गर्ने र व्यवस्थापन गर्ने रणनीति बनाउने।

३) दलित तथा पिछडिएको वर्गलाई सधै राहत वितरण गर्नुभन्दा उनीहरूलाई सुरूवात पूँजीमा चौपायाहरू प्रदान गरी श्रममुखी बनाउन र काम गरेर खानुपर्दछ भन्ने ज्ञान दिलाउन त्यस सम्बन्धमा रणनीति बनाउने।

४) दिगो विकासको लक्ष्य हासिल गर्न गाउँपालिकाले सामाजिक महत्वका सडकहरूमा दीर्घकालीन रूपमा प्रयोग गर्ने सडकहरू र कृषि कार्य गर्न सहज हुने कृषि सडक खोल्न विशेष रणनीतिहरू बनाउने।

५) समग्र कृषि, तथा पशुपालनको उत्थान गर्न कृषि तथा पशुपालनको उत्पादनको खरीद बिक्री सहज गर्न व्यवस्थित कृषि तथा पशुपंक्षी हाटबाजार लगाउन मिल्ने रणनीति र व्यापारिक स्थानको छनोट गर्ने नीति बनाउने।

६) साना साना मठ मन्दिर, मस्जिद, र अन्य धार्मिक स्थल, धार्मिक आश्था राख्ने समुदायले निर्माण गर्ने मठ मन्दिर, र मस्जिद बनाउन तथा वजेट आयआर्जनमुखी क्रियाकलापमा लगाउन नीति बनाउने।

७) सार्वजनिक जग्गाहरूमा ठूला पोखरीहरू निर्माण गरी त्यस्तो स्थानमा व्यवसायिक हाँस, माछा तथा अन्य जलचर पाल्न ठेक्काद्वारा दिने नीति बनाउने।

८) वार्षिक बजेट, योजना, सम्झौता र खर्च विवरण पालिकाको वेबसाइट, सूचना पाटी र सामाजिक सञ्जालमार्फत समयमानै सार्वजनिक गर्ने।

९) सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षण नियमित तालिकासहित सञ्चालन गर्ने तथा सामाजिक परीक्षणका निष्कर्षमा आधारित नागरिक–मैत्री सुधार कार्ययोजना बनाउने।

१०) उजुरी तथा गुनासो व्यवस्थापन प्रणाली लाई प्रभावकारी बनाउने (अनलाइन/उजुरी बक्स/हेल्पडेस्क)।

११) योजना छनोटदेखि अनुगमनसम्म महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति र युवाको सक्रिय सहभागिता सुनिश्चित गर्ने नीति अवनम्बन गर्ने।

१२) योजना छनोटमा प्राथमिकता मापदण्ड (आवश्यकता, प्रभाव, लागत–लाभस्पष्ट गर (्ने तथा समयमै योजना सम्पन्न गर्न वार्षिक कार्यतालिका र जिम्मेवारी स्पष्ट गर्ने।

१३) हरेक योजना तथा कार्यक्रममा गुणस्तर नियन्त्रणका लागि तेस्रो पक्षबढाउने प्राविधिक अनुगमन/।

१४) नागरिक वडापत्र समय-समयमा अद्यावधिक गरी सेवा समय, शुल्क र जिम्मेवार व्यक्ति स्पष्ट तोक्ने।

१५) नागारिक सन्तुष्टि सर्वेक्षण नियमित गर्ने तथा डिजिटल सेवा अनलाइन दर्ता), सिफारिस ट्र्याकिङविस्तार ( गर्ने।

१६) आन्तरिक लेखापरीक्षण समयमै सम्पन्न गर्ने, सुझाव कार्यान्वयन गर्ने तथा खरिद प्रक्रियामा प्रतिस्पर्धा सुनिश्चित गर्ने।

१७) राजस्व संकलन प्रणाली सुधार करदाता शिक्षा तथा डिजिटल भुक्तानीलाई सहज र पहुँचयोग्य बनाउँदै लैजाने।

१८) जनप्रतिनिधि र कर्मचारीका लागि सुशासन, सामाजिक परीक्षण, वित्तीय अनुशासनसम्बन्धी तालिम सञ्चालन गर्ने।

१९) कार्यसम्पादन मूल्याङ्कन लागू गर्ने तथा स्पष्ट कार्यविवरण र आचारसंहिता पालना गर्ने गराउने।

२०) सामाजिक परीक्षणका सूझाव, सिफारिसलाई समयसीमा सहित कार्यान्वयन गर्ने गराउने तथा परिणाम सूचक तय गरी प्रगति सार्वजनिक गर्ने।

२१) जोखिम समूह लक्षित कार्यक्रम जीविकोपार्जन), शिक्षा, स्वास्थ्य, पोषण कार्यक्रमसुदृढ गर्ने (, गराउने।

२२) योजना कार्यान्वयनमा पर्यावरणीय प्रभाव मूल्याङ्कन गर्ने, फोहोर व्यवस्थापन, स्वच्छ ऊर्जा, जलस्रोत संरक्षणमा लगानी तथा विपद् जोखिम न्यूनीकरण योजना समय-समयमा अद्यावधिक गर्दै लैजाने।

# परिच्छेद - पाँच

# निष्कर्ष तथा सुझाव

## ५. कार्यक्रमको निष्कर्ष तथा सुझाव

### ५.१ प्राप्त कार्यक्रमको निष्कर्ष

मोरङ् जिल्ला स्थित जहदा गाउँपालिकाको नेतृत्वमा गत आ.व. २०८१/८२ मा सामाजिक विकासको क्षेत्रमा केही उपलब्धि भएको पाईयो । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरूलाई आम नागरिकहरूको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि बढाउन सफल भएको पाइन्छ । स्थानीय विकासमा जहदा गाउँपालिकाले उल्लेखनीय कार्यहरू गर्दै आएको देखियो । सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रक्रियाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई नगर परिषदबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाइएको देखियो । त्यस्ता कार्यक्रमहरू नियमसङ्गत ढङ्गमा योजना निर्माण गरी योजनाअनुरूप नै सञ्चालन गरिएको देखिन्छ । जहदा गाउँपालिकाको नेतृत्वमा गाउँपालिकामा विकासको क्षेत्रमा काम गर्ने विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरूले गर्ने कामहरूलाई एकत्रित गर्ने गरेका कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरूको वीचमा समन्वय भई दोहोरोपनलाई न्यूनीकरण गर्न सहयोग मिलेको देखिन्छ । गाउँपालिका र विषयगत कार्यालयका साथै अन्य विकासको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूले आम नागरिकहरूको संलग्नताबाट मात्र दीगो विकास सम्भव छ भन्ने बोधका साथ अगाडी वढेको कारण धेरै योजनाहरू (साना-साना) उपभोक्ता समितिहरूमार्फत सञ्चालन भएको पाइयो । यसले आम नागरिकहरूमा विकास र यसका संरचनाहरूको अपनत्व स्वीकार गर्ने वातावरण तयार भएको छ । नागरिकहरूलाई सेवा र सुविधा प्रदान गर्न सरकारले स्वास्थ्य, शिक्षा, कृषि, पशुपालन जस्ता सामाजिक विकासका संरचनाहरू बस्ती बस्तीमा पुर्याएको र स्थानीय तह तथा आम नागरिकहरूले त्यसलाई संरक्षण र प्रर्वद्धन गर्ने गरेको कुरा आफैमा प्रशंसनीय देखिएको छ । सामाजिक परिचालनको माध्यमवाट आम नागरिकहरूमा आफ्नो हक, अधिकार र कर्तव्य प्रति चनाखो बन्दै गएको र प्राप्त सेवा र सुविधा लिने प्रक्रियामा चेतना बढेको कारण सेवा लिनेहरूको सङ्ख्या वढेको पाइएको छ । आम नागरिकहरू खास गरी महिला, बालवालिका, दलित, जनजाति, आदिले कृषि, पशु, खानेपानी, सिँचाइ, वनसमूह आदि सवैको संलग्नतामा गठन भएका समुहहरू, सचेतना केन्द्रहरूमा आफ्नो उपस्थितिलाई स्थापित गर्न थालेको अनुभूति भएकोले आगामी दिनहरूमा आवश्यकतामा आधारमा विकास योजनाहरू सञ्चालन हुने कुरामा विश्वस्त हुने आधारहरू देखिन्छन् । यस पालिकामा खास गरी पहिलेको तुलनामा शिक्षा, स्वास्थ्य र सरसफाईको क्षेत्रमा केही प्रगति भएको र त्यसको माध्यमवाट रोजगारी सृजना गर्न, प्रर्वद्धन गर्न र विस्तार गर्न सहजीकरण गर्ने काम हरसम्भव

प्रयत्न भएको देखिन्छ । नागरिकहरू हाल आएर कृषि, पशुपालन, साना व्यवसाय सञ्चालन गरी स्वरोजगार बनेका छन भने कतिपयले अरूहरूलाई पनि रोजगारी प्रदान गरेका छन् । पूर्वाधार विकास र सामाजिक विकासलाई समन्वयात्मक ढङ्गले अगाडि बढाएकै कारण रोजगारीको साथमा स्थानीयहरूको आम्दानीको स्रोत पनि बढेको छ । जहदा  गाउँपालिकाले आर्थिक वर्ष २०८१/८२ मा अवलम्बन गरेका रणनीतिहरू र कार्यक्रम अन्तर्गत पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, संस्थागत श्रोत र क्षमता विकासलाई प्राथमिकतामा राखेको देखिन्छ । गाउँपालिकाको कामकारवाहीमा अनिवार्य कम्प्युटरको प्रयोग गराई विद्युतीय सुशासन प्रवर्धनमा जोड दिएको छ । पालिकालाई बालमैत्री घोषणा गर्न बालश्रम उन्मूलन तथा बालमैत्रीका लागि संरक्षण र विकासमा सघाउ पुर्याउने कार्यक्रमहरूलाई उच्च प्राथमिकता दिँदै जानुका साथै गाउँपालिका बालमैत्री घोषणाको सुरूवाति चरणमा रहेको देखियो । पर्यटन प्रवर्धन योजनाले अख्तियार गरेको कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न ग्रामीण पर्यटन प्रवर्धनमा सघाउ पुग्ने कार्यक्रमलाई उच्च प्राथमिकताका साथ छनोट गरी अघि बढाएको छ ।  जहदा  गाउँपालिकाले आ.व. २०८१/८२ का कार्यक्रम सञ्चालनका क्रममा विभिन्न प्रकारका चुनौतिहरूलाई सामना गर्नुपरेको देखिन्छ । केन्द्र र प्रदेशबाट समयमा बजेट निकाशा नहुने, योजनाअनुसारका कार्यक्रमहरूको बजेट नआउने, तोकिएको बजेट योजना सञ्चालन हुने बेलामा घटाई दिने तथा गाउँपालिकाका स्थानीय आयश्रोतलाई व्यवस्थित गर्न कानूनी अड्चन रहनु, कार्यक्रमहरूका टुक्रे बजेट रहनु र राजनैतिक अस्थिरताका कारण समयमा योजना निर्माण तथा कार्यान्वयनमा समस्या सिर्जना हुनुका साथै  राजनैतिक हस्तक्षेप, अस्थिर राजनैतिक अवस्था आदि चुनौति रहेको देखिन्छ । यति हुँदाहुँदै पनि जहदा  गाउँपालिकाले गत आर्थिक वर्षमा सञ्चालन गरेका कार्यक्रमहरू निकै प्रभावकारी रहेका पाइएका छन् । तिनीहरूले गरिवी निवारणमा विशेष सहयोग पुर्याएका छनभने टोल टोलबाट आएका योजनालाई यसले आफ्ना योजनाका रूपमा समावेश गरी कार्यक्रम सञ्चालन गर्ने गरेको देखियो । यि र यस्ता कार्यको आधारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रकासन गरेको ०८०/०८१ को स्थानीय तह संस्थागत क्षमता मूल्यांङ्कन LISA मा यो गाउँपालिका मोरङ् जिल्लामा कमजोर गाउँपालिकाकै रूपमा रहेको छ । यस पटक यो पालिकाले १०० मा ६१.०० अंक प्राप्त गरेको देखिन्छ ।  यस अध्ययन कार्यबाट गाउँपालिकाले आफ्नो पालिकाको विकासका लागि अझै धेरै महत्वपूर्ण कार्यहरू गर्नुपर्ने देखिन्छ । गाउँपालिकाको कार्यक्रमहरूवाट गाउँपालिकाका प्रशसकिय प्रवन्ध, सङ्गठन तथा प्रशससन, वार्षिक बजेट तथा योजना तर्जुमा व्यवस्थापन, सेवा प्रवाह, भौतिक पूर्वाधार तथा सामाजिक सामाजेशिकरणमा सन्तोषजनक देखिएपनि वातावरण संरक्षण तथा व्यवस्थापन र सहकार्य र समन्वयमा पालिका अत्यन्त कमजोर रहेको देखिन्छ । यि कार्यहरूको सुधार गरेर जाने हो भने जहदा गाउँपालिका आपने दिनमा मोरङ् जिल्लाकै उत्कृष्ट पालिका बन्न सक्ने तथ्याङ्कले देखाएको छ ।

**अन्तमा:** सामाजिक परीक्षणबाट प्राप्त नागरिकको आवाज र तथ्यलाई केन्द्रमा राखी जहदा गाउँपालिकाले पारदर्शिता, सहभागिता, गुणस्तरीय सेवा प्रवाह, शुशासन र वित्तीय अनुशासनलाई प्राथमिकता दिएमा आगामी आर्थिक वर्षमा विश्वास र प्रभावकारिता उल्लेखनीय रूपमा बढ्नेछ।

## ५.२ प्राप्त कार्यक्रमबाट दिएका सुझावहरू

सामाजिक परीक्षकको तर्फबाट सुझाव तथा प्रतिवदेन

- कर्मचारी, जनप्रतिनिधि र नागरिक अझ बढी त्रिपक्षीय समझदारी कायम गरी कार्य गर्दा उपलब्धिमूलक हुने।
- गाउँपालिका भित्रका सबै नागरिकले पालिकाको कामकारवाहीप्रति सकारात्मक सोच राख्ने कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालनमा ल्याउनुपर्ने।
- गाउँपालिकालाई आर्थिक रूपमा आत्म निर्भर राख्न नगरबासीलाई आयआर्जन हुने क्रियाकलापबाट उनीहरूको आयआर्जन र गाउँपालिकाका लागि कर सङ्कलन गर्ने वातावरण सृजना गर्नुपर्ने। जसका लागि कृषिबजार, पशुहाट सञ्चालित व्यवसायलाई प्राथमिकतामा राख्ने।
- गाउँ कार्यपालिकासँग सम्बन्धित सबै कार्यालय र सरोकार राख्ने स्थानहरू अपाङ्ग, बालमैत्री र प्रविधिमैत्री बनाउँदै लैजानुपर्ने।
- करदातामैत्री राजश्वशाखाको स्थापना गरी समय-समयमा करदातालाई तालिम सञ्चालन गरी राजश्व सङ्कलनमा सुधार ल्याउनुपर्ने।
- कर्मचारीहरूको वृत्ति विकास र क्षमता विकासको लागि विभिन्न किसिमका सैद्धान्तिक र प्राविधिक तालिमहरू सञ्चालन गर्नुपर्ने।
- पालिका भित्र रहेका पर्यटकीय स्थलहहरूमा आन्तरिक तथा बाह्य पर्यटनको लागि प्रचार प्रसार र पूर्वाधार तयार गर्नुपर्ने। जसका लागि मनोरञ्जन स्थल, झोलुङ्गे पुल र धार्मिक स्थलको पूर्वाधार निर्माण गर्नुपर्ने
- जेष्ठ नागरिकहरूलाई बिना झन्झट तथा घरपायक स्थानमा नै सामाजिक सुरक्षा भत्ता वितरण गरिनुपर्ने।
- जनप्रतिनिधिहरूले समयसापेक्ष आफूहरूलाई परिवर्तित गरी आफ्नो काम, कर्तव्य र अधिकार बुझी कार्य गर्नुपर्ने।
- गाउँपालिकाबासीहरूका लागि अन्य विकासको जगेर्ना गर्न सामाजिक विकासको कार्यक्रम गर्नुपर्ने। किनकि धैरै वडाहरूमा निर्माण भएका बाटाहरूमा नाला नभएको र फोहोर देखिएको छ।
- कृषकहरूले उत्पादन गरेको कृषि वस्तुको लागि व्यवस्थित र आधुनिक कृषि तथा पशुपंक्षी बजारको स्थापना गर्नुपर्ने।

- स्वास्थ्य सुधार कार्यक्रम राखी आफ्नो मातहतका स्वास्थ्य चौकीहरूको स्तरोन्नति गर्नुपर्ने साथै आवश्यकताअनुसार बर्थिङ सेन्टर, स्थापना गर्नुपर्ने।
- गाउँपालिकालाई सामाजिक विकासमा अब्बल देखाउनका लागि आवश्यक सुचकाँङकहरूको व्यवस्थित तरिकाले प्रयोग गर्नुपर्ने।
- शान्ति सुरक्षा, गाउँपालिकाका वडाहरूमा छाडा चौपाया नियन्त्रण र अव्यवस्थित हाट बजार नियन्त्रण गर्न गाउँ प्रहरी परिचालन तथा नागारिकमा सचेतना कार्यक्रम बढाउँदै लैजानुपर्ने।
- गाउँपालिकाका  कर्मचारी जनशक्तिको यथोचित प्रयोग गरी पालिकाको सेवा प्रवाहलाई अझ सरल, छिटो, छरितो र सहज बनाउनुपर्ने।
- पालिका क्षेत्र भित्रका मठ, मन्दिर, धर्मशाला वनजङ्गल आदिको समुचित विकासका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने।
- पालिकाभित्र भएका प्राचीन कला, संस्कृति झल्कने जातजातिहरूको पुरानो बस्तीको संरक्षण गरी त्यसमा (होमस्टे) घरवास कार्यक्रमको व्यवस्थापन गरी आन्तरिक पर्यटन र बाह्य पर्यटनको लागि तालिम प्राप्त मानव संशाधनको तयारी गर्नुपर्ने।
- भौतिक निर्माणको कार्यहरू गर्दा आवश्यकताअनुसार प्रारम्भिक वातावरणीय परीक्षण गर्ने नियम बसाउनुपर्ने।
- गाउँपालिकाबासीलाई सूचनाको हकको प्रत्याभूती गराउनुपर्ने।
- निर्यातमूखी कृषि कार्यालयहरू निर्माण गरी कृषि उत्पादन बढाइ कृषकहरूको आयआर्जन बढाउने कार्यक्रम गर्नुपर्ने।
- पालिकाको योजना निर्माण गर्दा पालिकाका बुद्धिजिवी, व्यापारी, शिक्षक, लगायत अगुवा व्यक्तिहरूको सहभागी गराउनुपर्ने।
- निजी वन लगाउन प्रोत्साहन गर्ने नीति अख्तियार गर्नुपर्ने र स्थापना भएका निजी तथा सामुदायिक वनलाई संरक्षण र प्रवर्धन गर्ने नीति निर्माण गर्नुपर्ने।
- पालिकामा कम्तिमा एउटा व्यवस्थित खेल मैदान, हरेक वडामा खुल्ला स्थान (पार्क) बनाउने नीति अवलम्वन गर्नुपर्ने।
- गाउँपालिकाका हरेक वडामा कम्तीमा एउटा व्यवस्थित सार्वजनिक शौचालय (अपाङ्ग मैत्री र प्रविधिमैत्री) निर्माण गर्नुपर्ने।
- शौचालय नभएका घर परिवारमा तत्काल शौचालय निर्माण गर्न गाउँपालिकाले आवश्यक कार्य गर्नुपर्ने।
- हरेक वडाहरूमा आवश्यकताअनुसार व्यवस्थित शिशु स्याहार केन्द्र निर्माण गर्नुपर्ने।
- गाउँपालिकामा बेवारिसे भएका गाउँबासीहरूको लागि व्यवस्थित आश्रमहरू निर्माण गर्नुपर्ने।

- धुवाँरहित चुलो बाल्नका लागि हरेक टोल वासीहरूमा सचेतना कार्यक्रम चलाउनुपर्ने।
- धनका लागि वन भन्ने कार्यक्रमलाई प्रोत्साहन गर्दै लैजाने।
- विभिन्न प्रकारका मनोरञ्जन दिने कार्यक्रमहरू सञ्चालन गर्न उत्सुक व्यक्ति तथा समूहहरूलाई प्रोत्साहन गरी मनोरञ्जन पार्क, पिकनिक स्पट सञ्चालन गर्न प्रोत्साहन गर्ने।
- गाउँपालिकाभित्रका स्वास्थ्यचौकीहरूमा औषधी अभाव हुन नदिने।
- तराई क्षेत्रमा विशालु सर्पको डसाईबाट वर्षेनी धेरैको ज्यान जाने हुँदा यस पालिकामा कुनै एक स्वास्थ्य युनिटमा सर्पदंशको उपचारका लागि व्यवस्थापन गर्नुपर्ने।
- पिछडा, आदिवासी, दलित, जनजातिलाई प्राविधिक शिक्षा पढ्नका लागि व्यवस्थित रूपमा कोष खडा गरी उनीहरूलाई आर्थिक सहयोग गरी अध्ययन अध्यापनमा सघाउनुपर्ने।
- विद्यालयमा स्थानीय स्तरको पाठ्क्रम अध्ययन अध्यापन गराउन प्रोत्साहन गर्नुपर्ने।
- कार्यालयमा आवश्यक पर्ने सफ्टवेयर खरिद तथा निर्माण गरी कामकाजमा कागजी प्रयोग उन्मूलन गर्दै लैजानुपर्ने।
- निर्माण भएका वा निर्माणाधीन बाटाहरूमा दुबै छेउमा पर्खाल वा नाला निर्माण गर्नुपर्ने।
- अन्य पालिका तथा क्षेत्रबाट बगेर आउने साना तिना खोला नालाबाट हुने क्षतिको न्यूनीकरण गर्न पालिकाले विशेष कदम चाल्नुपर्ने।
- गाउँपालिका भित्र बृक्षारोपण गरी वनजङ्गल बृद्धी गर्नुपर्ने तथा वनजङ्गलबाट उत्पादन हुनसक्ने जडीबुटीहरूको अध्ययन गरी गाउँपालिका बासीहरूलाई समूहगत रूपमा उत्पादन गर्ने जिम्मा दिने नीति अवलम्वन गर्नुपर्ने।
- कानून निर्माण गरी तथा प्रारम्भिक वातावरणीय परीक्षण गरेर मात्र नदी नालाको उत्पादनको रूपमा रहेको ढुङ्गा, गिट्टी, बालुवा झिक्न अनुमति दिने व्यवस्था गर्नुपर्ने।
- पालिका भित्र रहेका पानिका स्रोतहरूको संरक्षण र संवद्धन गर्दै लैजानुपर्ने।
- गाउँपालिकाको आन्तरिक आम्दानी बढाउनको लागि प्राकृतिक स्रोतहरूको समूचित प्रयोग गर्नुपर्ने।
- दलित, पिछडा, अल्पसङ्ख्यक जातजातिको उत्थानका लागि ठोस कदम चाल्नुपर्ने।

## सन्दर्भसामग्रीहरूः

सामाजिक परिक्षण कार्यविधि २०६७ तथा

जहदा गाउँपालिकाको पार्शचित्र (प्रोफाईल) २०७७

जहदा गाउँपालिकाको आवदिक योजना २०८०

जहदा गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम २०८१/०८२ र २०८२/०८३

जहदा गाउँपालिकाको सामाजिक परिक्षण २०८०/०८१

जहदा गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन २०८१/०८२

जहदा गाउँपालिकाको चालु आ.ब. को चौमासिक प्रगति प्रतिवेदन

जहदा गाउँपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) २०८०

स्थानीय तहसम्बन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू

स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य उद्देश्य

सामाजिक उपलब्धि , कार्य सम्पादन परीणाम र प्रभावसम्बन्धी अभिलेख तथा सूचना

गाउँपालिकाको वार्षिक कार्यक्रमहरू तथा नागरिक वडापत्र

सामाजिक परिक्षण कार्यविधि अनुसूची २ र ३ फारम


गत आर्थिक वर्षका शाखागत कार्यक्रम तथा कार्य उपलब्धिहरू

स्थलगत अध्ययन तथा अवलोकन, परामर्श र छलफल

जहदा गाउँपालिका आ.ब. ०८१/०८२ को सामाजिक परिक्षण कार्यक्रममका क्रममा स्थलगत अध्ययन अवलोक गरी गा.पा. का प्रमुख तथा प्रतिनिधिहरू, वडा कार्यालय वडा अध्यक्ष तथा प्रतिनिधि, गत आ.ब. का कार्यक्रम तथा योजनाको स्थलगत अनलोकनका साथै गाउँपालिका भित्रका निर्माणाधिन संरचना, जिर्ण संरचना सूचना पाटीहरूका केही तस्बिरहरू:
जहदा गाउँपालिका वडा नं. १ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा गा.पा. तथा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो।


























जहदा गाउँपालिका वडा नं. २ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा गा.पा. तथा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो ।
















11:3 जहदा गाउँपालिका
२ नं वडा कार्यालय, भाधिगाछ
गर्दछौं।


जहदा गाउँपालिका
२ नं. वडा कार्यालय

जहदा  गाउँपालिका वडा नं. ३ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा गा.पा. तथा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो ।













जहदा  गाउँपालिका वडा नं. ४ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा गा.पा. तथा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो ।














जहदा  गाउँपालिका वडा नं. ५ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, क्षतिग्रस्त योजनाको अवलोकन तथा गत आ.ब. मा गा.पा. तथा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको स्थलगत अवलोकन गरियो ।










जहदा  गाउँपालिका वडा नं. ६ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, क्षतिग्रस्त वडाको अध्ययन अनलोकन तथा गत आ.ब. मा वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो ।





जहदा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मझारे मोरङ कोशी प्रदेश, नेपाल














जहदा  गाउँपालिका वडा नं. ७ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा वडाबाट तथा गा.पा. बाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो। साथै स्थलगत अवलोकनमा देखिएका सूचना पाटीको तस्विरः









जहदा  गाउँपालिका वडा नं. ३ मा वडा अध्यक्षसँग कार्यक्रमबारे छलफल, गत आ.ब. मा गा.पा. तथआ वडाबाट सम्पन्न भएका कामहरूको विवरण लिने तथा योजनाको अवलोकन गरियो। साथै स्थलगत अवलोकनमा देखिएका सूचना पाटी तथा स्वास्थ्य संस्थाहरू रहेको संरचनाका तस्विरहरूः





जहदा गा.पा. को प्रशसकीय भवन, निर्माणाधिन १५ शैयाको अस्पताल, स्वास्थ्य चौकी विद्यालय, गा.पा. मा उत्पादित च्याउखेति पालिकाले सूचना अधिकारी र गुनासओ सुन्ने अधिकारीको स्पष्ट देखने गरी राखिएको सम्पर्क नं. सहितको तस्विर, पालिकामा रहेको जनता मा.वि. को भवन तथा अन्य तस्बिरहरू।

















जहदा गाउँपालिका
मझारे, मोरङ
न्यायिक समिति
न्यायिक समिति समक्ष उजुरी वा निवेदन दर्ता गर्दा खुलाउनु पर्ने विषयहरु
(जहदा गाउँपालिका न्यायिक समिति कार्यविधि सम्बन्धी ऐन २०७५ को परिच्छेद ३ को दफा ८ बमोजिम)

(१) कसै उपर बिवाद दर्ता गर्दा वा उजुरी चलाउँदा प्रचलित कानून बमोजिम हकदैया पुगेको व्यक्तिले समितिको तोकिएको शाखा समक्ष उजुरी दर्ता गर्नसक्नेछ ।
(२) उपदफा (१) बमोजिम उजुरी दिंदा यस ऐन तथा प्रचलित कानून बमोजिम खुलाउनुपर्ने कुरा सबै खुलाई तथा पुर्‍याउनुपर्ने प्रक्रिया सबै पुरागरी अनुसूची १ बमोजिमको ढाँचामा दिनुपर्नेछ ।
(३) उपदफा (२) मा लेखिए देखि बाहेक उजुरीमा देहाय बमोजिमको व्यहोरा समेत खुलाउनुपर्नेछ:
(क) बादीको नाम, थर, वतन र निजको बाबू र आमा, तथा थाहा भएसम्म बाजे र बज्यै को नाम:
(ख) प्रतिबादीको नाम, थर र थाहा भएसम्म निजको बाबु र आमाको नाम, थर र स्थान पत्ता लाग्नेगरी स्पष्ट खुलेको वतन
(ग) गाउँपालिका/नगरपालिकाको नाम सहित समितिको नाम:
(घ) उजुरी गर्नुपरेको व्यहोरा र सम्पूर्ण विवरण
(ङ) गाउँपालिका/नगरपालिकाले तोके अनुसारको दस्तुर बुझाएको रसिद वा निस्सा:
(च) समितिको क्षेत्राधिकार भित्रको उजुरी रहेको व्यहोरा र सम्बन्धित कानून ।
(छ) बादीले दावी गरेको विषय र सोसँग सम्बन्धीत प्रमाणहरू ।
(ज) हदम्याद लाग्ने भएमा हदम्याद रहेको तथा हकदैया पुगेको सम्बन्धी व्यहोरा
(झ) कुनै सम्पत्तिसँग सम्बन्धित विषय भएकोमा सो सम्पत्ति चल भए रहेको स्थान, अवस्था तथा अचल भए चारकिल्ला सहितको सबै विवरण ।
४. प्रचलित कानूनमा कुनै विशेष प्रक्रिया वा ढाँचा वा अन्य केहि उल्लेख भएको रहेछ भने सो सन्दर्भमा आवश्यक विवरण समेत खुलेको हुनुपर्नेछ ।
५. कुनै किसिमको क्षतिपूर्ति भराउनुपर्ने अथवा बण्डा लगाउनुपर्ने अवस्थाको उजुरीको हकमा त्यस्तो क्षतिपूर्ति वा बण्डा वा चलनको लागि सम्बन्धित अचल सम्पत्तिको विवरण खुलेको हुनपर्नेछ ।







